ढोरपाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुर्तिवाङ, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

## २०८३/८४-२०८६/८७

पेश गर्ने संस्था

बारबरा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि

वानेश्वर-१०, काठमाडौं

**<u>बिषय सुची</u>**

**परिच्छेद एकः ........ ८**

**परिचय ........ ८**

१.१ पृष्ठभूमि ........ ८
१.२ उद्देश्य ........ ८

**परिच्छेद दुइ ........ ९**

**विधि प्रकृया ........ ९**

२.१ मध्यमकालिन खर्च संरचना तर्जुमाका विधि प्रकृया ........ ९
*२.१.१ निर्देशक समिति गठन ........ ९*
*२.१.२ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति ........ ९*
*२.१.३. मध्यमकालिन खर्च संरचना सम्बन्धि विषय क्षेत्रगत समिति ........ ९*
*२.१.४. मध्यमकालिन खर्च संरचना सम्वन्धि एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा ........ ९*
*२.१.५. त्रि वर्षिय प्रक्षेपण सहित कुल वजेटको आकार तयारी ........ ९*
*२.१.६ विषयगत समितिमा छलफल ........ ९*
*२.१.७ एकीकृत मस्यौदा तयारी ........ १०*
*२.१.८ अन्तिम प्रतिवेदन पेश ........ १०*

**अध्याय दुई ........ ११**

**दीर्घकालिन सोच, मध्यकालीन लक्ष्य तथा उद्देश्य ........ ११**

२.१ परिचय ........ ११
२.२ प्रमुख समस्या तथा चुनौती ........ ११
*भौगोलिक तथा पूर्वाधारगत समस्या र चुनौतीहरू ........ ११*
*कृषि तथा पशुपालन क्षेत्रका समस्या र चुनौतीहरू ........ ११*
*पर्यटन र यातायात पहुँचका समस्याहरू ........ ११*
*बजेट विनियोजन तथा आर्थिक विकासका समस्याहरू ........ १२*
२.३ प्रमुख सम्भावना तथा अवसर ........ १२
*१. प्रमुख सबल पक्षहरू ........ १२*
*२. प्रमुख सम्भावना तथा अवसरहरू ........ १२*
२.४ नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य ........ १२
*१. दीर्घकालीन सोच ........ १२*
*२. लक्ष्य ........ १२*
*३. उद्देश्यहरू ........ १३*
२.५ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना ........ १३
२.७ मध्यमकालिन वजेट खाका ........ १८
२.८ वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ २०
*२.८.१ दीगो विकास लक्षित कार्यक्रम ........ २०*
२.८.२ लैङ्गिक सांकेतिकरण ........ २२

**२.८.३ जलवायु सांकेतिकरण ........ २२**

**२.१० विषय क्षेत्रगत बाँडफाँट** ........ २४
*चालु—पुँजीगत अनुपात* ........ २५
४.१ कृषि ........ २६
*४.१.१ पृष्ठभूमि* ........ २६
*४.१.२ समस्या तथा चुनौती* ........ २६
*४.१.३ सम्भावना र अवसर* ........ २६
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ........ २७
*उद्देश्यहरू* ........ २७
***४.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*** ........ २७
***४.१.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण*** ........ ३०
**४.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान (रु. हजारमा)** ........ ३१
४.२ सिँचाइ ........ ३२
*४.२.१ पृष्ठभूमि* ........ ३२
*४.२.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ३२
*४.२.३ सम्भावना तथा अवसरहरू* ........ ३२
*४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ३३
***४.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*** ........ ३३
***४.३.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण*** ........ ३४
***४.२.७ बिषयक्षेत्र गत खर्च र स्रोत को त्रि बर्षीय अनुमान*** ........ ३५
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ ३५
*४.३.१ पृष्ठभूमि* ........ ३५
*४.३.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ३५
*४.३.३ सम्भावना तथा अवसरहरू* ........ ३५
*४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ३६
***४.३.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य*** ........ ३६
*४.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण* ........ ३९
*४.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ ४०
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ४०
*४.४.१ पृष्ठभूमि* ........ ४०
*४.४.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ४०
*४.४.३ सम्भावना तथा अवसरहरू* ........ ४१
*४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ४१
**४.४.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ ४२
***४.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*** ........ ४३
***४.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*** ........ ४४
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ४४
*४.५.१ पृष्ठभूमि* ........ ४४
*४.५.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ४४
*४.५.३ सम्भावना तथा अवसरहरू* ........ ४५
*४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ४५
***४.६.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*** ........ ४६

*४.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ४७*
*४.५.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ४८*
***४.६ सहकारी तथा वित्तीय सेवा** ..... ४८*
४.६.५ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण ..... ५०
४.६.६ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ५०
**परिच्छेद ५: ..... ५१**
**सामाजिक क्षेत्र ..... ५१**
५.१ स्वास्थ्य तथा पोषण ..... ५१
*५.१.१ पृष्ठभूमि ..... ५१*
*५.१.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ५१*
*५.१.३ सम्भावना तथा अवसरहरू ..... ५२*
*५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ५२*
***५.१.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य** ..... ५३*
*५.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (स्वास्थ्य तथा पोषण) ..... ५५*
*५.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान (स्वास्थ्य तथा पोषण) ..... ५६*
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन ..... ५७
*५.२.१ पृष्ठभूमि ..... ५७*
*५.२.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ५७*
*५.२.३ सम्भावना तथा अवसरहरू ..... ५८*
*५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ५८*
***५.२.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ..... ५९*
*५.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६१*
*५.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ६२*
५.३ खानेपानी तथा सरसफाइ ..... ६२
*५.३.१ पृष्ठभूमि ..... ६२*
*५.३.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ६३*
*५.३.३ सम्भावना तथा अवसरहरू ..... ६३*
*५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ६४*
***५.३.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ..... ६४*
*५.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६६*
*५.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ६६*
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ..... ६६
*५.४.१ पृष्ठभूमि ..... ६६*
*५.४.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ६७*
*५.४.३ सम्भावना तथा अवसरहरू ..... ६८*
*५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ६८*
***५.४.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ..... ६९*
*५.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६९*
*५.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ७०*
५.५ युवा तथा खेलकुद ..... ७०

*५.५.१ पृष्ठभूमि* ........ ७०
*५.५.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ७१
*५.५.३ सम्भावना तथा अवसरहरू* ........ ७२
*५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ७२
***५.५.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*** ........ ७२
*५.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण* ........ ७४
*५.५.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ ७५

**परिच्छेद ६ :** ........ **७६**

**पूर्वाधार क्षेत्र** ........ **७६**

६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ७६
*६.१.१ पृष्ठभूमि* ........ ७६
*६.१.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ७६
*६.१.३ सम्भावना तथा अवसरहरू* ........ ७७
*६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ७८
***६.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*** ........ ७८
*६.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण* ........ ७९
*६.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ ८०
६.२ सडक पूर्वाधार तथा यातायात ........ ८०
*६.२.१ पृष्ठभूमि* ........ ८०
*६.२.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ८०
*६.२.३ सम्भावना तथा अवसरहरू* ........ ८१
*६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ८१
***६.२.५ नतिजा सूचकतथामध्यमकालीनलक्ष्य*** ........ ८२
*६.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण* ........ ८३
*६.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ ८३
६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ८३
*६.३.१ पृष्ठभूमि* ........ ८३
*६.३.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ८४
*६.३.३ सम्भावना तथा अवसरहरू* ........ ८४
*६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ८५
*६.३.५ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको मध्यमकालीन सूचक* ........ ८५
*६.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा)* ........ ८६
*६.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ ८७
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ८७
*६.४.१ पृष्ठभूमि* ........ ८७
*६.४.२ समस्या, चुनौती तथा जोखिमहरू* ........ ८७
*६.४.३ सम्भावना तथा अवसरहरू* ........ ८८
*६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति* ........ ८८
*६.४.५ सूचना, सञ्चार तथा प्रविधि उपक्षेत्रको मध्यमकालीन खर्च रूपरेखा (MTEF) सूचक तालिका* ........ ८९
***६.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*** ........ ९०

**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन ......... ९१**

७.१ वन तथा जैविक विविधता ......... ९१

*७.१.१ पृष्ठभूमि ......... ९१*

*७.१.२ समस्या तथा चुनौती ......... ९१*

*७.१.३ सम्भावना तथा अवसरहरू ......... ९१*

*७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ......... ९२*

***७.१.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य ......... ९३***

*७.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... ९४*

***७.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... ९४***

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ......... ९५

*७.२.१ पृष्ठभूमि ......... ९५*

*७.२.२ समस्या तथा चुनौतीहरू ......... ९५*

*७.२.३ सम्भावना तथा अवसरहरू ......... ९६*

*७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ......... ९६*

*७.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... ९७*

*७.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ......... ९८*

७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ......... ९८

*७.३.१ पृष्ठभूमि ......... ९८*

*७.३.२ समस्या, चुनौती तथा जोखिमहरू ......... ९९*

*७.३.३ सम्भावना तथा अवसरहरू ......... ९९*

*७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ......... १००*

*७.३.५ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक तालिका ......... १००*

*७.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... १०१*

*७.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ......... १०२*

७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता ......... १०२

*७.४.१ पृष्ठभूमि ......... १०२*

*७.४.२ समस्या, चुनौती तथा जोखिमहरू ......... १०२*

*७.४.३ सम्भावना तथा अवसरहरू ......... १०३*

*७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ......... १०३*

*७.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... १०४*

***७.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ......... १०४***

**परिच्छेद ८ : ......... १०६**

**संस्थागत विकास तथा सुशासन क्षेत्र ......... १०६**

८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता ......... १०६

*८.१.१ पृष्ठभूमि ......... १०६*

*८.१.२ समस्या, चुनौती तथा जोखिमहरू ......... १०६*

*८.१.३ सम्भावना तथा अवसरहरू ......... १०७*

*८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ......... १०७*

*८.१.५ सेवा प्रवाह तथा सुशासन उपक्षेत्रको मध्यमकालीन सूचक ......... १०७*

*८.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......... १०८*

*८.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... १०९*
८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास ..... १०९
*८.२.१ पृष्ठभूमि ..... १०९*
*८.२.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ११०*
*८.२.३ सम्भावना तथा अवसरहरू ..... ११०*
*८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ११०*
*८.२.५ मानव संसाधन तथा संस्थागत क्षमता विकास उपक्षेत्रको मध्यमकालीन सूचक ..... १११*
*८.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... १११*
*८.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ११२*
८.३ वित्तिय श्रोत परिचालन ..... ११२
*८.८.१ पृष्ठभूमि ..... ११२*
*८.८.२ समस्या, चुनौती तथा जोखिमहरू ..... ११२*
*८.८.३ सम्भावना तथा अवसरहरू ..... ११३*
*८.८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति ..... ११३*
*८.८.५ राजस्व परिचालन उपक्षेत्रको मध्यमकालीन सुचक ..... ११३*
*८.८.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ११४*
*८.८.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ११५*
**४.१३ योजना व्यवस्थापन तथा अनुगमन ..... ११५**
४.१३.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण ..... ११५
४.१३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ११६
**४.१४ संघीय तथा प्रदेश सशर्त, समपूरक तथा विशेष कार्यक्रम ..... ११६**
४.१४.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण ..... ११६
४.१४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... ११६

## परिच्छेद एकः
## परिचय

### १.१ पृष्ठभूमि

योजनावद्ध विकासलाई प्रभावकारी वनाउन सार्वजनिक वित्त व्यवस्थापनको भूमिका महत्वपूर्ण हुने गर्छ । संघीय शासन व्यवस्थामा रुपान्तरित भैसकेपछि नेपालका लागि यसको महत्व अझ वढेको छ । संविधानको धारा ५६ मा उल्लिखित राज्य शक्तिको वाँडफाँडको मर्मलाई आत्मसाथ गर्दै सहकार्य, समन्वय र सहअस्थित्वका आधारमा तीन तहका सरकारले सर्वजनिक वित्तको प्रभावकारी र कुशल परिचालन गर्नु पर्ने हुन्छ । त्यसका लागि तीन तहका सरकारवीच हुने स्रोत साधनको विनियोजनमा कुशलता, दक्षता र वित्तिय अनुशासन उत्तिकै प्रभावकारी हुनु आवश्यक हुन्छ । यी पक्षहरुको प्रभावकारी व्यवस्थापन गर्ने औजारका रुपमा मध्यकालीन खर्च संरचनाको अवधारणा विकास गरिएको हो ।

तीन वटै सरकार वीच दीर्घकालीन सोच, आवधिक योजना र वार्षिक वजेटवीच तादम्यता र सामञ्जस्यता कायम गर्न मध्यकालीन खर्च संरचनाले महत्वपूर्ण औजारका रुपमा योगदान पुऱ्याएको हुन्छ । यसले विकास योजनाका लाक्षित नतिजा हासिल गर्न स्रोत साधनको न्यायोचित वितरण र महत्तम परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारीता, वित्तिय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँछ ।

संघीय संरचना अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापनलाई व्यवस्थित गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त प्रावधान अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा वजेट विनियोजनमा आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धि समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै, योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त मध्यमकालिन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, वजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथैे प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सो वाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १३ (ख) मा अर्थ मन्त्रालयले राजश्व र व्ययको अनुमानमा मध्यमकालिन खर्च संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

यस सन्दर्भमा संघ र प्रदेश सरकारसँगको वित्तिय व्यवस्थापनलाई प्रभावकारी तथा उत्पादनशील वनाउन स्थानीय तहका लागि मध्यमकालिन खर्च संरचना तयार पार्नु पर्ने हुन्छ । तसर्थ देहायका उद्देश्य पुरा गर्न ढोरपाटन नगरपालिकाको मध्यमकालिन खर्च संरचना तयार पारिएको छ ।

### १.२ उद्देश्य

- संघ, प्रदेश र स्थानीय तह बीचको सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि नगरपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी वजेट खाका तर्जूमा गर्ने
- नगरपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा वजेट वाँडफाँड गर्ने
- सार्वजनिक खर्चलाई वढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने

# परिच्छेद दुइ

## विधि प्रकृया

### २.१ मध्यमकालिन खर्च संरचना तर्जुमाका विधि प्रकृया

#### २.१.१ निर्देशक समिति गठन

मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यको समग्र नेतृत्वकालागि ढोरपाटन नगरपालिकाका प्रमुखको संयोजकत्वमा एक निर्देशक समिति गठन गरियो । निर्देशक समितिमा नगरपालिकाका प्रमुख संयोजक, उपप्रमुख, कार्यपालिका सदस्यहरु, नगरपालिकाका विषय क्षेत्रका कार्यालय प्रमुख सदस्य र प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव हुने गरी एक निर्देशक समितिको गठन गरियो ।

#### २.१.२ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति

नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको वजेट सीमा निर्धारण गर्न देहाय वमोजिमको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको गठन गरियो ।

क) नगर प्रमुख संयोजक

ख) उपप्रमुख सदस्य

ग) कार्यपालिकाका सदस्य मध्ये महिला, दलित, वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुनेगरी अध्यक्षले तोकेको चार जना सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

#### २.१.३. मध्यमकालिन खर्च संरचना सम्बन्धि विषय क्षेत्रगत समिति

मध्यमकालिन खर्च संरचना तर्जुमाकालागि नगरपालिकाको आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास गरी पाँचवटा विषयगत समितिहरु कार्यपालिका सदस्यको संयजकत्वमा गठन गरियो ।

#### २.१.४. मध्यमकालिन खर्च संरचना सम्वन्धि एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा

वडाहरुवाट प्राप्त योजनाहरुलाई वजेट सीमा, दीगो विकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आवश्यक परिमार्जन गर्ने कार्य भयो ।

#### २.१.५. त्रि वर्षिय प्रक्षेपण सहित कुल वजेटको आकार तयारी

गत आर्थिक वर्षको यथार्थ स्थिती, चालु आ.वको प्रक्षेपित अवस्था र मध्यमकालिन सर्च संरचनाको आधारमा आगामी ३ वर्षको वजेट तथा कार्यक्रम वारेमा वडा कार्यालय, सम्वन्धित विषयगत कार्यालय, योजना तथा प्राविधिक शाखा र नगरपालिकाको कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आ. व र थप २ आ. वको वजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन तयार गरियो । यो कार्य गर्दा सम्बन्धित निकायहरुको संलग्नतामा योजना तथा प्राविधिक महाशाखाले समग्रमा पुनरावलोकन गरी अवधारणा पत्र तयार पारियो । स्रोत समितिले नगरपालिकाको अथैतन्त्रको वर्तमान स्थिती, चालु आवधिक योजना, मध्यमकालिन खर्च संरचना, कुल गार्हस्थ उत्पादनको प्रक्षेपण, वित्तिय स्थिती, बाह्य एवम् आन्तरिक वित्तिय साधनको सम्भावना, करको लचकता, राजश्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आ. व र २ आ. व को कुल वजेटको आकार निर्धारण गर्‍यो ।

#### २.१.६ विषयगत समितिमा छलफल

विभिन्न शाखाबाट प्राप्त प्रस्तावित आयोजनाको त्रिवर्षिय प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र वजेट माथि सम्वन्धित विषयगत समितिमा दफावार छलफल गरियो । यसरी छलफल गर्दा नेपालको संविधान, दीर्घकालिन सोच, संघ, प्रदेश तथा आवधिक योजना, दीगो विकास लक्ष्य, नगरपालिकाको आवश्यकता, समस्या, सम्भावना तथा आयोजना वैंकबाट छनौट भएका आयोजनाको प्राथमिककीकरणका आधारमा तयार पारियो ।

### २.१.७ एकीकृत मस्यौदा तयारी

विषयगत समितिमा दफाबार छलफल गरी प्रस्ताव भएका कार्यक्रमहरुको त्रिवर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र वजेटको एकीकृत मस्यौदा तयारी गरियो ।

### २.१.८ अन्तिम प्रतिवेदन पेश

मस्यौदामा आएका सुझावहरुलाई सम्वोधन गरी मध्यमकालिन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयार पारि अन्तिम प्रतिवेदनलाई कार्यपालिकाबाट स्वीकृत गराई अन्तिम प्रतिवेदन पेश गरियो ।

# अध्याय दुई

## दीर्घकालिन सोच, मध्यकालीन लक्ष्य तथा उद्देश्य

### २.१ परिचय

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु सोह्रौ योजना,लुम्बिनी प्रदेश सरकारको आवधिक योजना र नगरपालिकाको आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ नगरपालिकालाई मार्गदर्शन गर्नेछ । आर्थिक वर्षका (२०८२/८३—२०८५/८६) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । नगरपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

### २.२ प्रमुख समस्या तथा चुनौती

भौगोलिक तथा पूर्वाधारगत समस्या र चुनौतीहरू

- **भौगोलिक विकटताः** नगरपालिकामा समतल भू-भाग कम हुनु, धेरैजसो क्षेत्र डाँडाकाँडा र भिरपाखाले घेरिएको हुनु र सोही विकटताका कारण पूर्वाधार विकास तथा सेवा प्रवाहमा कठिनाइ हुनु।
- **कमजोर सडक सञ्जालः** सबै ९ वटै वडाहरू सडक सञ्जालले जोडिएता पनि सडकहरू साँघुरा, जीर्ण र कच्ची अवस्थामा रहनु।
- **सडक स्तरोन्नतिको चुनौतीः** मध्य-पहाडी राजमार्ग र सालझण्डी सडक जस्ता रणनीतिक मार्ग भए पनि सबै वडाका केन्द्रसम्म सडक कालोपत्रे वा ग्राभेल गर्नु नगरपालिकाको लागि ठूलो चुनौती हुनु।

कृषि तथा पशुपालन क्षेत्रका समस्या र चुनौतीहरू

- **परम्परागत प्रणाली र भूगोलः** नगरपालिकाको केन्द्र बुर्तिबाङ बजार बाहेकका सबै वडाहरू ग्रामीण क्षेत्रमा रहनु र धेरै भू-भाग वनजङ्गल, चरन क्षेत्र तथा भिरपाखाले ढाकेकाले कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्न कठिन हुनु।
- **बजारीकरणको अभावः** वडाहरूमा अन्नबाली, फलफूल, तरकारी, पशुपालन (भेडा पालन), आलु र स्याउ खेतीको सुरुवात भए पनि उचित बजार व्यवस्थापन नहुँदा उत्पादित वस्तुले सहज रूपमा बजार पाउन नसक्नु।
- **युवा पलायन/आकर्षणको चुनौतीः** कृषि तथा पशु व्यवसायमा बजार र आम्दानी सुनिश्चित नहुँदा भविष्यमा युवा वर्गलाई यस क्षेत्रमा आकर्षित गरिरहनु नगरपालिकाका लागि चुनौती बन्नु।

पर्यटन र यातायात पहुँचका समस्याहरू

- **सहज पहुँचको अभावः** ढोरपाटन सिकार आरक्ष, पिस पाटन, रुद्रताल, दुरलेक, अर्नाकोट, कालापोल, धोर्जे, महखोला झरना जस्ता धार्मिक, पर्यावरणीय र प्राकृतिक रूपमा मनोरम स्थलहरू भएता पनि सडक यातायातको सहज पहुँच नहुँदा पर्यटकलाई आवतजावतमा कठिनाइ हुनु।

### बजेट विनियोजन तथा आर्थिक विकासका समस्याहरू

- **न्यून बजेट विनियोजनः** नगरपालिकाको वार्षिक योजना र बजेटमा उच्च सम्भावना बोकेका कृषि र पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट छुट्याउन नसकिनु।
- **रोजगारी सिर्जनामा कमीः** पर्याप्त लगानीको अभावमा स्थानीय स्तरमा आयआर्जन र स्वरोजगारी प्रवर्द्धनमा नगरपालिकाले उल्लेख्य योगदान पुऱ्याउन नसक्नु।

## २.३ प्रमुख सम्भावना तथा अवसर

### १. प्रमुख सबल पक्षहरू

- **पूर्वाधार र सेवा प्रवाहमा सुधारः** न्यून स्रोत साधन, दक्ष जनशक्तिको कमी र भौगोलिक विकटताका बाबजुद नगरपालिकाले आधारभूत भौतिक पूर्वाधार र सामाजिक-आर्थिक क्षेत्रमा निरन्तर प्रगति गरिरहनु।
- **सकारात्मक रूपान्तरणः** परम्परागत जीवनशैली र सामाजिक मूल्य मान्यताका बिच पनि आधुनिक विकासका सूचकहरूमा पहुँच बढाउँदै लैजानु।
- **बहुक्षेत्रीय सफलताः** वातावरणीय संरक्षण, विपद् व्यवस्थापन र संस्थागत सुशासनका क्षेत्रमा नगरपालिकाले थुप्रै अनुसरणीय कार्य र सफलताहरू हासिल गर्दै अघि बढेको अवस्था हुनु।

### २. प्रमुख सम्भावना तथा अवसरहरू

- **युवा जनशक्तिको परिचालनः** स्थानीय युवा जनशक्तिको पूर्ण सदुपयोग गरी आर्थिक उत्पादन र उद्यमशीलतामा जोड्न सकिने प्रचुर अवसर रहनु।
- **कृषि तथा पशुपालनको व्यवसायीकरणः** परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउँदै साना तथा मझौला कृषिजन्य प्रशोधन उद्योगहरू स्थापना गर्न सकिने उच्च सम्भावना हुनु।
- **पर्यटन र पर्या-पर्यटन (Eco-Tourism) को विकासः** ढोरपाटन सिकार आरक्ष लगायतका प्राकृतिक, धार्मिक र पर्यावरणीय रूपले मनोरम स्थलहरूको प्रवर्द्धन गरी पर्या-पर्यटनलाई नगरको आर्थिक मेरुदण्ड बनाउने अवसर हुनु।
- **प्राकृतिक तथा खनिज स्रोतको उपयोगः** नगरभित्र रहेका वनजन्य र खनिजजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना गरी स्थानीय तहमा रोजगारी सिर्जना गर्न सकिने अवसर रहनु।
- **आन्तरिक स्रोत र साधनको परिचालनः** आफ्नै क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक र मानवीय स्रोतहरूको कुशल परिचालन र व्यवस्थापन मार्फत समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण आधार रहनु।

## २.४ नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

### १. दीर्घकालीन सोच

**"कृषि, पर्यटन, मध्यपहाडी व्यापारिक नगरः समुन्नत र समृद्ध ढोरपाटन विकासको आधार"**

### २. लक्ष्य

- उपलब्ध प्राकृतिक, आर्थिक र मानवीय स्रोत-साधनको समुचित परिचालन तथा समान वितरण मार्फत नागरिकको आर्थिक स्तरमा वृद्धि गर्दै सुखी, समतामूलक, सुशासित र समुन्नत नगरपालिका निर्माण गर्नु।

## ३. उद्देश्यहरू

ढोरपाटन नगरपालिकाको दीर्घकालीन सोच र लक्ष्य हासिल गर्नका लागि आगामी पाँच वर्षका लागि देहायबमोजिमका क्षेत्रगत उद्देश्यहरू निर्धारण गरिएको छः

- **उद्देश्य १ (आर्थिक तथा उद्यमशीलता विकास):** व्यावसायिक कृषि, पशुपालन तथा उत्पादनमूलक क्षेत्रको विकास गरी उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्ने तथा पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत आत्मनिर्भर, व्यवस्थित र सन्तुलित अर्थतन्त्र निर्माण गर्नु।
- **उद्देश्य २ (मानव संशाधन तथा सामाजिक विकास):** शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, स्थानीय भाषा तथा संस्कृति संरक्षण र प्रवर्द्धन, रोजगारी तथा सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूलाई गुणस्तरीय, सर्वसुलभ, समावेशी र भेदभावरहित रूपमा विस्तार गरी मानव विकासको उच्च स्तर हासिल गर्नु।
- **उद्देश्य ३ (भौतिक पूर्वाधार विकास):** वातावरणमैत्री तथा दिगो भौतिक पूर्वाधारको निर्माण गर्दै सहज, सुरक्षित र व्यवस्थित यातायात प्रणालीको विकासलाई प्राथमिकता दिनु।
- **उद्देश्य ४ (वातावरण, विपद् तथा जलवायु परिवर्तन):** प्राकृतिक स्रोत-साधनको संरक्षण तथा समुचित उपयोग गर्दै विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनयुक्त समुदाय निर्माण गर्नु।
- **उद्देश्य ५ (सुशासन तथा संस्थागत विकास):** सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउँदै सुशासनयुक्त प्रशासन प्रणाली सुदृढ गर्नु।

## २.५ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना

उद्देश्य १: व्यावसायिक कृषि, पशुपालन तथा उत्पादनमूलक क्षेत्रको विकास गरी उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्ने तथा पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत आत्मनिर्भर, व्यवस्थित र सन्तुलित अर्थतन्त्र निर्माण गर्नु।

| रणनीति (Strategies) | प्राथमिकता तथा कार्यनीतिहरू (Priorities / Action Plans) |
|---|---|
| **१.१ कृषि तथा पशुपालन व्यवसायीकरण, उत्पादन प्रवर्धन, र उद्यमशीलता प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने।** | **१.१.१ पकेट क्षेत्र निर्धारणः** तुलनात्मक लाभका अन्न, तरकारी, फलफूल, नगदेबाली, पशुपालन र मौरीपालन पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी मौलिक ज्ञान, नवप्रवर्तन, सीप र क्षमता अभिवृद्धि गरिनेछ।<br>**१.१.२ कृषक प्रोत्साहनः** कृषकहरूलाई व्यावसायिक कृषि तथा पशुपालनका लागि ससर्त अनुदान, सरल कर्जा, मलखाद, बीउ तथा बेर्नाको सहज आपूर्तिका लागि अगुवा कृषक तथा कृषि समूहलाई प्रोत्साहन तथा परिचालन गरिनेछ।<br>**१.१.३ बाँझो जमिन उपयोगः** बाँझो जमिन राख्ने प्रवृत्तिलाई न्यूनीकरण गर्दै निजी तथा समूहगत व्यावसायिक खेतीको व्यवस्थापन गरिनेछ।<br>**१.१.४ रोजगारी सिर्जनाः** स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरिनेछ। |
| **१.२ कृषि र पशुपालन क्षेत्रलाई आत्मनिर्भर एवम् निर्यातमूखी, सुव्यवस्थित र सन्तुलित अर्थतन्त्रको आधार बनाउने।** | **१.२.१ भू-उपयोग प्रणालीः** स्थानीय भू-उपयोग प्रणालीलाई प्रवर्द्धन गरी खेतीयोग्य जमिन तथा पशुपालन क्षेत्रको संरक्षण गरिनेछ।<br>**१.२.२ खाद्य सुरक्षा र गरिबी निवारणः** कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ।<br>**१.२.३ कृषि पूर्वाधार र बजारीकरणः** गुणस्तरीय सिँचाइ सुविधा, संकलन केन्द्र स्थापना, कृषि तथा पशुजन्य उत्पादनको मूल्य निर्धारण, बजारीकरण एवम् प्रवर्द्धन गरिनेछ। |

| | |
|---|---|
| **१.३ जनताको जीवनस्तर तथा आर्थिक उपार्जनका लागि ग्रामीण पर्यटन (Village Tourism) विकास तथा प्रवर्द्धन गर्ने।** | **१.३.१ पर्यटन गुरुयोजनाः** पर्यटकीय स्थलहरूको पहिचान, नक्साङ्कन र पर्यटन गुरुयोजना तर्जुमा गरी आवश्यकता अनुसार दिगो पर्यटन पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ।<br>**१.३.२ सर्वमौसम पर्यटनः** पर्यटकको सांस्कृतिक र धार्मिक अभिरुचि सम्बोधन हुने गरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थलको निर्माण गरिनेछ।<br>**१.३.३ मानव संशाधन विकासः** पर्यटन क्षेत्रलाई वैज्ञानिक र व्यावसायिक बनाई यस क्षेत्रमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धी बनाइनेछ।<br>**१.३.४ कृषि-पर्यटन (Agro-Tourism):** कृषिलाई पर्यटनसँग आबद्ध गर्न सम्भाव्यता अध्ययन गरी ग्रामीण पर्यटनको विकास गरिनेछ।<br>**१.३.५ निजी क्षेत्र लगानीः** निजी लगानीकर्तालाई पर्यटकीय वस्तु, कला तथा पर्यटन पूर्वाधार निर्माणमा लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>**१.३.६ प्रमुख गन्तव्य पूर्वाधारः** ढोरपाटन सिकार आरक्ष क्षेत्र, पिस पाटन, रुद्रताल, दुरलेक, अर्नाकोट, कालापोल, ढोरपाटन देउराली ३डी वर्ड, धोर्जे, महखोला झरना, स्याउखेती, आलुखेती, भेडापालन र घोडाचढी क्षेत्रका पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ। |

उद्देश्य २: शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, स्थानीय भाषा तथा संस्कृति संरक्षण र प्रवर्द्धन, रोजगारी तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवाहरूलाई गुणस्तरीय, सर्वसुलभ, समावेशी र भेदभावरहित रूपमा विस्तार गरी मानव विकासको उच्च स्तर हासिल गर्नु।

| **रणनीति (Strategies)** | **प्राथमिकता तथा कार्यनीतिहरू (Priorities / Action Plans)** |
|---|---|
| **२.१ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने।** | **२.१.१ बहुपक्षीय साझेदारीः** संघ, प्रदेश, निजी क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनोपयोगी र व्यावसायिक शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा तथा विशिष्टीकृत स्वास्थ्य र पोषण सेवामा पहुँच स्थापित गरिनेछ।<br>**२.१.२ रोजगारमूलक शिक्षाः** अनिवार्य र निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षा पद्धतिलाई रोजगारी र उद्यमशीलतामूलक बनाइनेछ।<br>**२.१.३ मानव पूँजी निर्माणः** मानव पूँजी निर्माण र सबलीकरण गर्न नगरपालिकाका शिक्षित युवाहरूलाई सामाजिक परिचालनमा संलग्न गराइनेछ।<br>**२.१.४ स्वच्छ खानेपानी गुरुयोजनाः** वडा तहमा स्वच्छ खानेपानीको आपूर्ति र सरसफाइका लागि दीर्घकालीन योजना तयार गरी विकास साझेदारहरूसँग समन्वय गरिनेछ।<br>**२.१.५ मौलिक हक सुनिश्चितताः** नेपालको संविधान बमोजिमका मौलिक हकहरूको स्थानीय स्तरमा पूर्ण सुनिश्चितता गरिनेछ। |
| **२.२ स्थानीय भाषा, मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने।** | **२.२.१ सांस्कृतिक सम्पदा संरक्षणः** स्थानीय भेषभूषा, भाषा, सांस्कृतिक एवं धार्मिक सम्पदाहरूको संरक्षणमा स्थानीयवासीहरूलाई प्रोत्साहन तथा परिचालन गरिनेछ। |

| | |
|---|---|
| | **२.२.२ परम्परागत सीप प्रवर्धनः** काष्ठकला, हाते उद्योग र स्थानीय मौलिक सामग्री उत्पादन गर्ने उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ। |
| **२.३ रोजगार र सामाजिक सुरक्षा एवम् आधारभूत सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाई विभेदरहित समाज सिर्जना गर्ने।** | **२.३.१ समान अवसरः** सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा जीवनयापन गर्नका लागि सेवा सुविधाहरूमा सबैको सहज पहुँच बढाइनेछ।<br>**२.३.२ सामाजिक विभेद अन्त्यः** सबै किसिमका हिंसा, सामाजिक विभेद र वहिष्करण अन्त्यका लागि प्रभावकारी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>**२.३.३ लक्षित वर्ग उत्थानः** गरिबी निवारणका लागि लक्षित वर्ग केन्द्रित आयमूलक कार्यक्रमलाई प्राथमिकता दिँदै महिला र विपन्नको सहभागिता सुनिश्चित गरिनेछ।<br>**२.३.४ समावेशी विकास र सामाजिक सद्भावः** सामाजिक सद्भाव कायम राख्दै समन्यायिक, लैङ्गिक समता र सामाजिक समावेशीकरणमा विशेष प्राथमिकता दिई स्थानीय स्वामित्व बढाउने कार्यक्रम ल्याइनेछ। |

उद्देश्य ३ः वातावरणमैत्री तथा दिगो भौतिक पूर्वाधारको निर्माण गर्दै सहज, सुरक्षित र व्यवस्थित यातायात प्रणालीको विकासलाई प्राथमिकता दिनु।

| रणनीति (Strategies) | प्राथमिकता तथा कार्यनीतिहरू (Priorities / Action Plans) |
|---|---|
| **३.१ भौतिक पूर्वाधारहरूको निर्माण दिगो तथा वातावरणमैत्री बनाउने।** | **३.१.१ नगर गुरुयोजना (Master Plan)ः** भौतिक पूर्वाधार सहितको ढोरपाटन नगर गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।<br>**३.१.२ नयाँ सहर अवधारणाः** बुर्तिबाङ बजार र आसपासका क्षेत्रहरूलाई नयाँ सहर निर्माणको अवधारणा अनुरूप निरन्तर विकास गरिनेछ।<br>**३.१.३ व्यवस्थित बस्ती विकासः** व्यवस्थित बस्ती निर्माणका लागि 'जग्गा एकीकरण' (Land Pooling) विधिलाई प्रयोग गरिनेछ।<br>**३.१.४ रणनीतिक सडक उपयोगः** मध्य-पहाडी लोकमार्ग र ढोरपाटन सालझण्डी सडकको उच्चतम प्रयोग र लाभ लिइनेछ।<br>**३.१.५ प्राविधिक डिजाइनः** पूर्वाधार निर्माण कार्य गर्दा अनिवार्य रूपमा प्राविधिक डिजाइन र गुणस्तरलाई प्राथमिकता दिइनेछ।<br>**३.१.६ वातावरणीय मूल्याङ्कनः** पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ अनुसार वातावरणीय मूल्याङ्कन (IEE/EIA) अनिवार्य गरिनेछ।<br>**३.१.७ नगर गौरवका आयोजनाः** नगरको सन्तुलित विकासमा योगदान दिने ठूला आयोजनाहरूलाई 'नगर गौरवका आयोजना' का रूपमा छनोट गरी कार्यान्वयन गरिनेछ।<br>**३.१.८ नगर चक्रपथ (Ring Road)ः** सबै वडा र अधिकांश बस्तीमा पहुँच पुऱ्याउन नगरपालिका स्तरीय चक्रपथ निर्माण कार्यलाई अघि बढाइनेछ।<br>**३.१.९ उपभोक्ता समिति सहभागिताः** पूर्वाधार विकासमा उपभोक्ता समितिको लागत सहभागिता, पारदर्शिता र संलग्नता बढाइनेछ। |

| | |
|---|---|
| **३.२ सुरक्षित, सर्वसुलभ, सहज तथा व्यवस्थित यातायात सेवा विस्तार गर्ने।** | **३.२.१ सडक सञ्जाल स्तरोन्नतिः** आवश्यकता र प्राथमिकताका आधारमा सडकहरूको निर्माण, स्तरोन्नति (Upgrading) तथा नियमित मर्मत गरिनेछ।<br>**३.२.२ यातायात पहुँच (Coverage):** यातायातको पहुँच दायरा बढाई सुरक्षित, सर्वसुलभ, सहज र भरपर्दो सार्वजनिक यातायात सेवा बनाइनेछ। |

उद्देश्य ४ः प्राकृतिक स्रोत—साधनको संरक्षण तथा समुचित उपयोग गर्दै विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनयुक्त समुदाय निर्माण गर्नु।

| रणनीति (Strategies) | प्राथमिकता तथा कार्यनीतिहरू (Priorities / Action Plans) |
|---|---|
| **४.१ प्राकृतिक स्रोत साधनहरू (जल, जमिन, जङ्गल, जैविक विविधता आदि) को संरक्षण तथा सम्वर्द्धन गर्ने।** | **४.१.१ दिगो विकास अभ्यासः** विकास निर्माणका हरेक क्रियाकलापमा प्राकृतिक स्रोत साधनहरूको संरक्षण र सम्वर्द्धन हुने सुनिश्चितता गरिनेछ।<br>**४.१.२ हरित उद्यमशीलताः** प्राकृतिक स्रोतमा आधारित उद्यम, पर्या-पर्यटन व्यवसाय र अन्य उत्पादनमूलक व्यवसायको विकास, प्रशोधन र बजारीकरण गरिनेछ।<br>**४.१.३ स्रोतको अवैध दोहन नियन्त्रणः** प्राकृतिक स्रोतको अतिक्रमण, चोरी-निकासी र वन डढेलो नियन्त्रण गर्न नगरवासी, सुरक्षा निकाय र सरोकारवाला संघ-संस्थाहरू परिचालन गरिनेछ। |
| **४.२ विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने।** | **४.२.१ जलवायु उत्थानशीलता र क्षमता विकासः** स्थानीय समुदाय, राजनीतिक अगुवा र सुरक्षा निकायबिच समन्वय गरी विपद् व्यवस्थापन तालिम र सामग्रीको व्यवस्थापन गरिनेछ।<br>**४.२.२ विपद् व्यवस्थापन शाखा सबलीकरणः** बाढी, पहिरो, आगलागी, भूकम्प र महामारीको समयमा तत्काल उद्धार, राहत तथा दीर्घकालीन पुनर्स्थापनाका लागि 'विपद् व्यवस्थापन शाखा' लाई स्रोत, साधन र सीप सम्पन्न बनाइनेछ। |

उद्देश्य ५ः सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउँदै सुशासनयुक्त प्रशासन प्रणाली सुदृढ गर्नु।

| रणनीति (Strategies) | प्राथमिकता तथा कार्यनीतिहरू (Priorities / Action Plans) |
|---|---|
| **५.१ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी शासन प्रणाली र सुशासन कायम राख्ने।** | **५.१.१ आन्तरिक स्रोत परिचालनः** नगरपालिकालाई वित्तीय रूपमा आत्मनिर्भर बनाउन आन्तरिक स्रोतको पहिचान र कर/दस्तुरको दायरा फराकिलो बनाइनेछ।<br>**५.१.२ तथ्याङ्क र अनुगमन प्रणालीः** विकास कार्यमा वैज्ञानिक तथ्याङ्कीय प्रणालीको विकास गर्दै अनुगमन, मूल्याङ्कन र सामाजिक न्यायको प्रक्रियालाई प्रभावकारी बनाइनेछ।<br>**५.१.३ प्रशासनिक व्यवस्थापनः** संघीयताको मर्म अनुरूप प्रशासनिक संयन्त्रलाई सुदृढ गरी सेवा प्रवाहलाई जनमुखी र सहज बनाइनेछ।<br>**५.१.४ योजना प्रणाली आबद्धताः** वार्षिक कार्यक्रम तर्जुमा गर्दा अनिवार्य रूपमा यस आवधिक योजना (२०८३/८४-२०८७/८८) सँग आबद्ध गरी वैज्ञानिक बनाइनेछ।<br>**५.१.५ सार्वजनिक-निजी साझेदारी (PPP):** आवधिक योजना कार्यान्वयनका लागि स्रोत जुटाउन निजी, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारी विस्तार गरिनेछ। |

| | |
|---|---|
| **५.२ असल तथा प्रविधिमैत्री शासन प्रणाली र सुशासनलाई सुदृढ गर्ने।** | **५.२.१ असल अभ्यास अनुशरणः** जनमुखी शासन स्थापित गर्न सफल लोकतान्त्रिक देश र स्थानीय तहहरूका असल अभ्यासहरूलाई स्थानीय आवश्यकता अनुसार अनुशरण गरिनेछ।<br>**५.२.२ प्रविधिमा आधारित तथ्याङ्कः** व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) लगायत जनसाङ्ख्यिक र वस्तुगत विवरण स्वतः अद्यावधिक हुने गरी डिजिटल डाटाबेस प्रणालीको विकास गरिनेछ।<br>**५.२.३ डिजिटल नेपाल फ्रेमवर्क अवलम्बनः** नगरपालिकाको सूचना आम नागरिकसम्म पुऱ्याउन कम्प्युटर प्रणाली, आधुनिक वेबसाइट र मोबाइल एपको विकास तथा सुदृढीकरण गरिनेछ। |

## २.७ मध्यमकालिन वजेट खाका

'०००

| क्र.सं. | बजेटका स्रोतहरू | २०८०/८१ को यथार्थ | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | २०८५/८६ प्रक्षेपण | ३ वर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क | राजस्व तथा अनुदान | | | | | | | |
| १ | आन्तरिक आय | ४५,२०६ | २४,६९७ | २६,००० | २६,५०० | २८,००० | २९,५०० | ८४,००० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ६८,४५० | ११३,३२० | ११८,००० | १२१,००० | १२६,५०० | १३२,५०० | ३८०,००० |
| | नेपाल सरकार (भ्याट तथा अन्तःशुल्क) | ६०,५९८ | ९८,७५६ | १०२,२०० | १०९,००० | ११४,००० | ११९,५०० | ३४२,५०० |
| | प्रदेश सरकार (सवारी कर, रजिष्ट्रेशन आदि) | ७,८५२ | १४,५६४ | १५,८०० | १२,००० | १२,५०० | १३,००० | ३७,५०० |
| ३ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ३३५,८२३ | ४४२,१९२ | ४३५,००० | ४३५,८७० | ४५५,००० | ४७८,००० | १,३६८,८७० |
| | वित्तीय समानीकरण | ९०,११७ | ९१,०२६ | १०६,७०० | १०३,३०० | १०७,००० | १११,००० | ३२१,३०० |
| | सशर्त अनुदान | २४५,७०६ | ३४६,१६५ | ३११,६०० | ३००,००० | ३१३,००० | ३२७,००० | ९४०,००० |
| | समपूरक अनुदान | ० | ० | ८,७०० | १२,००० | १३,००० | १४,००० | ३९,००० |
| | विशेष अनुदान | ० | ५,००० | १९,००० | २०,५७० | २२,००० | २६,००० | ६८,५७० |
| ४ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १४,२५२ | १७,२४० | २१,००० | २२,५०० | २३,५०० | २४,५०० | ७०,५०० |
| | वित्तीय समानीकरण | ९,२९३ | १२,४४३ | १२,६३८ | १२,७०० | १३,२०० | १३,७०० | ३९,६०० |
| | सशर्त अनुदान | १,४३० | ० | २०० | ३०० | ३०० | ३०० | ९०० |
| | समपूरक अनुदान | ० | २,५३६ | ३,००० | ५,५०० | ५,७०० | ६,००० | १७,२०० |
| | विशेष अनुदान | ३,५२९ | २,२६१ | ५,१६२ | ४,००० | ४,३०० | ४,५०० | १२,८०० |
| ५ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | मौज्दात रकम तथा अन्य | २७७,०५८ | ९९,३४६ | ३०,००० | ३१,००० | ३२,५०० | ३४,३०० | ९७,८०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा आय** | ७४०,७८९ | ६९६,७९५ | ६३०,००० | ६३६,८७० | ६६५,५०० | ६९८,८०० | २,००१,१७० |
| **ख** | **जम्मा खर्च** | | | | | | | |
| १ | चालु खर्च | ३६७,६७५ | ३७८,२५९ | ४२२,१०० | ४०१,२३० | ४१२,६१० | ४१९,२८० | १,२३३,१२० |
| २ | पुँजीगत खर्च | ११७,७१६ | २०७,०१९ | २०७,९०० | २३५,६४० | २५२,८९० | २७९,५२० | ७६८,०५० |
| | **जम्मा खर्च** | ४८५,३९१ | ५८५,२७८ | ६३०,००० | ६३६,८७० | ६६५,५०० | ६९८,८०० | २,००१,१७० |
| | **बचत (+) / घाटा (-)** | २५५,३९८ | १११,५१७ | ० | ० | ० | ० | ० |

चालु–पुँजीगत खर्चको प्रस्तावित अनुपात

| आ.व. | चालु खर्च (%) | पुँजीगत खर्च (%) | अनुपात (चालु : पुँजीगत) |
|---|---|---|---|
| २०८२/८३ **(संशोधित)** | ६७ | ३३ | **2.03 : 1** |
| २०८३/८४ | ६३ | ३७ | **1.70 : 1** |
| २०८४/८५ | ६१ | ३९ | **1.56 : 1** |
| २०८५/८६ | ६० | ४० | **1.50 : 1** |

## २.८ वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

### २.८.१ दीगो विकास लक्षित कार्यक्रम

| संकेत नं. | दिगो विकास लक्ष्य | आयोजना संख्या | २०८३/८४ रकम (रु. हजार) | % | २०८४/८५ रकम (रु. हजार) | % | २०८५/८६ रकम (रु. हजार) | % |
|---|---|---|---|---|---|---|---|---|
| १ | हरेक क्षेत्रमा रहेका सबै स्वरूपका गरिबीको अन्त्य | ८ | १९,००० | ३.० | २०,००० | ३.० | २१,००० | ३.० |
| २ | भोकमरीको अन्त्य, खाद्य सुरक्षा, पोषण तथा दिगो कृषिको प्रवर्द्धन | १४ | ४२,००० | ६.६ | ४४,५०० | ६.७ | ४७,००० | ६.७ |
| ३ | सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवनको सुनिश्चितता | ८ | २६,००० | ४.१ | २७,५०० | ४.१ | २९,००० | ४.२ |
| ४ | समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | ६ | २०,००० | ३.१ | २१,५०० | ३.२ | २३,००० | ३.३ |
| ५ | लैङ्गिक समानता हासिल गर्ने | ६ | ११,५०० | १.८ | १२,२०० | १.८ | १३,००० | १.९ |
| ६ | खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन | ८ | १०,५०० | १.६ | ११,५०० | १.७ | १२,५०० | १.८ |
| ७ | भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच | ५ | १,५०० | ०.२ | १,७०० | ०.३ | २,००० | ०.३ |
| ८ | समावेशी आर्थिक वृद्धि, उत्पादनशील | १४ | १९,००० | ३.० | २१,००० | ३.२ | २३,००० | ३.३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रोजगारी तथा मर्यादित श्रम | | | | | | | |
| ९ | उत्थानशील पूर्वाधार, दिगो औद्योगिकीकरण तथा नवप्रवर्तन | १६ | ५०,००० | ७.९ | ५४,००० | ८.१ | ५८,००० | ८.३ |
| १० | शहर तथा मानव बस्तीलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | १२ | ५८,००० | ९.१ | ६२,००० | ९.३ | ६७,००० | ९.६ |
| ११ | दिगो उपभोग तथा उत्पादन | ५ | ३,२०० | ०.५ | ३,५०० | ०.५ | ३,८०० | ०.५ |
| १२ | जलवायु परिवर्तन तथा विपद् अनुकूलन | १० | ८,५०० | १.३ | ९,५०० | १.४ | १०,५०० | १.५ |
| १४ | पारिस्थितिकीय प्रणालीको दिगो उपयोग | १० | ६,५०० | १.० | ७,००० | १.१ | ७,५०० | १.१ |
| १५ | शान्ति, न्याय, सुशासन तथा सक्षम संस्थाको विकास | १८ | १८८,००० | २९.५ | १९४,००० | २९.२ | २००,००० | २८.६ |
| १७ | दिगो विकासका लागि विश्वव्यापी साझेदारी सुदृढ गर्ने | १५ | १७३,१७० | २७.२ | १७५,६०० | २६.४ | १८१,५०० | २६.० |
| **जम्मा** | | **१५५** | **६३६,८७०** | **१००.०** | **६६५,५००** | **१००.०** | **६९८,८००** | **१००.०** |

वितरणको आधार

- **SDG २** मा कृषि, पशुपालन र सिँचाइका २० भन्दा बढी कार्यक्रम समेटिएका छन्।
- **SDG ८** मा उद्योग, सहकारी, श्रम तथा रोजगारी कार्यक्रमहरू समावेश छन्।
- **SDG ९ र १०** मा सडक, सार्वजनिक निर्माण, ICT, ऊर्जा, खानेपानी लगायत पूर्वाधार कार्यक्रमहरू पर्दछन्।
- **SDG १५** अन्तर्गत प्रशासनिक तथा संस्थागत विकास, सुशासन, राजस्व परिचालन, योजना व्यवस्थापन र मानव स्रोत विकासका कार्यक्रमहरू समावेश छन्।

- **SDG १७** अन्तर्गत संघीय तथा प्रदेश सशर्त, विशेष र समपूरक कार्यक्रमहरू तथा साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरू समेटिएका छन्।

### २.८.२ लैङ्गिक सांकेतिकरण

| प्राथमिकता क्रम | आयोजना संख्या | २०८३/८४ को खर्च अनुमान | % | २०८४/८५ को खर्च प्रक्षेपण | % | २०८५/८६ को खर्च प्रक्षेपण | % |
|---|---|---|---|---|---|---|---|
| निर्दिष्ट (महिला, बालबालिका, लक्षित वर्ग, सुरक्षित मातृत्व, महिला उद्यमशीलता आदि) | २२ | ९०,००० | १४.१ | ९५,५०० | १४.४ | १०२,५०० | १४.७ |
| सहयोगी (शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, रोजगार, सहकारी, युवा तथा खेलकुद आदि) | ८४ | ३५०,००० | ५५.० | ३६८,००० | ५५.३ | ३८७,००० | ५५.४ |
| तटस्थ (सडक, प्रशासनिक सञ्चालन, पूर्वाधार, संघीय/प्रदेश सशर्त कार्यक्रम आदि) | ४९ | १९६,८७० | ३०.९ | २०२,००० | ३०.३ | २०९,३०० | २९.९ |
| कुल जम्मा | १५५ | ६३६,८७० | १००.० | ६६५,५०० | १००.० | ६९८,८०० | १००.० |

विश्लेषण

विश्लेषण

- कुल बजेटको करिब ६९–७० प्रतिशत बजेट लैङ्गिक रूपमा प्रत्यक्ष (निर्दिष्ट) वा अप्रत्यक्ष (सहयोगी) लाभ पुग्ने कार्यक्रमहरूमा विनियोजन गरिएको छ।
- महिला तथा बालबालिका, स्वास्थ्य तथा पोषण, शिक्षा, कृषि तथा पशुपालन, श्रम तथा रोजगारी, खानेपानी तथा सरसफाइ, सहकारी तथा वित्तीय सेवा लगायतका कार्यक्रमहरूले लैङ्गिक उत्तरदायी बजेटको मुख्य हिस्सा ओगटेका छन्।
- तटस्थ शीर्षकअन्तर्गतका कार्यक्रमहरू मुख्यतः सडक तथा यातायात, सार्वजनिक निर्माण, प्रशासनिक सञ्चालन, संस्थागत क्षमता विकास तथा संघीय/प्रदेश सशर्त कार्यक्रमहरू रहेका छन्, जसले समग्र विकासलाई सहयोग गरे पनि प्रत्यक्ष रूपमा कुनै विशेष लैङ्गिक समूहलाई लक्षित गर्दैनन्।

### २.८.३ जलवायु सांकेतिकरण

| प्राथमिकता क्रम | आयोजना संख्या | २०८३/८४ को खर्च अनुमान (रु. हजार) | % | २०८४/८५ को खर्च प्रक्षेपण (रु. हजार) | % | २०८५/८६ को खर्च प्रक्षेपण (रु. हजार) | % |
|---|---|---|---|---|---|---|---|
| अत्यन्त सान्दर्भिक (वन, जलाधार, सिँचाइ, वातावरण, विपद् व्यवस्थापन, वैकल्पिक ऊर्जा, खानेपानी आदि) | ३४ | ८८,००० | १३.८ | ९४,५०० | १४.२ | १०२,००० | १४.६ |
| सान्दर्भिक (कृषि, पर्यटन, वस्ती विकास, सडक, स्वास्थ्य, शिक्षा, ICT आदि) | ७३ | २६५,००० | ४१.६ | २७८,००० | ४१.८ | २९३,००० | ४१.९ |
| तटस्थ (प्रशासनिक तथा कार्यालय सञ्चालन, सुशासन, राजस्व, संघीय तथा प्रदेश सशर्त कार्यक्रमको केही हिस्सा आदि) | ४८ | २८३,८७० | ४४.६ | २९३,००० | ४४.० | ३०३,८०० | ४३.५ |
| कुल जम्मा | १५५ | ६३६,८७० | १००.० | ६६५,५०० | १००.० | ६९८,८०० | १००.० |

### विश्लेषण

- कुल बजेटमध्ये करिब ५५—५७ प्रतिशत बजेट जलवायु परिवर्तनसँग प्रत्यक्ष (अत्यन्त सान्दर्भिक) वा अप्रत्यक्ष (सान्दर्भिक) सम्बन्धित कार्यक्रमहरूमा विनियोजन गरिएको छ।
- वन तथा जैविक विविधता, भू—संरक्षण तथा जलाधार, सिँचाइ, वातावरण तथा स्वच्छता, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन, वैकल्पिक ऊर्जा तथा खानेपानी जलवायु बजेटका प्रमुख प्रत्यक्ष क्षेत्रहरू हुन्।
- कृषि तथा पशुपालन, सडक तथा यातायात, वस्ती विकास, पर्यटन, स्वास्थ्य, शिक्षा तथा सूचना प्रविधि जस्ता क्षेत्रहरूले जलवायु उत्थानशीलता (Climate Resilience) र हरित विकासलाई अप्रत्यक्ष रूपमा सुदृढ गर्ने भएकाले सान्दर्भिक जलवायु बजेटमा समावेश गरिएका छन्।
- तटस्थ शीर्षकअन्तर्गतका प्रशासनिक सञ्चालन, संस्थागत क्षमता विकास, सुशासन, राजस्व परिचालन तथा संघीय/प्रदेश सशर्त कार्यक्रमका सामान्य प्रशासनिक अंशहरू समावेश गरिएको छ।

## २.१० विषय क्षेत्रगत बाँडफाँट

| विषय क्षेत्र | % | २०८३/८४ कुल | चालु | पुँजीगत | २०८४/८५ कुल | चालु | पुँजीगत | २०८५/८६ कुल | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपालन | ०.४७ | ३,००० | २,१०० | ९०० | ३,३०० | २,२५० | १,०५० | ३,६०० | २,४०० | १,२०० | ९,९०० |
| सिँचाइ | ०.४७ | ३,००० | ५०० | २,५०० | ३,५०० | ६०० | २,९०० | ३,९०० | ७०० | ३,२०० | १०,४०० |
| पर्यटन तथा संस्कृति | ०.०९ | ६०० | ३०० | ३०० | १,४०० | ५०० | ९०० | १,७०० | ६०० | १,१०० | ३,७०० |
| उद्योग, व्यापार तथा आपूर्ति | ०.०८ | ५०० | ४०० | १०० | ६०० | ४५० | १५० | ७०० | ५०० | २०० | १,८०० |
| सहकारी तथा वित्तीय सेवा | ०.०५ | ३०० | २५० | ५० | ३५० | ३०० | ५० | ४०० | ३५० | ५० | १,०५० |
| श्रम तथा रोजगारी | ०.२८ | १,८०० | १,५०० | ३०० | २,००० | १,५५० | ४५० | २,३०० | १,७०० | ६०० | ६,१०० |
| शिक्षा, विज्ञान तथा प्रविधि | ०.७५ | ४,८०० | ४,१०० | ७०० | ५,४०० | ४,३०० | १,१०० | ६,००० | ४,५०० | १,५०० | १६,२०० |
| स्वास्थ्य तथा पोषण | ०.७९ | ५,००० | ४,३०० | ७०० | ६,००० | ४,८०० | १,२०० | ७,००० | ५,२०० | १,८०० | १८,००० |
| खानेपानी तथा सरसफाइ | ०.०९ | ६०० | १०० | ५०० | १,५०० | ३०० | १,२०० | २,४०० | ४०० | २,००० | ४,५०० |
| महिला तथा लक्षित वर्ग | ०.९४ | ६,००० | ५,६०० | ४०० | ७,५०० | ६,६०० | ९०० | ९,००० | ७,६०० | १,४०० | २२,५०० |
| युवा तथा खेलकुद | ०.३५ | २,२०० | १,८०० | ४०० | २,४०० | १,९०० | ५०० | २,७०० | २,१०० | ६०० | ७,३०० |
| वस्ती विकास, आवास, भवन तथा सार्वजनिक निर्माण | २.६७ | १७,००० | २,००० | १५,००० | १८,५०० | २,२०० | १६,३०० | २०,००० | २,५०० | १७,५०० | ५५,५०० |
| सडक तथा यातायात | ४.७१ | ३०,००० | २,५०० | २७,५०० | ३३,००० | २,८०० | ३०,२०० | ३६,००० | ३,००० | ३३,००० | ९९,००० |
| विद्युत तथा वैकल्पिक ऊर्जा | ०.१३ | ८०० | ३०० | ५०० | ९०० | ३०० | ६०० | १,००० | ३०० | ७०० | २,७०० |
| सूचना, सञ्चार तथा प्रविधि | ०.१६ | १,००० | ७०० | ३०० | १,२०० | ७५० | ४५० | १,५०० | ८५० | ६५० | ३,७०० |
| वन, जैविक विविधता तथा हरियाली | ०.१४ | ९०० | ४०० | ५०० | १,००० | ४०० | ६०० | १,१०० | ४०० | ७०० | ३,००० |
| भू–संरक्षण तथा जलाधार | ०.११ | ७०० | २०० | ५०० | ८०० | २०० | ६०० | ९०० | २०० | ७०० | २,४०० |
| वातावरण तथा स्वच्छता | ०.१४ | ९०० | ५०० | ४०० | १,००० | ५०० | ५०० | १,१०० | ५०० | ६०० | ३,००० |
| विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन | ०.३९ | २,५०० | ८०० | १,७०० | २,८०० | ९०० | १,९०० | ३,२०० | १,००० | २,२०० | ८,५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नीति, कानुन, न्याय तथा सुशासन | **२.९८** | १८,९५० | १५,५०० | ३,४५० | २०,००० | १६,००० | ४,००० | २१,५०० | १६,५०० | ५,००० | ६०,४५० |
| संगठन, मानव स्रोत तथा क्षमता विकास | **२१.७३** | १,३८,४०० | १,२८,००० | १०,४०० | १,४२,५०० | १,२९,००० | १३,५०० | १,४६,८०० | १,२९,५०० | १७,३०० | ४,२७,७०० |
| स्रोत परिचालन | **०.१४** | ९०० | ८०० | १०० | १,००० | ८५० | १५० | १,१०० | ९०० | २०० | ३,००० |
| योजना व्यवस्थापन तथा अनुगमन | **०.३९** | २,५०० | १,७०० | ८०० | २,७०० | १,८०० | ९०० | ३,००० | १,९०० | १,१०० | ८,२०० |
| **संघीय तथा प्रदेश सशर्त/समपूरक/विशेष कार्यक्रम** | **५०.२४** | **३,१९,९७१** | **२,२०,१४९** | **९९,८२२** | **३,३३,४५०** | **२,२१,४५०** | **१,१२,०००** | **३,४७,८००** | **२,१८,०००** | **१,२९,८००** | **१०,००,२२१** |
| **जम्मा** | **१००.००** | **६,३६,८७०** | **३,९७,९९९** | **२,३८,८७१** | **६,६५,५००** | **४,०३,९५०** | **२,६१,५५०** | **६,९८,८००** | **४,०४,७००** | **२,९४,१००** | **२०,००१,१७०** |

## चालु—पुँजीगत अनुपात

| आ.व. | कुल सिलिङ (रु. हजार) | चालु खर्च | पुँजीगत खर्च | चालु : पुँजीगत अनुपात |
|---|---|---|---|---|
| २०८३/८४ | ६,३६,८७० | ३,९७,९९९ (६२.५%) | २,३८,८७१ (३७.५%) | १.६७ : १ |
| २०८४/८५ | ६,६५,५०० | ४,०३,९५० (६०.७%) | २,६१,५५० (३९.३%) | १.५४ : १ |
| २०८५/८६ | ६,९८,८०० | ४,०४,७०० (५७.९%) | २,९४,१०० (४२.१%) | १.३८ : १ |

**परिच्छेद ४ः**
**आर्थिक क्षेत्र**

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

ढोरपाटन नगरपालिकाको कुल क्षेत्रफल २२२.८५ वर्ग किलोमिटर मध्ये **४२.३५ प्रतिशत भाग (९४.३७ वर्ग कि.मी.)** कृषि क्षेत्रले ओगटेको छ। नगरपालिकाको कुल जनसङ्ख्याको **६९.४ प्रतिशत** हिस्साको मुख्य पेसा कृषि तथा पशुपालन रहेको छ। यस क्षेत्रमा खाद्यान्न र तरकारी दुवैको प्रचुर सम्भावना भए तापनि उत्पादित कृषि उपजले वर्षैभरी खान पुग्ने परिवार सङ्ख्या **२.५८ प्रतिशत** मात्र रहेको छ, जसका कारण खाद्यान्न आपूर्तिमा अन्य क्षेत्रमा निर्भर रहनुपर्ने बाध्यता छ।

यहाँ समशितोष्ण र शितोष्ण गरी दुई प्रकारको जलवायु पाइने हुनाले कृषि जैविक विविधताका दृष्टिकोणले यो क्षेत्र अत्यन्त धनी छ। तल्लो र मध्य (समशितोष्ण) क्षेत्रमा सुन्तलाजातका फलफूल, केरा, मेवा र मसला बालीको सम्भावना छ भने माथिल्लो (शितोष्ण) क्षेत्रमा आलु, स्याउ, नास्पाती, बेलौती, आरु, आरुबखडा, किवी र ओखर जस्ता फलफूलका साथै भेडा, च्याङ्ग्रा र मौरीपालनको बलियो सम्भावना रहेको छ। हाल यहाँ निर्वाहमुखी कृषि प्रणालीको बाहुल्यता रहेकाले यस क्षेत्रलाई वैज्ञानिकीकरण र व्यवसायीकरण गरी आर्थिक समृद्धि र निर्यात प्रवर्द्धनको मुख्य आधार बनाउने योजना यस आवधिक योजनाले अघि सारेको छ।

### ४.१.२ समस्या तथा चुनौती

ढोरपाटन नगरपालिकामा कृषि र पशुपालनको प्रचुर सम्भावना भए तापनि यो क्षेत्र अझै पनि परम्परागत, निर्वाहमुखी र मनसुनमा आधारित छ। भौगोलिक विकटता र सडक निर्माणका कारण पानीका स्रोतहरू सुक्दा सिँचाइ सुविधाको चरम अभाव छ भने भू-उपयोग नीतिको अभावमा खेतीयोग्य जमिन खण्डकीकरण र संकुचन हुँदै गएको छ। कृषकहरूले समयमा गुणस्तरीय बीउ, मल, आधुनिक कृषि यन्त्र र दक्ष प्राविधिक सेवा पाउन सकेका छैनन्। उत्पादित उपजको उचित मूल्य निर्धारण नहुनु, संकलन केन्द्र र चिस्यान केन्द्र (Cold Storage) को अभाव हुनु तथा कृषि कर्जा र बीमामा पहुँच नहुँदा उत्पादन लागतको तुलनामा प्रतिफल न्यून छ। यसले गर्दा कृषि पेसा चुनौतीपूर्ण बनेको छ।

यस उपक्षेत्रको मुख्य चुनौती तीव्र बसाइँसराइ र वैदेशिक रोजगारीका कारण कृषि क्षेत्रबाट युवा श्रमशक्तिको व्यापक पलायन हुनु र खेतीयोग्य जमिन बाँझो छाड्ने प्रवृत्ति बढ्नु हो। वन्यजन्तुको प्रकोपका कारण बालीनाली जोगाउन कठिन हुनु, यान्त्रिकीकरणका लागि सीप र अनुदानको कमी हुनु तथा रैथाने जातका बालीनाली लोप हुनु यहाँका प्रमुख जोखिम हुन्। अतः यी समस्याहरूलाई चिर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, प्रतिस्पर्धी, नाफामूलक र सम्मानजनक व्यवसायका रूपमा रूपान्तरण गर्नु नै नगरपालिकाको मुख्य चुनौती हो।

### ४.१.३ सम्भावना र अवसर

- **पर्याप्त स्रोत र जनशक्तिः** ६९.४% घरपरिवार कृषिमा संलग्न; उर्वर भूमि, अनुकूल हावापानी र कृषि प्राविधिकहरूको उपलब्धता।
- **पूर्वाधार र बजार पहुँचः** निर्माणाधीन कृषि सङ्कलन केन्द्र तथा बुर्तिवाङ, बागलुङ, पोखरा, बुटवल र काठमाडौंसम्म जोडिएको सडक सञ्जाल।

- **नीतिगत प्राथमिकता:** स्थानीय सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्र उच्च प्राथमिकतामा रहेको र प्राङ्गारिक उत्पादनमा जोड।

- **व्यावसायीकरण र पकेट क्षेत्र:** सम्भाव्य क्षेत्र पहिचान गरी कृषि पकेट, जोन वा सुपरजोनका रूपमा विकास गर्न सकिने।
- **बजारीकरण तथा निर्यात:** स्थानीय र छिमेकी पालिकाहरू (तमानखोला, निसिखोला, बडिगाड) लगायत ठूला सहरहरूमा बाली, मासु, दूध, र मह निर्यातको उच्च सम्भावना।
- **आधुनिकीकरण र प्रोत्साहन:** कृषि सडक, सिँचाइ सुविधा, युवा लक्षित कार्यक्रम, पशु बिमा तथा गोठ सुधारमार्फत उत्पादन वृद्धि।
- **विविधीकरण:** व्यावसायिक पशुपालन (बाख्रा, भेडा, बङ्गुर, कुखुरा), जैविक कृषि, कृषि-वन र कृषि पर्यटन (Agro-tourism) को प्रवर्द्धन।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच:** वैज्ञानिक, व्यावसायिक, उच्च प्रतिफलयुक्त र निर्यातमुखी कृषि तथा पशुपालन।

**लक्ष्य :** कृषिको यान्त्रिकीकरण र व्यवसायीकरणमार्फत सक्षम कृषक, उच्च उत्पादन र उत्पादकत्व वृद्धि।

#### उद्देश्यहरू

१. स्थानीय तथा रैथाने बाली र पशुधनको संरक्षण तथा संवर्द्धन गर्ने।
२. निर्वाहमुखी कृषिलाई दिगो, व्यावसायिक र बजारमुखी प्रणालीमा रूपान्तरण गर्ने।
३. कृषि उत्पादन र उत्पादकत्व बढाई नगरपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाउने।

### ४.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा | प्रतिशत | २३.५ | २३.५ | २३.३ | २३.० | २२.७ |
| २ | कृषि उपजहरूको वार्षिक मूल्य (एकमुष्ट) | रु. करोड | १०.८ | १०.८ | ११.५ | १२.५ | १४.० |
| ३ | पशुपंक्षी र सोजन्य उत्पादन मूल्य (वार्षिक) | रु. करोड | २.३ | २.३ | ३.१ | ३.५ | ४.२ |
| ४ | गैर कृषि पेसा (उद्यम, व्यापार, | प्रतिशत | ३१.६ | ३१.६ | ३२.० | ३२.३ | ३२.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जागिर) मा निर्भर जनसंख्या | | | | | | |
| ५ | कृषि तथा पशुपंक्षीपालन व्यवसायमा संलग्न परिवार | प्रतिशत | ६९.४ | ६९.४ | ६८.० | ८७.७ | ८७.५ |
| ६ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | प्रतिशत | - | ० | ६ | ८ | १० |
| ७ | कृषि उद्यमी व्यावसायिक विशेष अभिमुखीकरण, तालिम तथा अन्तरक्रिया | पटक | - | १ | २ | २ | २ |
| ८ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैंक स्थापना | संख्या | - | ० | ० | १ | ० |
| ९ | कृषक पाठशाला तथा शिक्षक | संख्या | - | ० | ० | १ | ० |
| १० | किसान क्लब | संख्या | - | ० | ० | १ | ० |
| ११ | बीउ बिजन खरिदमा अनुदान | प्रतिशत | - | ५० | ५० | ५० | ५० |
| १२ | वडास्तरीय बीज बैङ्क (Seed Bank) | संख्या | - | ० | १ | २ | २ |
| १३ | जडीबुटीको प्रोफाइल (Profile) | संख्या | - | ० | १ | ० | ० |
| १४ | कृषि निर्देशिका तथा नीति तर्जुमा | संख्या | - | ० | १ | ० | ० |
| १५ | कृषि पकेट क्षेत्र सम्भाव्यता अध्ययन | संख्या | - | ० | १ | ० | ० |
| १६ | पकेट क्षेत्रस्तरीय शीतभण्डार (Cold Storage) | संख्या | - | ० | ० | १ | १ |
| १७ | दूध पकेट क्षेत्रस्तरीय चिस्यान केन्द्र (Chilling Center) स्थापना | संख्या | - | ० | ० | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | जडीबुटी संकलन तथा प्रशोधन केन्द्र | संख्या | - | ० | ० | ० | ० |
| १९ | कृषि अनुसन्धान केन्द्र | संख्या | - | ० | ० | १ | ० |
| २१ | सामुदायिक कृषि सेवा केन्द्र स्थापना | संख्या | - | ० | १ | २ | २ |
| २१ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र | संख्या | - | ० | ० | ० | १ |
| २२ | नगरपालिकास्तरीय कृषि कलिङ सेन्टर (Call Center) | संख्या | - | ० | ० | १ | ० |
| २३ | व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | - | ० | १८ | २५ | ३५ |
| २४ | धान व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | ३.१ | ३.२ | ३.३ | ३.४ |
| २५ | मकै व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | ३.१ | ३.२ | ३.५ | ३.५ |
| २६ | कोदो व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | १.४ | १.५ | १.६ | १.७ |
| २७ | फापर व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | ०.९ | १.० | १.१ | १.१५ |
| २८ | जौ र गहुँ व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | २.५ | २.८ | ३.० | ३.० |
| २९ | तरकारी व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | १८.५ | १८.८ | १९.१ | १९.२ |
| ३० | फलफूल उत्पादन प्रति हेक्टर | मे. टन | - | ७.४ | ७.६ | ७.८ | ८.० |
| ३१ | मह उत्पादन | केजी | - | ० | १५०० | २२०० | ३००० |
| ३२ | च्याउखेती व्यावसायिक उत्पादन | केजी | - | ० | १५०० | १८०० | २००० |
| ३३ | आलु व्यावसायिक उत्पादन प्रति हेक्टर | मे. टन | - | १६.२५ | १६.५ | १७.० | १७.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | सुन्तला/कागती व्यावसायिक उत्पादन | मे. टन | - | ११११ | १२०० | १५०० | २००० |
| ३५ | ओखर व्यावसायिक उत्पादन | केजी | - | - | ६०० | १००० | १२०० |
| ३६ | स्याउ व्यावसायिक उत्पादन | मे. टन | - | २९.९२ | ३०.० | ५०.० | ७०.० |
| ३७ | टिमुर व्यावसायिक उत्पादन | केजी | - | - | ५०० | ७०० | १००० |
| ३८ | किभी व्यावसायिक उत्पादन | मे. टन | - | - | ४.० | ४.५ | ५.० |
| ३९ | जडीबुटी व्यावसायिक उत्पादन | केजी | - | - | ६५० | ७०० | ९०० |
| ४० | अगुवा वा व्यावसायिक कृषक | संख्या | - | १३१ | १५० | २०० | २१५ |
| ४१ | क्रियाशील ग्रामीण कृषि कार्यकर्ता | संख्या | - | ९ | १० | १२ | १५ |
| ४२ | स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | - | - | ६० | ७५ | १०० |
| ४३ | गोठ तथा भकारो सुधार | पटक | - | १ | १ | १ | १ |
| ४४ | मासु पसल सुधार | संख्या | - | ० | १ | ० | १ |

### ४.१.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु— समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रिकीकरण तथा आधुनिक कृषि प्रविधि विस्तार कार्यक्रम | कृषि उत्पादन लागत घटाई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | २०८३—२०८६ | २,५०० | • ५०% अनुदानमा मिनिटिलर, कम्बाइन्ड मिल लगायत आधुनिक कृषि औजार वितरण हुने। • कृषिमा यान्त्रिकीकरण विस्तार भई उत्पादन लागत घट्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | उन्नत बीउ, बाली विकास तथा फलफूल प्रवर्द्धन कार्यक्रम | उन्नत बीउ, फलफूल तथा उच्च मूल्यका बालीको उत्पादन वृद्धि गर्ने | २०८३—२०८६ | २,००० | • मकैको उन्नत बीउ वितरण हुने। • फलफूल खेती विस्तार तथा बाँझो जमिन उपयोग हुने। • मौरीपालन विस्तार भई परागसेचन तथा मह उत्पादन बढ्ने। |
| ३ | व्यावसायिक तरकारी खेती, जैविक कृषि तथा कृषक क्षमता विकास कार्यक्रम | व्यावसायिक कृषि प्रवर्द्धन तथा सुरक्षित खाद्य उत्पादन बढाउने | २०८३—२०८६ | १,८०० | • बेमौसमी तरकारी खेती विस्तार हुने। • जैविक विषादी तथा जैविक सामग्री प्रयोग बढ्ने। • कृषक क्षमता अभिवृद्धि हुने। |
| ४ | साना सिँचाइ तथा कृषि सेवा सुदृढीकरण कार्यक्रम | उत्पादनशील कृषि क्षेत्र विस्तार र प्रभावकारी प्राविधिक सेवा उपलब्ध गराउने | २०८३—२०८६ | १,५०० | • साना सिँचाइ संरचना विस्तार हुने। • कृषि प्राविधिक सेवा तथा बाली संरक्षण प्रणाली सुदृढ हुने। |
| ५ | व्यावसायिक पशुपालन तथा दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम | पशुपालनलाई व्यावसायिक बनाई दूध तथा मासु उत्पादन वृद्धि गर्ने | २०८३—२०८६ | २,२०० | • दूध उत्पादनमा आधारित अनुदान सञ्चालन हुने। • पशु बधस्थल तथा मासु पसल सुधार हुने। • पशु बीमा र घाँस विकास कार्यक्रम विस्तार हुने। |
| ६ | पशु स्वास्थ्य, कृत्रिम गर्भाधान तथा महामारी नियन्त्रण कार्यक्रम | पशु स्वास्थ्य सेवा सुदृढ गरी उत्पादन वृद्धि तथा रोग नियन्त्रण गर्ने | २०८३—२०८६ | २,३०० | • पशु औषधि, कृत्रिम गर्भाधान तथा प्रयोगशाला सेवा विस्तार हुने। • महामारी रोग नियन्त्रण प्रणाली प्रभावकारी हुने। |
| ७ | कृषक तथा पशुपालक प्रोत्साहन, अनुगमन तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम | उत्कृष्ट कृषकलाई प्रोत्साहन तथा सेवा प्रणाली सुदृढ गर्ने | २०८३—२०८६ | ९०० | • उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन हुने। • नियमित अनुगमन तथा प्राविधिक सहयोग उपलब्ध हुने। |

### ४.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान (रु. हजारमा)

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | **५,३००** | ३,५०० | १,८०० | ७९५ | ३,१८० | १,३२५ |
| २०८४/८५ | **५,८००** | ३,७०० | २,१०० | ८७० | ३,४८० | १,४५० |
| २०८५/८६ | **६,३००** | ३,८०० | २,५०० | ९४५ | ३,७८० | १,५७५ |
| **जम्मा** | **१७,४००** | **११,०००** | **६,४००** | **२,६१०** | **१०,४४०** | **४,३५०** |

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

कृषि उत्पादन र उत्पादकत्व वृद्धिको प्रमुख आधार सिँचाइ हो। यस नगरपालिकामा कृषक परिवारले भोगचलन गरेको कुल **२,३३०.४ हेक्टर** जग्गामध्ये हाल मात्र **१२४ हेक्टर (करिब ५.३ प्रतिशत)** भूमिमा सिँचाइ सुविधा उपलब्ध छ। अधिकांश खेतीयोग्य जमिनमा अझै पनि आकासे पानीको भरमा परम्परागत खेती भइरहेको छ। बडिगाड खोला, निसी, भुजी, तमान खोला तथा स्थानीय साना खोल्सीहरू जलस्रोतका मुख्य आधार हुन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही परम्परागत कुलोहरूको मर्मत-सम्भार, बाह्रै महिना हुने सिँचाइ क्षेत्रको विस्तार, र लिफ्टिङ तथा थोपा सिँचाइजस्ता नवीन प्रविधिको अवलम्बन गरी सिँचित क्षेत्र विस्तार गर्नु नितान्त जरुरी देखिन्छ।

### ४.२.२ समस्या, चुनौती तथा जोखिमहरू

- **आकासे पानीमा निर्भरताः** खेतीयोग्य भूमि धेरै भए पनि वर्षैभरि भरपर्दो सिँचाइको अभाव हुनु।
- **भौगोलिक विकटता र प्रविधिः** धेरै अग्लो, होचो र भिरालो जमिन हुनु; परम्परागत कुलोहरूको नियमित मर्मत-सम्भार हुन नसक्नु।
- **बजेट तथा चासोको कमीः** सिँचाइ आयोजनाहरू खर्चिलो हुनु तर भौतिक पूर्वाधार (सडक आदि) को तुलनामा सिँचाइमा लगानी र सामुदायिक चासो कम हुनु।
- **श्रोतको अभावः** उच्च भूभागका कृषियोग्य भूमिमा सतही सिँचाइ असम्भव हुनु र लिफ्टिङ प्रविधि महँगो हुनु।

- उपलब्ध सबै कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउनु।
- जलवायु परिवर्तनका कारण पानीका मुहानहरू सुक्दै गएको अवस्थामा जलस्रोतको दिगो सुनिश्चितता गर्नु।

### ४.२.३ सम्भावना तथा अवसरहरू

- **जलस्रोतको उपलब्धताः** पालिकाभित्र बडिगाड, निसी, भुजी र तमान जस्ता सदाबहार नदी तथा असंख्य साना खोल्सी एवं मुहानहरू रहनु।
- **प्रारम्भिक प्रयासः** आकासे पानी सङ्कलनको अभ्यास र सबै वडाहरूमा सम्भावित सिँचाइ आयोजनाहरूको पहिचान कार्यको थालनी हुनु।

- **योजनाबद्ध विकासः** सिँचाइ गुरुयोजना (Irrigation Master Plan) बनाई लघु तथा मझौला सिँचाइ आयोजनाहरूको दिगो व्यवस्थापन गर्न सकिने।
- **प्रविधि गुणात्मकताः** सतही सिँचाइ असम्भव भएका उच्च भूभागमा लिफ्टिङ, थोपा सिँचाइ र पानी सङ्कलन पोखरी (Water Harvesting Tank) जस्ता वैकल्पिक प्रविधिको विस्तार गर्न सकिने।
- **आर्थिक समृद्धिः** सिँचाइ सुविधा विस्तारमार्फत कृषि उत्पादन बढाई पालिकालाई खाद्य सुरक्षा र आर्थिक रूपमा सबल बनाउने उच्च सम्भावना हुनु।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : दिगो सिँचाइको पूर्वाधार, उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार।

**लक्ष्यः** सिँचाइ प्रणालीको आधुनिक विकास र जलस्रोतको कुशल व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने।

*उद्देश्यहरू*

१. परम्परागत सिँचाइ संरचनामा सुधार तथा मर्मत गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतहरूको पहिचान र विकास गर्ने।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वर्षैभरी पुऱ्याउन दिगो, प्रविधिमैत्री र सहभागितामूलक सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्ने।

**४.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | बाह्रै महिना सिँचाइ हुने क्षेत्र | हेक्टर | - | १२४ | १५० | २०० | ३०० |
| २ | कुल खेतीयोग्य जमिनमध्ये सिँचित जमिन | हेक्टर | - | २०७ | २५० | ३०० | ३५० |
| ३ | सिँचाइ विस्तारका कारण कृषिजन्य उत्पादनमा वृद्धि | प्रतिशत | - | ८.० | १०.२ | ११.० | १२.० |
| ४ | प्रयोगमा आएका आधुनिक सिँचाइ प्रविधि (सतह, पोखरी आदि) | संख्या | - | १२ | १५ | १७ | २० |
| ५ | मुहान तथा जलाधार क्षेत्र संरक्षण | संख्या | - | ३ | ५ | ७ | १० |
| ६ | सिँचाइका वैकल्पिक स्रोतहरूको सम्भाव्यता अध्ययन | संख्या | - | ० | १ | ० | ० |
| ७ | लिफ्टिङ प्रणालीबाट सिँचाइ आयोजना | संख्या | - | ३ | ४ | ५ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | वर्षातको पानी सङ्कलन तथा प्लास्टिक पोखरी निर्माण | संख्या | - | ० | ९ | ९ | ९ |
| ९ | सिँचाइ संरचनाको मर्मत-सम्भारका लागि सामूहिक कोष परिचालन | संख्या | - | १ | १ | १ | ० |
| १० | नयाँ सतह र भूमिगत सिँचाइका आयोजनाहरू | संख्या | - | ० | ५ | ७ | १० |

### ४.३.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | परम्परागत कुलो सुधार तथा नयाँ सतह सिँचाइ आयोजना | सिँचित क्षेत्र विस्तार तथा कृषि उत्पादकत्व वृद्धि | २०८३—२०८६ | १,२०० | १० वटा सिँचाइ संरचना निर्माण तथा सिँचित क्षेत्र ३५० हेक्टर पुग्ने |
| २ | उच्च भूभाग लिफ्टिङ सिँचाइ प्रणाली प्रवर्द्धन | उच्च भूभागमा वर्षभरि सिँचाइ सुविधा विस्तार गर्ने | २०८३—२०८६ | १,३०० | ६ वटा लिफ्टिङ सिँचाइ प्रणाली सञ्चालनमा आउने |
| ३ | प्लास्टिक पोखरी तथा आकासे पानी सङ्कलन कार्यक्रम | वर्षायामको पानी सञ्चय गरी हिउँदे खेती विस्तार गर्ने | २०८३—२०८६ | ५०० | २० वटा प्लास्टिक पोखरी तथा थोपा सिँचाइ प्रणाली विस्तार हुने |
| ४ | जलस्रोत, मुहान तथा जलाधार संरक्षण कार्यक्रम | मुहान संरक्षण तथा जलस्रोतको दिगोपन कायम गर्ने | २०८३—२०८६ | ७०० | १० वटा मुहान तथा जलाधार क्षेत्र संरक्षण हुने |
| ५ | सिँचाइ गुरुयोजना तथा सम्भाव्यता अध्ययन | योजनाबद्ध तथा दीर्घकालीन सिँचाइ विकास सुनिश्चित गर्ने | २०८३—२०८४ | ३०० | सिँचाइ गुरुयोजना तथा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार हुने |
| ६ | सिँचाइ संरचना मर्मत तथा सामूहिक कोष सञ्चालन | निर्मित आयोजनाको दिगोपन र उपभोक्ता क्षमता अभिवृद्धि गर्ने | २०८३—२०८६ | ५०० | मर्मत सम्भार कोष स्थापना तथा उपभोक्ता समितिको क्षमता विकास हुने |
| | जम्मा | | | ४,५०० | |

### ४.२.७ बिषयक्षेत्र गत खर्च र स्रोत को त्रि बर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट (रु. हजारमा) | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १,३०० | ३०० | १,००० | १९५ | ७८० | ३२५ |
| २०८४/८५ | १,५०० | ३०० | १,२०० | २२५ | ९०० | ३७५ |
| २०८५/८६ | १,७०० | ३०० | १,४०० | २५५ | १,०२० | ४२५ |
| **जम्मा** | **४,५००** | **९००** | **३,६००** | **६७५** | **२,७००** | **१,१२५** |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

ढोरपाटन नगरपालिकाको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले पर्यटन क्षेत्र आर्थिक विकास, आयआर्जन र रोजगारी सिर्जनाको प्रमुख स्तम्भ हो। यस नगरपालिकाभित्र नेपालकै एक मात्र **ढोरपाटन शिकार आरक्ष** सहित पिस पाटन, रुद्रताल, दुरलेक, अर्नाकोट, महखोला झरना जस्ता अद्वितीय प्राकृतिक एवं वातावरणीय गन्तव्यहरू रहेका छन्। साथै, भीरमौरीको मह काढ्ने (हनी हन्टिङ), तारा हान्ने खेल, परम्परागत लोकभाका तथा रैथाने भेषभूषा जस्ता मूर्त र अमूर्त सांस्कृतिक सम्पदाले यो क्षेत्र धनी छ। हाल यहाँ आन्तरिक पर्यटकहरूको सामान्य आवतजावत रहे पनि बाह्य पर्यटन क्षेत्र प्रायः शून्य छ। पर्यटकीय पूर्वाधार, सडक सञ्जाल, स्तरीय होटल तथा होमस्टे (Home Stay) को योजनाबद्ध विकास र प्रचार-प्रसार गर्न सके पर्यटन व्यवसाय यहाँको जनजीवनको दिगो आर्थिक आधार बन्ने निश्चित देखिन्छ।

### ४.३.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **पूर्वाधार र योजनाको अभावः** एकीकृत पर्यटन गुरुयोजना नबन्नु, पर्यटकीय स्थलहरूमा आवतजावतका लागि सहज पैदल मार्ग, यातायात र सुरक्षा पूर्वाधारको कमी हुनु।
- **प्रचार-प्रसार र उद्यमशीलताको कमीः** प्रचुर सम्भावना भए तापनि ब्राण्डिङ र प्रविधिसम्मत प्रचार-प्रसार हुन नसक्नु तथा स्थानीय उत्पादनलाई पर्यटन व्यवसायसँग जोड्न नसकिनु।
- **दक्ष जनशक्तिको अभावः** पर्यटन तथा आतिथ्य (Hospitality) क्षेत्रमा काम गर्ने स्थानीय दक्ष जनशक्तिका साथै परम्परागत लोकभाका र कला संस्कृतिको संवर्द्धनमा संस्थागत प्रयासको कमी हुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- युवा वर्गको वैदेशिक पलायनका कारण पर्यटन विकासका लागि आवश्यक मानव संसाधन व्यवस्थापन गर्नु।
- सूचना प्रविधि र पश्चिमा संस्कृतिको बढ्दो प्रभावका कारण रैथाने संस्कृति, मौलिकता र लोकभाका लोप हुने जोखिम रहनु।
- पर्यटन क्षेत्रमा निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी आकर्षित गर्नु तथा पर्यटकको सुरक्षा एवं आपत्कालीन उद्धारको उचित प्रबन्ध मिलाउनु।

### ४.३.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **अद्वितीय गन्तव्यः** नेपालकै एकमात्र शिकार आरक्ष (ढोरपाटन), अर्नाकोट, रुद्रताल जस्ता प्राकृतिक सौन्दर्य र ऐतिहासिक धरोहरहरूको उपस्थिति।

- **सांस्कृतिक विविधता र आतिथ्यः** मिलनसार समुदाय, अर्गानिक रैथाने खानपान, घोडचढी, आलु/स्याउ खेती र मौलिक भेषभूषा।

*ख) सम्भावना र अवसरहरू*

- **पर्यटन गुरुयोजना र पूर्वाधारः** पर्यटन गुरुयोजना निर्माण गरी पदमार्ग, घरवास (Homestay) र स्तरीय होटलहरूको सञ्जाल विस्तार गर्न सकिने।
- **बहुआयामिक पर्यटन (Diversification):** पर्या-पर्यटन (Eco-tourism), सांस्कृतिक पर्यटन, साहसिक पर्यटन र कृषि-पर्यटन (Agro-tourism) को रूपमा विविधीकरण गर्न सकिने।
- **संस्कृतिलाई अर्थोपार्जनमा रूपान्तरणः** वार्षिक पर्यटन महोत्सव आयोजना, भीरमौरी मह काढ्ने (Hing Hunting) कलाको ब्राण्डिङ, र लोपोन्मुख बाजागाजा/लोकभाका संरक्षण गरी मौलिक उत्पादनको बजारीकरण गर्न सकिने।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच (Vision):** धार्मिक, सांस्कृतिक तथा पर्या-पर्यटनसहितको पूर्वाधार, दिगो पर्यटन विकासको आधार।

**लक्ष्य (Goal):** दिगो र वातावरणमैत्री पर्यटन विकासमार्फत उत्पादन र रोजगारी वृद्धि गरी स्थानीय आर्थिक समृद्धि हासिल गर्ने।

*उद्देश्यहरू*

१. ऐतिहासिक, पुरातात्विक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र पूर्ण सदुपयोग गरी पर्यटन क्षेत्रको विकास गर्ने। २. पर्यटकीय गन्तव्यहरूको उचित व्यवस्थापन, विविधीकरण र राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गरी नगरपालिकालाई देशकै अग्रणी पर्यटकीय केन्द्रका रूपमा स्थापित गर्ने। ३. सार्वजनिक, निजी र सहकारी (PPP) मोडलमा पर्यटकीय पूर्वाधारहरूको गुणात्मक विकास गर्ने। ४. पर्यटन व्यवसाय सञ्चालनका लागि स्थानीय स्तरमा मानव संसाधन (दक्ष जनशक्ति) को विकास र क्षमता अभिवृद्धि गर्ने। ५. रैथाने संस्कृति, रैथाने उत्पादन र पर्यटनलाई एकीकृत गरी स्थानीय रोजगारी र आर्थिक सुदृढीकरणको मुख्य आधार बनाउने।

### ४.३.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | पहिचान तथा विकास गरिएका मुख्य पर्यटन क्षेत्र | संख्या | १५ | १५ | १६ | १७ | १८ |
| २ | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको संख्या | संख्या | - | ५० | १०० | १५० | १७० |
| ३ | पर्यटक सङ्ख्यामा वृद्धि दर (बाह्य पर्यटक) | प्रतिशत | - | ५.० | ७.० | १०.० | १५.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक संख्या | संख्या | - | २०,००० | ३०,००० | ४०,००० | ५०,००० |
| ५ | पर्यटन प्रोफाइल र गुरुयोजना (Profile & Master Plan) | संख्या | ० | ० | १ | ० | ० |
| ६ | पर्या-पर्यटन तथा ग्रामीण पर्यटन (Eco & Village Tourism) क्षेत्र | संख्या | - | २ | ५ | १० | १५ |
| ७ | सांस्कृतिक केन्द्र तथा कला सङ्ग्रहालय स्थापना | संख्या | ० | ० | १ | ० | ० |
| ८ | सोरठी, टप्पा, झ्याउरे नाचहरू प्रदर्शन तथा संरक्षण | संख्या | - | १ | १ | १ | १ |
| ९ | रैथाने सांस्कृतिक झाँकी तथा प्रवर्द्धन कार्यक्रम | संख्या | - | १ | १ | १ | १ |
| १० | सांस्कृतिक कोष स्थापना तथा परिचालन | संख्या | - | १ | ० | ० | ० |
| ११ | मौलिक भेषभूषा, रैथाने भाषा संरक्षण कार्यक्रम | संख्या | - | १ | निरन्तरता | निरन्तरता | निरन्तरता |
| १२ | परम्परागत तारा खेल (धनुषबाण) प्रतियोगिता आयोजना | संख्या | - | १ | १ | १ | १ |
| १३ | पालिकास्तरीय चाडपर्व मेला तथा पर्यटन महोत्सव | संख्या | - | १ | १ | १ | १ |
| १४ | स्थानीय कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | संख्या | - | ० | १ | १ | १ |
| १५ | निर्माण गरिएका नयाँ पर्यटकीय पदमार्ग (Trekking Trail) | संख्या | - | ० | ३ | ५ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | होमस्टे (Home Stay) प्रवर्द्धन तथा तालिमप्राप्त जनशक्ति | संख्या | - | ५ | १० | १३ | १६ |
| १७ | आरन सुधार तथा खुकुरी/हातहतियार बनाउने तालिमप्राप्त जनशक्ति | संख्या | - | ५ | ८ | ० | ० |
| १८ | टुरिष्ट तथा ट्रेकिङ गाइड (Guide) तालिमप्राप्त जनशक्ति | संख्या | ० | ० | ३ | ५ | १० |
| १९ | पर्यटन सूचना केन्द्र (Tourism Information Center) स्थापना | संख्या | ० | ० | ० | १ | ० |
| २० | पर्यटकीय स्तरका होटल तथा उपलब्ध बेड (Beds) | संख्या | - | ६० | ७० | ८० | १०० |
| २१ | सूचीकृत होमस्टे संख्या तथा उपलब्ध बेड (Beds) | संख्या | - | ५० | १०० | १५० | १८० |
| २२ | स्थानीय उत्पादनमा आधारित कोसेली घर सञ्चालन | संख्या | - | १ | ० | ० | १ |
| २३ | पर्यटकको प्रतिव्यक्ति दैनिक औसत खर्च | रु. (रु. मा) | - | १,५०० | २,५०० | २,५०० | ३,००० |
| २४ | पर्यटकको औसत बसाइ अवधि | दिन | - | २ | ३ | ३ | ४ |
| २५ | व्यवस्थित एवं प्रवर्द्धन गरिएका पर्यटकीय स्थलहरू | संख्या | - | ३ | ५ | ६ | ८ |
| २६ | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | - | ५ | ५ | ५ | ६ |
| २७ | मोडल कृषि पर्यटन (Agro-Tourism) सञ्चालन स्थान | संख्या | ० | ० | ० | १ | ० |
| २८ | व्यवस्थित वनभोज स्थल (Picnic | संख्या | - | ५ | ७ | ८ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Spot) तथा उद्यान/पार्क | | | | | | |
| **२९** | स्तरोन्नति गरिएका ऐतिहासिक एवं पुरातात्विक सम्पदा | संख्या | - | ६ | ७ | ८ | ९ |
| **३०** | स्थानीय संस्कृति, कला र साहित्यसम्बन्धी अध्ययन/अनुसन्धान | संख्या | ० | ० | १ | ० | २ |

### ४.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| **क्र.सं.** | **कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि (शुरु—समाप्ति)** | **कुल लागत (रु. हजारमा)** | **सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | पर्यटन गुरुयोजना तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन क्षेत्रको योजनाबद्ध विकास तथा प्रचारप्रसार गर्ने | २०८३—२०८४ | ५०० | • पर्यटन गुरुयोजना तयार भई कार्यान्वयन सुरु हुने। • पर्यटक आगमनमा वृद्धि हुने। |
| २ | गैरसरकारी साझेदारीमा तुरतुरे—ढोरपाटन प्रवेशद्वार (Gateway) निर्माण | नगरपालिकाको प्रमुख पर्यटकीय पहिचान स्थापना गर्ने | २०८३—२०८४ | ६०० | • PPP मोडलमा आकर्षक पर्यटन प्रवेशद्वार निर्माण सम्पन्न हुने। • नगरपालिकाको पर्यटन ब्रान्डिङ सुदृढ हुने। |
| ३ | पदमार्ग तथा पर्यटकीय पूर्वाधार विकास | पर्यटकीय पहुँच तथा सेवा सुविधा विस्तार गर्ने | २०८३—२०८६ | १,००० | • पदमार्ग सुधार तथा विश्रामस्थल निर्माण हुने। • पर्यटक बसाइ अवधि बढ्ने। |
| ४ | सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | स्थानीय संस्कृति, कला तथा सम्पदाको संरक्षण गर्ने | २०८३—२०८६ | ५०० | • ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा अभिलेखीकरण हुने। |
| ५ | होमस्टे तथा कृषि पर्यटन प्रवर्द्धन | ग्रामीण पर्यटन र स्थानीय आयआर्जन वृद्धि गर्ने | २०८३—२०८६ | ५०० | • होमस्टे सेवा विस्तार हुने। • स्थानीय उत्पादनको बजारीकरण हुने। |
| ६ | पर्यटन क्षमता विकास, गाइड तालिम तथा महोत्सव सञ्चालन | पर्यटन सेवाको गुणस्तर सुधार तथा रोजगारी सिर्जना गर्ने | २०८३—२०८६ | ६०० | • स्थानीय गाइड तथा पर्यटन उद्यमीलाई तालिम प्रदान हुने। • वार्षिक पर्यटन तथा सांस्कृतिक महोत्सव सञ्चालन हुने। |

| जम्मा | | | | ३,७०० | |
|---|---|---|---|---|---|

### ४.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १,१०० | ७०० | ४०० | १६५ | ६६० | २७५ |
| २०८४/८५ | १,२०० | ७०० | ५०० | १८० | ७२० | ३०० |
| २०८५/८६ | १,४०० | ८०० | ६०० | २१० | ८४० | ३५० |
| **जम्मा** | **३,७००** | **२,२००** | **१,५००** | **५५५** | **२,२२०** | **९२५** |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

ढोरपाटन नगरपालिकामा मुख्य बजार केन्द्र बुर्तिवाङ र मध्यपहाडी राजमार्गको सामीप्यताका कारण आर्थिक गतिविधिहरू क्रमशः विस्तार हुँदै गइरहेका छन्। हाल पालिकाका कुल ७,४८५ घरपरिवारमध्ये १३.३५% कृषि बाहेकका साना उद्योग व्यवसायमा, १०.३५% थोक व्यापार एवं अन्य व्यवसायमा र २.७५% सेवामूलक क्षेत्रमा संलग्न छन्। यहाँ घरेलु तथा साना उद्योग अन्तर्गत कुटानी-पिसानी मिल, फर्निचर, बाँस-निगालोका सामान, पाउरोटी, दुग्ध पदार्थ, सिस्नु पाउडर, मह प्रशोधन तथा होटल-रेस्टुरेन्ट व्यवसायहरू सञ्चालनमा छन्। यस क्षेत्रमा परम्परागत ढुङ्गाखानीका साथै तामा र फलाम खानीको प्रचुर सम्भावना छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय बजार व्यवस्थापन, वस्तुहरूको आपूर्ति, गुणस्तर मापन र व्यापार प्रवर्द्धनको अधिकार स्थानीय तहलाई छ। पालिकालाई आयातमुखीबाट आत्मनिर्भर र निर्यातमुखी बनाउन स्थानीय कच्चा पदार्थ, जडीबुटी र खनिजमा आधारित लघु, साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन र बजारीकरणमा सहजीकरण गर्नु अपरिहार्य देखिन्छ।

### ४.४.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **औद्योगिक पूर्वाधार र पुँजीको अभावः** साना तथा घरेलु उद्योग स्थापना र विस्तारका लागि आवश्यक वित्तीय पुँजी, यातायात, सञ्चार र भरपर्दो विद्युत् जस्ता पूर्वाधार अपर्याप्त हुनु।
- **दक्ष जनशक्ति र प्रविधिको कमीः** मझौला तथा ठूला उद्योगका लागि सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु; इच्छुक उद्यमीहरूका लागि मागमा आधारित व्यावसायिक तालिम र आधुनिक प्रविधिको कमी हुनु।
- **बजारीकरण र मूल्यको अनिश्चितताः** स्थानीय स्तरमा उत्पादित वस्तुहरूको बजार मूल्य सुनिश्चित नहुनु तथा खनिज एवं जडीबुटीहरूको व्यावसायिक पहिचान र उत्खनन हुन नसक्नु।

*ख) चुनौती तथा जोखिमहरू*

- युवा वर्गको वैदेशिक पलायनका कारण औद्योगिक विकासका लागि आवश्यक मानव संसाधन व्यवस्थापन गर्नु।
- आयातित सस्तो वस्तुहरूसँग प्रतिस्पर्धा गर्दै स्थानीय उत्पादनप्रति उपभोक्ताको विश्वास अभिवृद्धि गर्नु र सहरप्रतिको परनिर्भरता कम गर्नु।

- औद्योगिक उत्पादनमा गुणस्तर कायम राख्दै उद्योग स्थापनाबाट हुन सक्ने सम्भावित वातावरणीय प्रदूषणलाई नियन्त्रण गर्नु।
- पुँजी र आर्थिक गतिविधिहरू सहर केन्द्रित हुने (वित्तीय संकुचन) प्रवृत्तिको रोकथाम गरी ग्रामीण क्षेत्रमा मुद्रा सञ्चितिको वातावरण मिलाउनु।

### ४.४.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **विद्यमान घरेलु उद्योगहरूः** पालिकाभित्र फर्निचर, बेकरी, अल्लो/कपडा सिलाई, मह तथा दुग्ध प्रशोधन र होटल व्यवसायहरू दर्ता भई सञ्चालनमा रहनु।
- **रणनीतिक बजार पहुँचः** बुर्तिवाङ जस्तो व्यापारिक केन्द्र र मध्यपहाडी राजमार्ग मार्फत बागलुङ, पोखरा, बुटवल र काठमाडौं जस्ता ठूला सहरहरूसँग सीधा सडक यातायातको पहुँच हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **प्राकृतिक र खनिज स्रोतको उपयोगः** जल, जमिन, जङ्गल र खानी (ढुङ्गा, तामा, फलाम) को उपलब्धताले कच्चा पदार्थमा आधारित उद्योगहरू खोल्ने प्रचुर अवसर।
- **उद्यमशीलता र ब्राण्डिङः** स्थानीय उत्पादनहरू (जस्तैः सिस्नु पाउडर, आलु चिप्स, मह, हस्तकला) लाई ब्राण्डिङ, प्याकेजिङ र लेबलिङ गरी उच्च मूल्यमा राष्ट्रिय बजारमा निर्यात गर्न सकिने।
- **सहुलियतपूर्ण वित्तीय पहुँचः** सूचीकृत बेरोजगार र अर्धदक्ष युवाहरूलाई उद्यमशीलतामा आकर्षित गर्न सहुलियतपूर्ण ऋण र अनुदानको व्यवस्था गर्न सकिने।
- **नीतिगत समन्वयः** गण्डकी प्रदेश सरकारले उद्योग क्षेत्रलाई दिगो आर्थिक विकासको आधार मानेकाले सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत नवीन लगानी भित्र्याउन सकिने।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : घरेलु तथा साना उद्योग, व्यवसाय र व्यापारः ढोरपाटनको आर्थिक समृद्धिको आधार।

**लक्ष्यः** घरेलु, साना तथा मझौला उद्योगको विकास र व्यावसायिक बजार व्यवस्थापनमार्फत आत्मनिर्भरता हासिल गरी रोजगारी वृद्धि र निर्यात प्रवर्द्धन गर्ने।

*उद्देश्यहरू*

१. स्थानीय स्रोत, साधन र कच्चा पदार्थको अधिकतम उपयोग हुने उद्योगहरूको स्थापना र संरक्षण गरी नगरपालिकाको कुल गार्हस्थ्य उत्पादन (GDP) मा योगदान बढाउने। २. युवा तथा महिला वर्गमा उद्यमशीलता र सीप विकास गरी स्थानीय स्तरमै स्वरोजगारी र आर्थिक आत्मनिर्भरताका अवसरहरू सिर्जना गर्ने। ३. मध्यपहाडी राजमार्ग अन्तर्गतको बुर्तिवाङ बजार र वडास्तरीय ग्रामीण बजारहरूको व्यवस्थित प्रवर्द्धन गरी आपूर्ति प्रणालीलाई सर्वसुलभ, सुदृढ र उपभोक्तामैत्री बनाउने।

### ४.४.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | उद्योग तथा व्यापार क्षेत्रबाट रोजगारी प्राप्त गर्ने थप संख्या | संख्या | - | १५० | १७० | २०० | २५० |
| २ | यस क्षेत्रबाट प्रत्यक्ष रोजगारीमा हुने वार्षिक वृद्धि दर | प्रतिशत | - | ० | ७.० | ७.० | ७.० |
| ३ | उद्यम सिर्जना र विकाससम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | - | १५० | १८० | २०० | २४० |
| ४ | व्यावसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | - | १०० | १२० | १३० | १४० |
| ५ | उत्कृष्ट उद्यमी प्रोत्साहन तथा सम्मान कार्यक्रम | संख्या | - | १ | १ | १ | १ |
| ६ | बजार व्यवस्थापन तथा वस्तुको गुणस्तर अनुगमन (वार्षिक) | पटक | - | १ | १ | १ | १ |
| ७ | सञ्चालित उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| ८ | आधुनिक प्रविधिमा आधारित स्लेट तथा ढुङ्गा खानी उद्योग | संख्या | ० | ० | ० | १ | १ |
| ९ | दर्ता भई सञ्चालनमा रहेका घरेलु तथा साना उद्योग | संख्या | - | ३५० | ४०० | ४२० | ४५० |
| १० | स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना उद्योग | संख्या | - | २५ | ३० | ३४ | ३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **११** | स्तरोन्नति/स्थापना गरिएको आलु उद्योगग्राम (Industrial Village) | संख्या | ० | ० | १ | १ | १ |
| **१२** | आधुनिक प्रविधिमा आधारित फर्निचर उद्योग | संख्या | ५ | ५ | ६ | ७ | ८ |
| **१३** | स्थानीय अल्लो तथा नेपाली हातेकागज उद्योग | संख्या | ० | ० | ० | ० | १ |

### ४.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| **क्र.सं.** | **कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि (शुरु—समाप्ति)** | **कुल लागत (रु. हजारमा)** | **सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | स्थानीय उत्पादनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | स्थानीय कच्चा पदार्थको मूल्य अभिवृद्धि गर्ने | २०८३—२०८६ | ४५० | • घरेलु तथा साना उद्योगको संख्या वृद्धि हुने। • स्थानीय उत्पादनको प्रशोधन विस्तार हुने। |
| २ | लघु उद्यम तथा उद्यमशीलता विकास तालिम | स्वरोजगार तथा उद्यम सिर्जना गर्ने | २०८३—२०८६ | २५० | • युवा तथा महिलाले उद्यम सञ्चालन गर्ने। • नयाँ उद्यम दर्ता बढ्ने। |
| ३ | स्थानीय उत्पादनको ब्रान्डिङ तथा बजारीकरण कार्यक्रम | स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउने | २०८३—२०८६ | ३०० | • स्थानीय उत्पादनको ब्रान्ड विकास हुने। • बाह्य बजारमा पहुँच विस्तार हुने। |
| ४ | बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण कार्यक्रम | बजार प्रणालीलाई व्यवस्थित तथा पारदर्शी बनाउने | २०८३—२०८६ | ४५० | • नियमित बजार अनुगमन तथा मूल्य नियन्त्रण हुने। • उपभोक्ता अधिकार संरक्षण हुने। |
| ५ | उद्योग तथा व्यापार सूचना प्रणाली विकास | उद्योग तथा व्यापार व्यवस्थापनलाई डिजिटल बनाउने | २०८३—२०८५ | १५० | • उद्योग तथा व्यापारको डिजिटल अभिलेख तयार हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उत्कृष्ट उद्यमी प्रोत्साहन तथा निजी क्षेत्र साझेदारी कार्यक्रम | निजी लगानी तथा नवप्रवर्तन प्रोत्साहन गर्ने | २०८३—२०८६ | २०० | • उत्कृष्ट उद्यमी सम्मान तथा नयाँ लगानी आकर्षित हुने। |
| **जम्मा** | | | | **१,८००** | |

### ४.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ५०० | ४०० | १०० | ७५ | ३०० | १२५ |
| २०८४/८५ | ६०० | ४५० | १५० | ९० | ३६० | १५० |
| २०८५/८६ | ७०० | ५०० | २०० | १०५ | ४२० | १७५ |
| **जम्मा** | **१,८००** | **१,३५०** | **४५०** | **२७०** | **१,०८०** | **४५०** |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न नेपालको संविधानको धारा ३३ ले श्रम तथा रोजगारीको हक र धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। १६ औं राष्ट्रिय योजनाले समेत गुणस्तरीय मानव पूँजी निर्माणलाई रूपान्तरणको प्रमुख संवाहक मानेको छ। ढोरपाटन नगरपालिकामा १४ देखि ५९ वर्ष उमेर समूहको कुल जनसङ्ख्याको ५६.८६% हिस्सा आर्थिक रूपले सक्रिय श्रम शक्तिका रूपमा रहेको छ, जुन पालिका विकासको ठूलो जनसाङ्ख्यिक लाभ (Demographic Dividend) हो।

पालिकाले विपन्न नागरिक र महिलाहरूको आयआर्जनका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत हालसम्म २०० भन्दा बढीलाई सिलाई-कटाई, होटल व्यवस्थापन जस्ता सीपमूलक तालिम प्रदान गरिसकेको छ। साथै, प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगार सूचना केन्द्रमार्फत बेरोजगारहरूको तथ्याङ्क सङ्कलन र अल्पकालीन रोजगारी सिर्जना भइरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम रोजगार सूचना केन्द्र सञ्चालन, सीप विकास, वैदेशिक रोजगारीको सहजीकरण र सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रविधिमैत्री (अनलाइन प्रणाली) बनाई प्रभावकारी व्यवस्थापन गर्नु पालिकाको मुख्य जिम्मेवारी रहेको छ।

### ४.५.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **तथ्याङ्क र अभिलेखीकरणको कमीः** आन्तरिक तथा बाह्य रोजगारीको अवस्था र सामाजिक सुरक्षाका लक्षित वर्गहरूको खण्डीकृत (Disaggregated) अद्यावधिक डेटाबेस (Database) नहुनु।
- **अनुत्पादक लगानी र परनिर्भरताः** वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण (Remittance) को ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा लगानी हुन नसक्नु र समाजमा श्रमको उचित सम्मान नहुँदा परनिर्भरता बढ्नु।
- **कार्यक्रमहरूको सीमित प्रभावः** युवा र प्रधानमन्त्री रोजगार कार्यक्रमहरू परम्परागत प्रकृतिका हुँदा युवा वर्गलाई उत्पादन र दीर्घकालीन बजारसँग जोड्न नसकिनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **युवा तथा श्रम पलायनः** सक्रिय युवा जनशक्ति शिक्षा र रोजगारीका लागि सहरी क्षेत्र एवं विदेश पलायन हुने तीव्र प्रवृत्तिका कारण गाउँमा श्रमशक्तिको अभाव हुनु।
- **सामाजिक र मानसिक जोखिमः** देशभित्रै पर्याप्त अवसर नपाउँदा युवाहरूमा निराशा बढ्नु, सूचना प्रविधिको लत (डिजिटल दुर्व्यसन) बस्नु र कतिपय युवाहरू कुलत वा लागूपदार्थ सेवनमा फस्ने जोखिम रहनु।
- **सुरक्षा र वित्तीय संकुचनः** वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनु; तथा सीमित वित्तीय स्रोतका कारण योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबै नागरिकको पहुँच पुऱ्याउनु।

### ४.५.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **सक्रिय जनशक्ति र नीतिगत आधारः** पालिकामा आर्थिक रूपले सक्रिय युवा श्रमशक्तिको बाहुल्यता रहनु र तीनै तहका सरकारको प्राथमिकतामा श्रम तथा सामाजिक सुरक्षा पर्नु।
- **प्रविधिमैत्री सेवाः** सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता र बेरोजगार सूचकाङ्कलाई अनलाइन प्रणालीमार्फत डिजिटल र पारदर्शी बनाउने नीति अवलम्बन गरिनु।
- **संरचनागत उपस्थितिः** पालिकामा युवा क्लब, खेलकुद मैदान, लघु उद्यम कार्यक्रम (MEDPA) र रोजगार सेवा केन्द्र (ESC) को संस्थागत उपस्थिति हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **सीप र पूँजीको स्थानीयकरणः** वैदेशिक रोजगारीबाट फर्केका बुबाआमा र युवाहरूको ज्ञान, अनुभव, सीप र पूँजीलाई कृषि, पशुपालन, पर्यटन र स्थानीय खानी उद्योगमा उपयोग गरी स्वरोजगारी सिर्जना गर्न सकिने।
- **साझेदारी र श्रम परिचालनः** निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँगको समन्वयमा आधुनिक र मागमा आधारित प्राविधिक सेमिनार/तालिम सञ्चालन गरी श्रमलाई उत्पादन र बजारसँग जोड्न सकिने।
- **श्रममूलक पूर्वाधार विकासः** पालिकाका विकास निर्माण र पूर्वाधारका कार्यहरूमा सूचीकृत बेरोजगारहरूलाई अनिवार्य रूपमा आबद्ध गराई स्थानीय स्तरमै आय सुनिश्चित गर्न सकिने।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोचः** सामाजिक सुरक्षाको सुनिश्चितताः अनुशासित, श्रमशील र दक्ष मानव संसाधनमार्फत रोजगारी सिर्जना।

**लक्ष्य :** स्थानीय स्तरमै मर्यादित र उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गरी बेरोजगारी न्यूनीकरण गर्ने तथा लक्षित वर्गको समावेशीकरण र सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने।

*उद्देश्यहरू*

१. सक्रिय युवा जनशक्तिलाई बजारको माग अनुसार दक्ष र प्राविधिक रूपमा सक्षम बनाई उनीहरूको ऊर्जालाई पालिकाको आर्थिक विकासमा सदुपयोग गर्ने। २. वैदेशिक रोजगारीमा जाने युवाहरूका लागि सही सूचना, परामर्श र सीपको व्यवस्था

गरी यसलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र फर्केकाहरूको पूँजी स्थानीयकरण गर्ने। ३. सामाजिक सुरक्षा भत्ता वितरण र व्यक्तिगत घटना दर्तालाई पूर्ण रूपमा डिजिटल, पारदर्शी र झन्झटमुक्त बनाई पिछडिएका वर्ग र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्ने।

**४.६.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **एकाइ** | **२०८१/८२ सम्मको उपलब्धि** | **२०८२/८३ (आधार वर्ष)** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
| १ | सीपमूलक तालिम लिएर सुरक्षित वैदेशिक रोजगारीमा जाने युवा | संख्या | ० | २० | ५० | १०० | २०० |
| २ | विप्रेषण (Remittance) लाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | ५.० | ७.० | १०.० | १०.० | १०.० |
| ३ | विप्रेषण परिचालन र उद्यमशीलताका लागि वित्तीय साक्षरता कार्यक्रम | संख्या | ३० | ३३ | ३५ | ४० | ४५ |
| ४ | वैदेशिक रोजगारीमा संलग्न घरपरिवारहरूलाई उद्यम विकास सहयोग | संख्या | १ | २ | ३ | ४ | ५ |
| ५ | सुरक्षित वैदेशिक रोजगार र ठगी नियन्त्रणका लागि सूचना प्रवाह केन्द्र | संख्या | ० | १ | १ | १ | १ |
| ६ | वैदेशिक रोजगारका कारण प्रभावित परिवारलाई मनोसामाजिक परामर्श सेवा | संख्या | ० | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | आधारभूत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लक्षित जनसङ्ख्या | प्रतिशत | ९८.० | १००.० | १००.० | १००.० | १००.० |
| ८ | कृषि तथा पशु बीमा कार्यक्रममा आबद्ध गराइएका कृषक परिवार | प्रतिशत | - | - | ५.० | १०.० | १५.० |
| ९ | सामाजिक सुरक्षा, श्रम तथा संरक्षणसम्बन्धी निर्माण भएका स्थानीय कानुन | संख्या | १ | ० | ० | १ | ० |

### ४.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| **क्र.सं.** | **कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि** | **कुल लागत (रु. हजारमा)** | **सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | सुरक्षित वैदेशिक रोजगार सूचना तथा परामर्श सेवा | सुरक्षित वैदेशिक रोजगारी र सूचना पहुँच विस्तार गर्ने | २०८३—२०८६ | ८०० | • सुरक्षित वैदेशिक रोजगार सूचना केन्द्र सञ्चालन हुने। • युवालाई पूर्व-प्रस्थान अभिमुखीकरण उपलब्ध हुने। |
| २ | सीप विकास, उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम | स्थानीय रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्ने | २०८३—२०८६ | १,३०० | • युवा तथा महिलाले सीपमूलक तालिम प्राप्त गर्ने। • स्वरोजगारका अवसर विस्तार हुने। |
| ३ | विप्रेषण परिचालन तथा वित्तीय साक्षरता कार्यक्रम | विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने | २०८३—२०८६ | ७०० | • वित्तीय साक्षरता अभिवृद्धि हुने। • विप्रेषणको उत्पादनशील क्षेत्रमा लगानी बढ्ने। |
| ४ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण कार्यक्रम (IRIS प्रणाली सहित) | सामाजिक सुरक्षा वितरण र घटना दर्तालाई प्रविधिमैत्री तथा प्रभावकारी बनाउने | २०८३—२०८६ | **३००** | • वडा कार्यालयमा **IRIS Biometric Device** जडान हुने। • सामाजिक सुरक्षा भत्ता नवीकरण र घटना दर्ता प्रणाली प्रभावकारी हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्रम बजार सूचना, रोजगार सेवा तथा रोजगार मेला | रोजगार खोज्ने र रोजगारदाता बीच समन्वय गर्ने | २०८४–२०८६ | १,००० | • रोजगार सूचना प्रणाली सञ्चालन हुने। • निजी क्षेत्रसँग समन्वय बढ्ने। |
| ६ | कृषि तथा पशु बीमा तथा श्रमिक सुरक्षा कार्यक्रम | कृषि तथा श्रमिकको जोखिम न्यूनीकरण गर्ने | २०८४–२०८६ | १,००० | • कृषक तथा श्रमिकको बीमा पहुँच विस्तार हुने। |
| | **जम्मा** | | | **५,१००** | |

#### ४.५.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १,५०० | १,२०० | ३०० | २२५ | ९०० | ३७५ |
| २०८४/८५ | १,७०० | १,३०० | ४०० | २५५ | १,०२० | ४२५ |
| २०८५/८६ | १,९०० | १,४०० | ५०० | २८५ | १,१४० | ४७५ |
| **जम्मा** | **५,१००** | **३,९००** | **१,२००** | **७६५** | **३,०६०** | **१,२७५** |

## ४.६ सहकारी तथा वित्तीय सेवा

### *४.६.१ पृष्ठभूमि*

ढोरपाटन नगरपालिकामा बैंकिङ तथा सहकारी क्षेत्रको क्रमशः विस्तार हुँदै गएको छ। नगरपालिकाभित्र हाल ४१ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन् भने प्रभु बैंक, नेपाल बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, एनआईएमबी बैंक लिमिटेड, लक्ष्मी सनराइज बैंक लिमिटेड लगायतका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो सेवा प्रवाह गरिरहेका छन्। कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका गतिविधिहरूको विस्तारसँगै वित्तीय कारोबारको दायरा पनि बढ्दै गएको छ।

नगरपालिकाबाट वैदेशिक रोजगारीमा जाने नागरिकको सङ्ख्या उल्लेखनीय रहेको र उनीहरूबाट ठूलो मात्रामा विप्रेषण (रेमिटेन्स) भित्रिने गरेको छ। उक्त पूँजीलाई सहकारी तथा बैंकिङ प्रणालीमार्फत उत्पादनमूलक क्षेत्रमा परिचालन गरी घरेलु, साना, मझौला तथा ठूला उद्योग, कृषि तथा पर्यटन व्यवसायको विकासमा उपयोग गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

आधुनिक अर्थतन्त्रमा आर्थिक गतिविधिहरू बैंक तथा वित्तीय संस्थामार्फत सञ्चालन हुने भएकाले वित्तीय सेवाको पहुँचलाई ग्रामीण तहसम्म विस्तार गर्नु आवश्यक भएको छ। ढोरपाटन नगरपालिकामा सहकारी संस्थाहरूले वित्तीय समावेशीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। बचत परिचालन, सहुलियतपूर्ण ऋण प्रवाह तथा उद्यमशीलताको विकासमार्फत स्थानीय आर्थिक गतिविधि सुदृढ हुँदै गएको छ। तथापि, दक्ष जनशक्तिको अभाव, सीमित लगानी, अर्धबेरोजगारी तथा उत्पादनशील क्षेत्रमा वित्तीय स्रोतको न्यून परिचालनजस्ता समस्याहरू अझै विद्यमान रहेका छन्।

### *४.६.२ समस्या तथा चुनौती*

- सहकारी संस्थाहरूको संस्थागत क्षमता तथा सुशासन अपेक्षाअनुसार सुदृढ हुन नसक्नु।

- बचत तथा ऋण कारोबारमा सीमित विविधीकरण हुनु।
- विप्रेषण आयको ठूलो हिस्सा उपभोगमुखी क्षेत्रमा खर्च हुनु तथा उत्पादनमूलक क्षेत्रमा न्यून परिचालन हुनु।
- वित्तीय साक्षरताको स्तर न्यून रहनु।
- कृषि, पर्यटन तथा उद्योग क्षेत्रमा आवश्यक लगानी अभाव हुनु।
- दक्ष तथा सीपयुक्त जनशक्तिको कमी, अर्धबेरोजगारी तथा अल्परोजगारीको समस्या विद्यमान रहनु।
- सहकारी संस्थाहरूको नियमित अनुगमन, अभिलेखीकरण तथा जोखिम व्यवस्थापन प्रणाली कमजोर हुनु।
- डिजिटल वित्तीय सेवाको पहुँच तथा प्रयोग सीमित रहनु।
- उत्पादन तथा बजारीकरणमा आधारित सहकारी संस्थाको संख्या न्यून हुनु।

### *४.६.३ सम्भावना तथा अवसर*

- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने पर्याप्त सम्भावना रहनु।
- कृषि, पशुपालन, पर्यटन तथा उद्योग क्षेत्रको विस्तारसँगै वित्तीय सेवाको माग वृद्धि हुँदै जानु।
- सहकारीमार्फत वित्तीय पहुँच विस्तार गरी स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्न सकिने अवस्था रहनु।
- डिजिटल बैंकिङ तथा प्रविधिमैत्री वित्तीय सेवाको विस्तारको सम्भावना हुनु।
- उत्पादन तथा बजारीकरण सहकारीमार्फत स्थानीय उत्पादनको मूल्य शृङ्खला विकास गर्न सकिने अवस्था रहनु।
- वित्तीय साक्षरता तथा उद्यमशीलता विकासमार्फत स्वरोजगार र आयआर्जन वृद्धि गर्न सकिने सम्भावना रहनु।
- सहकारी तथा बैंकिङ क्षेत्रमार्फत स्थानीय पूँजी परिचालन गरी दिगो आर्थिक विकासमा योगदान पुर्‍याउन सकिने अवस्था रहनु।

### *४.६.४ उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य*

#### लक्ष्य

सहकारी तथा वित्तीय संस्थाहरूको सुदृढीकरण, वित्तीय समावेशीकरणको विस्तार तथा स्थानीय पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी समावेशी, दिगो र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकास गर्नु।

#### उद्देश्य

- सहकारी संस्थाहरूको संस्थागत क्षमता, सुशासन तथा वित्तीय अनुशासन अभिवृद्धि गर्नु।
- वित्तीय साक्षरता तथा उद्यमशीलता विकासमार्फत नागरिकको आर्थिक पहुँच र क्षमता वृद्धि गर्नु।
- विप्रेषण आयलाई उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गर्नु।
- उत्पादन तथा बजारीकरणमा आधारित सहकारी संस्थाहरूको विकास र विस्तार गर्नु।
- डिजिटल वित्तीय सेवाको पहुँच विस्तार गरी वित्तीय समावेशीकरण सुनिश्चित गर्नु।
- सहकारी संस्थाको प्रभावकारी अनुगमन, अभिलेखीकरण तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
- स्थानीय उद्यम, कृषि, पर्यटन तथा उद्योग क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना र आर्थिक समृद्धिमा योगदान पुर्‍याउनु।

### ४.६.५ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी संस्था सुदृढीकरण तथा संस्थागत क्षमता विकास कार्यक्रम | सहकारी संस्थाको सुशासन, वित्तीय अनुशासन र संस्थागत क्षमता अभिवृद्धि गर्ने | २०८३—२०८६ | ३०० | • सहकारीहरूको नियमित लेखापरीक्षण तथा संस्थागत सुशासन सुधार हुने। • सदस्य सेवा प्रभावकारी हुने। |
| २ | वित्तीय साक्षरता तथा बचत—लगानी प्रवर्द्धन कार्यक्रम | नागरिकमा वित्तीय पहुँच, बचत र उत्पादनशील लगानीको संस्कार विकास गर्ने | २०८३—२०८६ | २०० | • कम्तीमा ५०० नागरिक वित्तीय साक्षरता कार्यक्रममा सहभागी हुने। • बचत तथा लगानीमा वृद्धि हुने। |
| ३ | सहकारी अनुगमन, नियमन तथा सूचना व्यवस्थापन | सहकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउने | २०८३—२०८६ | २०० | • सहकारीहरूको नियमित अनुगमन हुने। • डिजिटल अभिलेख प्रणाली कार्यान्वयन हुने। |
| ४ | कृषि, पर्यटन तथा लघु उद्यममा सहकारीमार्फत लगानी प्रवर्द्धन | उत्पादनशील क्षेत्रमा सहकारीको वित्तीय परिचालन बढाउने | २०८३—२०८६ | २०० | • उत्पादनमूलक क्षेत्रमा सहकारी लगानी वृद्धि हुने। • उद्यमी सदस्यहरूको संख्या बढ्ने। |
| ५ | विप्रेषण परिचालन तथा उद्यम वित्त सहजीकरण | विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी स्थानीय उद्यम विकास गर्ने | २०८३—२०८६ | १५० | • विप्रेषणको उत्पादनमूलक उपयोग बढ्ने। • उद्यम वित्तमा सहज पहुँच विस्तार हुने। |
| **जम्मा** | | | | **१,०५०** | |

### ४.६.६ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३०० | २५० | ५० | ४५ | १८० | ७५ |
| २०८४/८५ | ३५० | ३०० | ५० | ५३ | २१० | ८७ |
| २०८५/८६ | ४०० | ३५० | ५० | ६० | २४० | १०० |
| **जम्मा** | **१,०५०** | **९००** | **१५०** | **१५८** | | |

## परिच्छेद ५:

## सामाजिक क्षेत्र

### ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ ले स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नहुने हक सुनिश्चित गरेको छ। १६ औं राष्ट्रिय योजनाले समेत गुणस्तरीय स्वास्थ्य सेवा र पोषणको सुनिश्चिततालाई मानव पूँजी निर्माणको प्रमुख आधार मानेको छ। ढोरपाटन नगरपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र/बुर्तिवाङ अस्पताल, ३ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा सहरी स्वास्थ्य केन्द्र, २० वटा गाउँघर क्लिनिक र २१ वटा खोप क्लिनिकहरू सञ्चालनमा छन्। यस क्षेत्रमा ८५ जना स्वास्थ्यकर्मी/कर्मचारी र १७९ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHV) कार्यरत छन्।

हाल बुर्तिवाङ अस्पताल बाहेक अन्य स्वास्थ्य संस्थाहरूमा चिकित्सक, प्रयोगशाला (Lab), एक्स-रे र रक्तसञ्चार जस्ता आधारभूत सुविधाहरूको अभाव छ। भौगोलिक विकटता र मात्र १ वटा एम्बुलेन्स सञ्चालनमा रहेकाले बिरामीहरूलाई समयमै प्रेषण (Refer) गर्न कठिनाइ भइरहेको छ। नगरपालिकामा निमोनिया, दम, ग्यास्ट्रिक, मुटु रोग, क्यान्सर र मधुमेह जस्ता जटिल तथा नसर्ने रोगहरू (NCDs) सँगै कुपोषणको समस्या समेत विद्यमान छ। तसर्थ, बुर्तिवाङ अस्पताललाई विशेषज्ञ सेवासहितको सुविधा सम्पन्न बनाउँदै वडास्तरीय स्वास्थ्य संस्थाहरूको सुदृढीकरण र पोषण सुधार गर्नु पालिकाको मुख्य प्राथमिकता हो।

### ५.१.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **पूर्वाधार, उपकरण र औषधिको कमीः** स्वास्थ्य संस्थाहरूमा पर्याप्त प्रविधि, इमर्जेन्सी एम्बुलेन्स, प्रयोगशाला, भण्डारण र २४ सै घण्टा उपलब्ध हुने आकस्मिक सेवाको अभाव हुनु।
- **दरबन्दी अनुसार जनशक्तिको अभावः** स्वीकृत दरबन्दी अनुसारका चिकित्सक एवं विशेषज्ञ स्वास्थ्यकर्मीहरूको कमी हुनु तथा प्रविधिमैत्री जनशक्ति परिचालन हुन नसक्नु।
- **चेतना र पोषणको स्तर कमजोरः** आधारभूत स्वास्थ्य, स्वच्छ खानपान र पोषणसम्बन्धी जनचेतनाको कमी हुनु; साथै स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि इन्सिनेरेटर (Incinerator) को व्यवस्था नहुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक विकटता र पहुँचको कठिनाइः** भौगोलिक रूपमा दुर्गम क्षेत्रका बासिन्दा, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई समयमै स्वास्थ्य संस्था पुऱ्याउन बढी समय लाग्नु र प्रेषण (Refer) जोखिम उच्च हुनु।
- **परनिर्भरता र बाह्य उपचारः** विशिष्टीकृत र विशेषज्ञ उपचारका लागि बागलुङ, पोखरा, बुटवल, काठमाडौं वा भारतसम्म जानुपर्ने नागरिकहरूको बाध्यता हुनु।
- **बदलिँदो जीवनशैली र आधुनिक खानपानः** जङ्क फुड (Junk Food), सुर्तीजन्य पदार्थ र मदिराको बढ्दो प्रयोग, मानसिक तनाव र आधुनिक अप्राकृतिक जीवनशैलीका कारण नसर्ने रोग एवं कुपोषणको जोखिम बढ्नु।

- **कोल्ड चेन र एकीकृत प्रणाली:** खोप सेवाका लागि व्यवस्थित कोल्ड चेन (Cold Chain) व्यवस्थापन र एकीकृत स्वास्थ्य सूचना प्रणाली (IHIMS) को प्रभावकारी कार्यान्वयनमा जटिलता रहनु।

### ५.१.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **संरचनागत सञ्जाल:** सबै वडाहरूमा स्वास्थ्य संस्थाहरूको भौतिक उपस्थिति हुनु र विपन्न वर्गको स्वास्थ्य सेवामा आधारभूत पहुँच पुगेको हुनु।
- **प्रतिबद्ध जनशक्ति र प्राथमिकता:** स्वास्थ्य क्षेत्रलाई नगरपालिकाले नीतिगत रूपमा प्रमुख प्राथमिकतामा राख्नु र १७९ जना सक्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको नेटवर्क उपलब्ध हुनु।
- **वातावरणीय अनुकूलता:** स्वच्छ, सफा पहाडी तथा हिमाली प्राकृतिक वातावरणको उपलब्धता हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **वैकल्पिक चिकित्सा र आयुर्वेद:** स्थानीय वनजङ्गलमा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संवर्द्धन गरी आयुर्वेदिक, प्राकृतिक चिकित्सा, योग तथा ध्यान केन्द्रहरूको स्थापना गर्न सकिने।
- **स्वास्थ्य बीमा र प्रविधि विस्तार:** नागरिकहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउँदै एकीकृत सूचना प्रणालीमार्फत महामारी र आपत्कालीन स्वास्थ्य विपद्को पूर्वतयारी गर्न सकिने।
- **निःशुल्क सुरक्षित मातृत्व सेवा:** थप एम्बुलेन्स सेवा खरिद गरी ज्येष्ठ नागरिक तथा गर्भवती महिलाहरूलाई सुत्केरी हुने समयमा **निःशुल्क एम्बुलेन्स सेवा** र गुणस्तरीय पोषण सामग्री उपलब्ध गराउन सकिने।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच (Vision)**: सबैका लागि गुणस्तरीय, समतामूलक र सर्वसुलभ आधारभूत स्वास्थ्य एवं पोषण सेवाको उपलब्धता।

**लक्ष्य (Goal)**: निदानात्मक, प्रवर्द्धनात्मक, प्रतिरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवामा नागरिकहरूको समतामूलक पहुँच सुनिश्चित गरी कुपोषणमुक्त र स्वस्थ नगरपालिका निर्माण गर्ने।

*उद्देश्यहरू*

१. सबै नागरिकहरूका लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा समतामूलक, निःशुल्क र गुणस्तरीय पहुँच अभिवृद्धि गर्ने। २. बुर्तिवाङ अस्पताल र वडास्तरीय स्वास्थ्य संस्थाहरूको भौतिक, प्राविधिक एवं मानवीय क्षमता सुधार गरी आकस्मिक र विशेषज्ञ सेवालाई सुदृढ गर्ने। ३. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सबलीकरण, स्वास्थ्य बीमाको विस्तार र प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने। ४. स्थानीय र रैथाने खाद्य उत्पादनहरूको उपभोग र पोषण व्यवहार परिवर्तनमार्फत शिशु, बालबालिका र सुत्केरी महिलाहरूको पोषण स्तरमा गुणात्मक सुधार ल्याउने।

### ५.१.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | दुई वर्ष मुनिका कम तौल भएका बालबालिकाको हिस्सा | प्रतिशत | २.५ | २.० | १.८ | १.५ | १.२ |
| २ | पूर्ण खोप (सबै खोप) सुनिश्चित गरिएका बालबालिका | प्रतिशत | १००.० | १००.० | १००.० | १००.० | १००.० |
| ३ | पालिकाद्वारा सञ्चालित विशेषज्ञ स्वास्थ्य शिविर | संख्या | १ | २ | ४ | ६ | ६ |
| ४ | प्रथम उपचारका लागि सरकारी स्वास्थ्य संस्था रोज्ने नागरिक | प्रतिशत | ९२.० | ९५.० | ९५.५ | ९६.० | ९७.० |
| ५ | विशेषज्ञ सेवासहितको सुविधा सम्पन्न अस्पताल (बुर्तिवाङ) | संख्या | १ | १ | १ | १ | १ |
| ६ | आधारभूत सुविधा (खानेपानी, शौचालय, बर्थिङ वार्ड) युक्त स्वास्थ्य संस्था | प्रतिशत | ४०.० | ४५.० | ५०.० | ५३.० | ६०.० |
| ७ | नियमित सञ्चालन र सुदृढीकरण गरिएका गाउँघर क्लिनिक | संख्या | २० | २० | २० | २२ | २५ |
| ८ | सक्रिय एवं प्रोत्साहन प्राप्त महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) | संख्या | ७९ | ८० | ८२ | ८५ | ९० |
| ९ | निजी तथा समुदायमा आधारित स्वास्थ्य संस्था (आयुर्वेदसहित) | संख्या | १ | १ | २ | २ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | सञ्चालनमा रहेका क्रियाशील एम्बुलेन्स सेवा | संख्या | १ | १ | २ | २ | ३ |
| ११ | मनोपरामर्श सेवा केन्द्र/डेस्क स्थापना र सेवा पहुँच | प्रतिशत | ०.० | ०.० | १.० | १.० | १.० |
| १२ | सुरक्षित प्रसूति सेवा प्रवाह गर्ने क्रियाशील बर्थिङ सेन्टर | संख्या | १० | १० | १० | १० | १२ |
| १३ | स्थानीय स्तरमा स्थापित योग साधना तथा प्रवचन केन्द्र | संख्या | ० | ० | ० | १ | १ |
| १४ | परम्परागत उपचारक (झाँक्री, वैद्य) हरूका लागि अभिमुखीकरण तालिम | संख्या | ० | ० | १ | १ | १ |
| १५ | आपत्कालीन स्वास्थ्य प्रतिकार्य टोली (Rapid Response Team) | संख्या | १ | १ | १ | १ | १ |
| १६ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | १.० | ०.० | ०.० | ०.० | ०.० |
| १७ | जन्मिएको ६ महिनासम्म पूर्ण स्तनपान मात्र गराउने आमा | प्रतिशत | ९५.० | ९८.० | १००.० | १००.० | १००.० |
| १८ | मापदण्ड अनुसार स्वास्थ्य संस्थामा सुत्केरी जाँच (ANC/PNC) गराउने महिला | प्रतिशत | १००.० | १००.० | १००.० | १००.० | १००.० |
| १९ | स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति गराउने गर्भवती महिला | प्रतिशत | ८५.६ | ८७.० | ९०.० | ९५.० | ९८.० |
| २० | पहिलो बच्चा जन्माउने महिलाहरूको औसत उमेर | वर्ष | २१ | २१ | २२ | २२ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | आधुनिक परिवार नियोजनका साधनहरूको प्रयोग दर (CPR) | प्रतिशत | ३४.० | ३५.० | ४०.० | ४०.० | ४५.० |
| २२ | कुल प्रजनन दर (TFR) | शिशु/महिला | १.९ | २.० | ३.० | ३.० | २.१ |
| २३ | गर्भवती पोशिलो झोला' वितरण कार्यक्रमबाट लाभान्वित संख्या | संख्या | १ | १ | १ | १ | १ |
| २४ | स्वास्थ्य संस्थाहरूमा कार्यरत कुल स्वास्थ्यकर्मी/कर्मचारी | संख्या | ५५ | ५७ | ६० | ६५ | ७० |
| २५ | दक्ष स्वास्थ्यकर्मी (SBA) बाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ८५.६ | ८७.० | ९०.० | ९५.० | ९८.० |
| २६ | दक्ष प्रसूतिकर्मी (SBA) को तालिम प्राप्त स्वास्थ्यकर्मी | संख्या | ३१ | ३५ | ३५ | ३५ | ३८ |

### ५.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (स्वास्थ्य तथा पोषण)

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा तथा औषधि व्यवस्थापन कार्यक्रम | आधारभूत स्वास्थ्य सेवा तथा अत्यावश्यक औषधिको नियमित उपलब्धता सुनिश्चित गर्ने | २०८३—२०८६ | ४,००० | • अत्यावश्यक औषधिको उपलब्धता ९५% पुग्ने। • स्वास्थ्य संस्थाबाट सेवा लिने नागरिकको संख्या वृद्धि हुने। |
| २ | मातृ, नवजात, बाल स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम | मातृ तथा शिशु मृत्युदर न्यूनीकरण तथा पोषण सुधार गर्ने | २०८३—२०८६ | ३,२०० | • संस्थागत सुत्केरी दर वृद्धि हुने। • कुपोषण दरमा कमी आउने। |
| ३ | खोप, परिवार नियोजन तथा समुदाय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | रोकथामयोग्य रोग नियन्त्रण तथा जनस्वास्थ्य सुधार गर्ने | २०८३—२०८६ | २,४०० | • पूर्ण खोप सुनिश्चित हुने। • परिवार नियोजन सेवाको पहुँच विस्तार हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नसर्ने रोग, मानसिक स्वास्थ्य तथा ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम | दीर्घरोग, मानसिक स्वास्थ्य तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा विस्तार गर्ने | २०८३—२०८६ | **३,०००** | • नियमित स्वास्थ्य परीक्षणमा वृद्धि हुने। • नसर्ने रोगको समयमै पहिचान तथा उपचार हुने। • ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सुदृढ हुने। |
| ५ | आयुर्वेद तथा योग सेवा प्रवर्द्धन कार्यक्रम (कार्यालय सञ्चालन, योग शिविर, गाउँघर क्लिनिक, ज्येष्ठ नागरिक स्वास्थ्य तथा आयुर्वेद औषधि खरिद सहित) | आयुर्वेद सेवाको पहुँच विस्तार तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने | २०८३—२०८६ | **२,८००** | • गाउँघर आयुर्वेद क्लिनिक नियमित सञ्चालन हुने। • योग शिविर सञ्चालन हुने। • ज्येष्ठ नागरिकले आयुर्वेद सेवा प्राप्त गर्ने। • अत्यावश्यक आयुर्वेद औषधिको नियमित उपलब्धता सुनिश्चित हुने। |
| ६ | स्वास्थ्य संस्था सुदृढीकरण तथा प्रयोगशाला सेवा विस्तार | स्वास्थ्य संस्थाको गुणस्तर तथा निदान सेवा सुधार गर्ने | २०८३—२०८६ | **३,४००** | • प्रयोगशाला सेवा विस्तार हुने। • स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रवाह हुने। |
| ७ | स्वास्थ्य जनशक्ति क्षमता विकास, अनुगमन तथा आपतकालीन तयारी | स्वास्थ्य सेवाको प्रभावकारिता, अनुगमन तथा विपद् तयारी सुदृढ गर्ने | २०८३—२०८६ | **३,२००** | • स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि हुने। • नियमित अनुगमन प्रभावकारी हुने। • स्वास्थ्य आपतकालीन तयारी तथा प्रतिकार्य क्षमता सुदृढ हुने। |
| **जम्मा** | | | | २२,००० | |

### ५.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान (स्वास्थ्य तथा पोषण)

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | **५,०००** | ४,३०० | ७०० | ७५० | ३,००० | १,२५० |
| २०८४/८५ | ७,००० | ५,६०० | १,४०० | १,०५० | ४,२०० | १,७५० |
| २०८५/८६ | १०,००० | ७,२०० | २,८०० | १,५०० | ६,००० | २,५०० |
| **जम्मा** | २२,००० | १७,१०० | ४,९०० | ३,३०० | १३,२०० | ५,५०० |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापनको पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। ढोरपाटन नगरपालिकामा हाल बालविकास केन्द्र, सामुदायिक र संस्थागत (निजी) विद्यालय तथा क्याम्पससहित कुल ९५ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। नगरपालिकाको समग्र साक्षरता दर ७९.९८ प्रतिशत रहेको छ, जसमा पुरुषको साक्षरता दर ८६.९६ प्रतिशत र महिलाको साक्षरता दर ७४.१० प्रतिशत रहेको छ।

पालिकाले हाल स्थानीय पाठ्यक्रम तयार गरी आधारभूत तहमा लागू गरिसकेको छ भने शिक्षक दरबन्दी मिलान, शैक्षिक व्यवस्थापन सुधार, गरिब तथा जेहेन्दार छात्रवृत्ति, बालविकास केन्द्रको सुदृढीकरण र प्रविधिमैत्री शैक्षिक प्रशासनलाई प्राथमिकतामा राखेको छ। यद्यपि, भौगोलिक विकटता, सामुदायिक विद्यालयहरूमा प्राविधिक पूर्वाधार (विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय) को अभाव, र बजारमुखी सीपको कमीले गर्दा शैक्षिक गुणस्तर सुधार्न अझै थप प्रयासको आवश्यकता छ। शिक्षालाई विज्ञान, प्रविधि र नवप्रवर्तन (Innovation) सँग जोड्दै उद्यमशील र प्रतिस्पर्धी मानव पूँजी निर्माण गर्नु यस योजनाको मुख्य ध्येय हो।

### ५.२.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **अव्यवस्थित नक्साङ्कन र शैक्षिक उपलब्धिः** विद्यालयहरूको वैज्ञानिक नक्साङ्कन (Mapping) हुन नसक्दा कतिपय स्थानमा अनावश्यक रूपमा विद्यालयहरू छरिएका छन्, जसले गर्दा लगानी अनुसारको शैक्षिक उपलब्धि कमजोर रहेको छ।
- **पूर्वाधार र प्रविधिको अभावः** विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र छात्रामैत्री (शौचालय तथा स्यानिटरी प्याड व्यवस्थापन) पूर्वाधारको कमी हुनु; तथा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको पर्याप्त व्यवस्था नहुनु।
- **दरबन्दी र टिकाउ दरमा कमीः** विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको कमी हुनु, सैद्धान्तिक ज्ञानको बोझ बढी र खोजमूलक सिकाई कम हुनु; तथा सीमान्तीकृत (दलित, विपन्न) समुदायका बालबालिकाको विद्यालयमा टिकाउ दर (Retention Rate) न्यून हुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **निजी क्षेत्रतर्फ आकर्षण र विद्यार्थी सङ्ख्यामा ह्रासः** अङ्ग्रेजी माध्यम र भौतिक सुविधाका कारण सरकारीभन्दा निजी विद्यालयतर्फ आकर्षण बढ्नु र सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानु।
- **शिक्षा र रोजगारीबीच असामञ्जस्यताः** विद्यमान शिक्षा प्रणाली बढी साक्षरता उन्मुख र परम्परागत हुँदा बजारको माग अनुसारको सीप विकास हुन नसक्नु र शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्नु।

- **भौगोलिक तथा राजनीतिक प्रभावः** भौगोलिक विकटता र प्रतिकूल मौसमका कारण नियमित पठनपाठनमा बाधा पुग्नु; तथा शैक्षिक संस्था एवं व्यवस्थापन समितिहरूमा राजनीतिक प्रभाव हुनु।

### ५.२.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **नीतिगत र संस्थागत आधारः** शिक्षा मौलिक हकका रूपमा रहनु, जनप्रतिनिधि तथा सरोकारवालाहरू शैक्षिक सुधारप्रति जागरूक हुनु र सङ्घीय तथा प्रादेशिक सरकारको सहयोग रहनु।
- **स्थानीय पाठ्यक्रम र प्रोत्साहनः** आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागू हुनु; तथा असहाय, अनाथ, गरिब र जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति एवं बालविकास केन्द्रका शिक्षिकाहरूका लागि प्रोत्साहन कार्यक्रम सञ्चालनमा हुनु।
- **प्राविधिक शिक्षाप्रति आकर्षणः** समुदायमा प्राविधिक र व्यावसायिक शिक्षाप्रतिको चासो र आकर्षण क्रमशः बढ्दै जानु।

*ख) सम्भावना र अवसरहरू*

- **विद्यालय समायोजन (Merging):** विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूलाई एकापसमा समायोजन (Merge) गरी स्रोत-साधन सम्पन्न र गुणस्तरीय बनाउन सकिने।
- **एक वडा, एक नमूना विद्यालयः** स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही 'एक वडा, एक नमूना विद्यालय' अवधारणा अन्तर्गत हरेक वडामा कम्तीमा एक प्रविधिमैत्री र सूचना प्रविधियुक्त विद्यालय विकास गर्न सकिने।
- **२१ औं शताब्दीको जीवनोपयोगी शिक्षाः** शैक्षिक क्यालेन्डरको नियमितता, शिक्षकहरूलाई आधुनिक शिक्षण विधिको तालिम, अतिरिक्त क्रियाकलाप र खेलकुद पूर्वाधारको विकास गरी आधुनिक नवप्रवर्तनसँग शिक्षालाई जोड्न सकिने।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोचः** सामाजिक-आर्थिक रूपान्तरणका लागि वैज्ञानिक, प्रविधिमैत्री र नवीन शैक्षिक मानव संसाधनको विकास।

**लक्ष्यः** गुणस्तरीय, व्यावहारिक र प्रयोगात्मक शिक्षाको माध्यमबाट दक्ष, प्रतिस्पर्धी, सिर्जनशील, उत्पादनशील र उद्यमशील मानव स्रोतको विकास गर्ने।

*उद्देश्यहरू*

१. आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षामा सबै नागरिकको समतामूलक र गुणस्तरीय पहुँच सुनिश्चित गर्ने। २. सामुदायिक विद्यालयहरूको भौतिक तथा प्राविधिक पूर्वाधार (विज्ञान, प्रविधि, ई-लाइब्रेरी) सुदृढ गरी आधुनिक र नवप्रवर्तनमुखी शिक्षण सिकाइ प्रणालीको विकास गर्ने। ३. प्राविधिक, व्यावसायिक र रोजगारीमुखी शिक्षामा जोड दिँदै स्थानीय कृषि, पर्यटन र उद्यम प्रवर्द्धन गर्ने गरी शैक्षिक कार्यक्रमहरूलाई बजारसँग जोड्ने। ४. लक्षित, दलित, सीमान्तीकृत र विपन्न वर्गका बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, टिकाउने र बिकाउने (रोजगार पाउने) वातावरण तयार गरी पूर्ण साक्षर नगरपालिका निर्माण गर्ने।

## ५.२.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | नगरपालिकाको कुल साक्षरता दर | प्रतिशत | ७९.९८ | ८०.० | ८१.० | ८२.० | ८५.० |
| २ | युवा साक्षरता दर (१५ — २४ वर्ष) | प्रतिशत | ९८.५ | १००.० | १००.० | १००.० | १००.० |
| ३ | सामुदायिक विद्यालयको औसत शिक्षक-विद्यार्थी अनुपात | अनुपात | १:२७.५ | १:२७.० | १:२७.० | १:२६.० | १:२५.० |
| ४ | विद्यालय बाहिर रहेका (५—१५ वर्ष) बालबालिकाको हिस्सा | प्रतिशत | ११.७ | ११.० | १०.० | ९.० | ७.० |
| ५ | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४—५ वर्षका बालबालिका | प्रतिशत | ९१.७ | ९२.० | ९३.० | ९४.० | ९६.० |
| ६ | पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ९५.९ | ९६.० | ९६.५ | ९७.० | ९८.५ |
| ७ | आधारभूत तह (१ — ८) मा खुद भर्नादर | प्रतिशत | ९२.५ | ९३.० | ९४.० | ९५.० | ९७.० |
| ८ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | २०.० | २५.० | २८.० | ३०.० | ३५.० |
| ९ | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) | प्रतिशत | १२.० | १०.० | ८.० | ७.० | ५.० |
| १० | कक्षा ८ को नगरस्तरीय उत्तीर्ण दर | प्रतिशत | २५.० | ३०.० | ३५.० | ४०.० | ५०.० |
| ११ | कक्षा १० को उत्तीर्ण दर (SEE) | प्रतिशत | ५५.० | ६०.० | ६५.० | ७०.० | ७५.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | कक्षा १२ को उत्तीर्ण दर | प्रतिशत | ६२.० | ६५.० | ७०.० | ७४.० | ८०.० |
| १३ | सञ्चालित प्राविधिक धारका माध्यमिक विद्यालय | संख्या | १ | १ | १ | १ | २ |
| १४ | भौतिक एवं प्राविधिक रूपमा सुदृढ नमूना बाल विकास केन्द्र | संख्या | ४२ | ४२ | ४२ | ४५ | ४८ |
| १५ | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | संख्या | ५६ | ५६ | ५६ | ५८ | ६२ |
| १६ | बाल, अपाङ्गता र छात्रामैत्री आधारभूत पूर्वाधारयुक्त विद्यालय | संख्या | ५६ | ५६ | ५६ | ६० | ६५ |
| १७ | लक्षित तथा जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीको हिस्सा | प्रतिशत | १४.१६ | १४.५ | १५.० | २०.० | २५.० |
| १८ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति अक्षय कोष स्थापना | संख्या | १ | १ | १ | १ | १ |
| १८ | बालक्लब गठन भई सक्रिय रहेका विद्यालयहरू | संख्या | ४८ | ४८ | ४८ | ५० | ५५ |
| २० | व्यवस्थित विज्ञान प्रयोगशाला भएका माध्यमिक विद्यालय | प्रतिशत | ४०.० | ४०.० | ४५.० | ५०.० | ६०.० |
| २१ | कम्प्युटर प्रयोगशाला (ICT Lab) स्थापना भएका विद्यालय | संख्या | १० | १५ | १७ | २० | २५ |
| २२ | कक्षाकोठामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्डको प्रयोग | प्रतिशत | १७.० | २३.० | २५.० | २६.० | ३५.० |
| २३ | ई-हाजिरी र सिसिटिभी क्यामेरा जडान गरिएका विद्यालय | संख्या | ० | ९ | १८ | २२ | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | इन्टरनेट तथा ई-शिक्षा (Digital Learning) सुविधा भएका विद्यालय | संख्या | ४९ | ५० | ५२ | ५३ | ६० |
| २५ | सञ्चालित सामुदायिक सिकाइ केन्द्र (CLC) | संख्या | ३ | ४ | ५ | ६ | ८ |
| २६ | साक्षरता सञ्चालन गरिएका वडा र प्रौढ शिक्षाको पहुँच | प्रतिशत | ० | ५.० | ५.० | ५.० | १०.० |
| २७ | स्वीकृत एवं कार्यान्वयनमा रहेको 'शिक्षा गुरुयोजना' | संख्या | १ | १ | १ | १ | १ |
| २८ | आवासीय सुविधासहितका छात्रावास भएका विद्यालय | संख्या | २ | ४ | ४ | ५ | ६ |
| २९ | स्तरोन्नति र भौतिक सुधार गरिएका सामुदायिक विद्यालय | संख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ३० | व्यवस्थित खेलमैदान र खेलकुद पूर्वाधार भएका विद्यालय | संख्या | ४८ | ४८ | ४८ | ५० | ५२ |
| ३१ | वार्षिक रूपमा प्रदान गरिने 'उत्कृष्ट शिक्षक पुरस्कार' | संख्या | १ | १ | १ | १ | १ |

### ५.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय पूर्वाधार सुधार तथा सुरक्षित सिकाइ वातावरण कार्यक्रम | विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने | २०८३—२०८६ | ४,००० | विद्यालय भवन, शौचालय, खानेपानी तथा सिकाइ वातावरणमा सुधार हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सूचना प्रविधिमा आधारित स्मार्ट शिक्षा तथा डिजिटल कक्षा कार्यक्रम | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने | २०८३—२०८६ | ३,२०० | ICT ल्याब, स्मार्ट कक्षा तथा इन्टरनेट सेवाको विस्तार हुने। |
| ३ | शैक्षिक गुणस्तर सुधार, शिक्षक क्षमता विकास तथा सिकाइ उपलब्धि अभिवृद्धि कार्यक्रम | शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने | २०८३—२०८६ | २,५०० | शिक्षक तालिम सम्पन्न हुने तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने। |
| ४ | प्राविधिक शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन प्रवर्द्धन कार्यक्रम | प्राविधिक तथा रोजगारमुखी शिक्षा विस्तार गर्दै नवप्रवर्तनलाई प्रोत्साहन गर्ने | २०८३—२०८६ | २,३०० | विज्ञान प्रयोगशाला, नवप्रवर्तन क्लब तथा प्राविधिक शिक्षामा पहुँच विस्तार हुने। |
| ५ | छात्रवृत्ति, समावेशी शिक्षा तथा बालविकास कार्यक्रम | विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने | २०८३—२०८६ | २,००० | छात्रवृत्ति वितरण, बालविकास केन्द्रको गुणस्तर सुधार तथा विद्यालय भर्नादर वृद्धि हुने। |
| ६ | शिक्षा योजना, विद्यालय अनुगमन तथा शैक्षिक सुशासन कार्यक्रम | शिक्षा क्षेत्रको योजनाबद्ध विकास तथा प्रभावकारी अनुगमन प्रणाली विकास गर्ने | २०८३—२०८६ | २,००० | शिक्षा क्षेत्रको तथ्याङ्क व्यवस्थापन, नियमित अनुगमन तथा शैक्षिक सुशासन सुदृढ हुने। |
| **जम्मा** | | | | **१६,०००** | |

### ५.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| **आर्थिक वर्ष** | **कुल बजेट** | **चालु** | **पुँजीगत** | **आन्तरिक स्रोत (१५%)** | **संघीय सरकार (६०%)** | **प्रदेश सरकार (२५%)** |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ४,८०० | ४,१०० | ७०० | ७२० | २,८८० | १,२०० |
| २०८४/८५ | ५,३०० | ४,४०० | ९०० | ७९५ | ३,१८० | १,३२५ |
| २०८५/८६ | ५,९०० | ४,८०० | १,१०० | ८८५ | ३,५४० | १,४७५ |
| **जम्मा** | १६,००० | १३,३०० | २,७०० | २,४०० | ९,६०० | ४,००० |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ को उपधारा (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ। दिगो विकास लक्ष्य (SDG-६) ले सन् २०३० सम्ममा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय खानेपानी र सरसफाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र महसुल निर्धारणको

पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। ढोरपाटन नगरपालिका प्रचुर जलाधारयुक्त क्षेत्र भए तापनि भौगोलिक विकटता र छरिएको वस्तीका कारण सबै नागरिकमा स्वच्छ खानेपानीको समतामूलक पहुँच पुग्न सकेको छैन। हाल पालिकाका कुल ७,४८५ घरधुरीमध्ये ९३.३८ प्रतिशत परिवारले पाइप/धाराको खानेपानी प्रयोग गरिरहेका छन्।

नगरपालिकाले 'एक घर, एक धारा' को नीति लिई यस अभियानलाई तीव्र रूपमा अघि बढाएको छ। सरसफाइतर्फ ९५.९५ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाइ सेवा उपभोग गरिसकेका छन्, जसले बाल मृत्युदर घटाउन र औसत आयु बढाउन सकारात्मक योगदान पुऱ्याएको छ। यद्यपि, बजार क्षेत्रमा वैज्ञानिक फोहोरमैला व्यवस्थापन (Waste Management) नहुँदा प्राकृतिक खोलाखोल्सीहरू प्रदूषित हुने जोखिम बढेको छ। खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउँदै पानीजन्य रोगहरू (जस्तैः टाइफाइड, झाडापखाला, आउँ) बाट नागरिकलाई जोगाउन ठोस योजनाबद्ध प्रयासको आवश्यकता छ।

### ५.३.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **गुणस्तर मापन र नियमित मर्मतको अभावः** खानेपानी प्रणालीहरू व्यवस्थित हुन नसक्नु, पानीको नियमित गुणस्तर मापन (Water Quality Testing) नहुनु र सञ्चालित आयोजनाहरूको मर्मत-सम्भार (O&M) कोष नहुँदा दिगोपना कमजोर हुनु।
- **पूर्वाधार र सार्वजनिक सुविधाहरूको कमीः** खुला दिसामुक्त क्षेत्र घोषणा भए पनि पूर्ण कार्यान्वयनमा कमी हुनु; बजार क्षेत्रमा सार्वजनिक शौचालय तथा ढल निकासको व्यवस्था नहुनु।
- **अवैज्ञानिक फोहोर व्यवस्थापनः** फोहोर जलाउने जस्ता वातावरणीय रूपले गलत अभ्यास कायम रहनु; बजार र अस्पतालहरूबाट निस्कने प्लास्टिक, सिसा तथा चिकित्साजन्य (Medical Waste) फोहोरको जथाभावी विसर्जन हुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक जटिलता र उच्च वस्तीः** उच्च पहाडी भू-भागमा रहेका छरिएका वस्तीहरूमा पानीको स्रोत अभाव हुनु र 'एक घर, एक धारा' पुऱ्याउन लागत उच्च हुनु।
- **स्रोत संरक्षण र जलवायु परिवर्तनः** जलवायु परिवर्तनका कारण परम्परागत मुहानहरू सुक्दै जानु; र उपभोक्ता समितिहरूको प्राविधिक क्षमता कमजोर हुँदा आयोजनाको अवरोध हटाउन बाह्य जनशक्तिमा भर पर्नुपर्ने अवस्था।
- **वर्गीकरण र ल्याण्डफिल्ड साइटः** घरपरिवार र संस्थागत स्तरमा कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्ने प्रविधिको अभाव हुनु तथा उपयुक्त ल्याण्डफिल्ड साइट (Landfill Site) को व्यवस्थापन गर्न कठिनाइ हुनु।

### ५.३.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **प्रचुर जलस्रोत र नीतिगत प्रतिबद्धताः** नगरपालिकाभित्र पानीका प्राकृतिक मुहानहरू पर्याप्त मात्रामा उपलब्ध हुनु; र जनप्रतिनिधिहरू 'एक घर, एक धारा' र 'पूर्ण सरसफाइयुक्त पालिका' को सोचसहित क्रियाशील हुनु।

- **जनचेतना र पूर्वाधारको आधारः** ९३.३८ प्रतिशत घरधुरीमा पाइप प्रणाली पुगिसकेको र नागरिकहरू व्यक्तिगत सरसफाइप्रति सचेत रहनुका साथै पालिकाको **वास प्लान (WASH Plan)** तयारीको चरणमा हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **वास गुरुयोजना र लिफ्टिङ प्रविधिः** खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) गुरुयोजना बनाई उच्च पहाडी क्षेत्रहरूमा सोलार वा विद्युतीय लिफ्टिङ (Lifting) खानेपानी योजना सञ्चालन गर्न सकिने।
- **लगानी साझेदारी र खनिज पानी उद्योगः** आधारभूत खानेपानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग साझेदारी (PPP Model) गर्न सकिने; र स्वच्छ पानीका मुहानहरूलाई संरक्षण गरी 'मिनरल वाटर' उद्योग स्थापना गर्न सकिने।
- **फोहोरबाट मोहर (कम्पोस्टिङ):** बजार क्षेत्रको फोहोरलाई डम्पिङ साइटमार्फत व्यवस्थित गरी कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन र नकुहिने फोहोरको पुनःप्रयोग (Recycling) गर्न सकिने।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

*उद्देश्यहरू*

१. नगरपालिकाका शतप्रतिशत घरधुरीमा सुरक्षित र गुणस्तरयुक्त खानेपानी (एक घर, एक धारा) र आधारभूत सरसफाइ सुविधा पुऱ्याउने। २. ढोरपाटन नगरपालिकालाई पूर्ण सरसफाइयुक्त (Total Sanitation) स्थानीय तह घोषणा गरी दिगो रूपमा कार्यान्वयन गर्ने। ३. खानेपानी आयोजनाहरूको दिगो सञ्चालनका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गर्ने र पानीका मुहानहरूको वैज्ञानिक संरक्षण गर्ने। ४. बजार क्षेत्रको फोहोरमैला संकलन, वर्गीकरण र विसर्जनका लागि आधुनिक पूर्वाधार (ल्याण्डफिल्ड साइट/कम्पोस्ट प्लान्ट) को विकास गर्ने।

### **५.३.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार (पाइप/धाराद्वारा) | प्रतिशत | ९३.३८ | ९४.० | ९५.० | ९६.० | १००.० |
| २ | सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ७८.०० | ८०.० | ८४.० | ८६.० | ९२.० |
| ३ | साधारण (सादा) शौचालय भएका घरधुरी | प्रतिशत | ९५.९५ | ९६.० | ९७.० | ९८.० | १००.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | स्वच्छ (फ्लस/प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ७८.०० | ८०.० | ८३.० | ८४.० | ९०.० |
| ५ | प्रतिव्यक्ति प्रतिदिन उपलब्ध पानीको परिमाण (LPCD) | लि.प्र.व्य. | ३५ | ४० | ४५ | ५० | ६५ |
| ६ | कुल सञ्चालित खानेपानी योजनाहरू | संख्या | ६८ | ७० | ७१ | ७५ | ८२ |
| ७ | सञ्चालित सौर्य/विद्युतीय लिफ्टिङ खानेपानी योजना | संख्या | ५ | ५ | ७ | ८ | १० |
| ८ | सक्रिय एवं व्यवस्थित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | संख्या | ३४ | ३५ | ३८ | ४० | ४५ |
| ९ | वैज्ञानिक ढङ्गले मुहान संरक्षण गरिएका खानेपानी आयोजना | संख्या | ६८ | ७० | ७१ | ७५ | ८२ |
| १० | नगरपालिकाद्वारा नियमित गरिने खानेपानीको गुणस्तर परीक्षण | संख्या | ० | १ | १ | १ | २ |
| ११ | बजार तथा सार्वजनिक स्थलमा निर्माण गरिएका सार्वजनिक शौचालय | संख्या | ७ | १० | १३ | १५ | १८ |
| १२ | व्यवस्थित फोहोरमैला विसर्जन तथा प्रशोधन केन्द्र (Landfill Site) | संख्या | ० | ० | १ | १ | १ |
| १३ | सुख्खा तथा पानीको अभाव भएका क्षेत्रमा निर्माण गरिएका कृत्रिम पोखरी | संख्या | ० | १२ | १८ | २४ | ३० |
| १४ | सार्वजनिक-निजी साझेदारीमा स्थापना गरिने मिनरल वाटर उद्योग | संख्या | ० | ० | ० | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | वडा तथा टोल स्तरमा सञ्चालित पूर्ण सरसफाइ सचेतना कार्यक्रम | संख्या | १ | १ | २ | ३ | ४ |
| १६ | बजार क्षेत्रको सरसफाइ व्यवस्थापनमा परिचालित स्थायी कर्मचारी | संख्या | २ | २ | ३ | ४ | ६ |

### ५.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | **बुर्तिबाङ खानेपानी उपभोक्ता समिति मर्मत, सुधार तथा सञ्चालन सहयोग कार्यक्रम** | विद्यमान खानेपानी प्रणालीको नियमित मर्मत, सेवा निरन्तरता तथा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने | २०८३—२०८६ | ४,५०० | • बुर्तिबाङ खानेपानी प्रणाली नियमित सञ्चालनमा रहने। • पाइपलाइन, ट्याङ्की तथा वितरण प्रणालीको मर्मत सम्पन्न हुने। • सुरक्षित खानेपानी सेवामा नागरिकको पहुँच र सेवा गुणस्तरमा सुधार हुने। |

### ५.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ६०० | १०० | ५०० | ९० | ३६० | १५० |
| २०८४/८५ | १,७०० | ३०० | १,४०० | २५५ | १,०२० | ४२५ |
| २०८५/८६ | २,२०० | ४०० | १,८०० | ३३० | १,३२० | ५५० |
| **जम्मा** | ४,५०० | ८०० | ३,७०० | ६७५ | २,७०० | १,१२५ |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले प्रस्तावनामै लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। संविधानको धारा ३८ (महिलाको हक), धारा ३९ (बालबालिकाको हक), धारा ४० (दलितको हक), धारा ४२ (सामाजिक न्यायको हक) र धारा ४३ (सामाजिक सुरक्षाको हक) ले लक्षित वर्गको चौतर्फी

विकास र संरक्षणलाई मौलिक हकका रूपमा स्थापित गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला तथा बालबालिकाको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गर्ने र संरक्षण तथा पुनःस्थापना केन्द्र सञ्चालन गर्ने पूर्ण अधिकार स्थानीय तहलाई सुम्पेको छ।

ढोरपाटन नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई मूलप्रवाहीकरण गर्न 'लैससास सम्पर्क व्यक्ति' (GESI Focal Person) तोक्ने, लैससास नीति तर्जुमा गर्ने र लैङ्गिक हिंसा निवारण कोष एवं एकल महिला सुरक्षा कोष स्थापना गरी सञ्चालनमा ल्याएको छ। पालिकाभित्र टोल विकास संस्था, आमा समूह, युवा क्लब र बालक्लबहरू सामाजिक परिचालन, नेतृत्व विकास र मानव अधिकार संरक्षणमा क्रियाशील छन्। जातीय तथा लैङ्गिक भेदभाव विरुद्धका सचेतनामूलक अभियानहरूका कारण लक्षित वर्गको आर्थिक, सामाजिक र राजनीतिक अवसरहरूमा क्रमशः बढोत्तरी हुँदै गएको छ। यद्यपि, विकट भूगोल, परम्परागत सामाजिक संकुचितता र लक्षित वर्ग अनुकूलको पर्याप्त भौतिक पूर्वाधारको अभावले गर्दा सामाजिक न्यायको पूर्ण प्रत्याभूति गराउन अझै योजनाबद्ध प्रयासको आवश्यकता छ।

### ५.४.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **पूर्वाधार र संरचनागत पैरवीको कमीः** सार्वजनिक स्थल र शैक्षिक संस्थाहरूमा लक्षित वर्ग, बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार एवं कार्यविधिको अभाव रहनु; र लक्षित वर्ग सशक्तीकरण सम्बन्धी तालिमहरू परिणाममुखी हुन नसक्नु।
- **हिंसा र विभेदको निरन्तरताः** समाजमा घरेलु, यौनजन्य एवं लैङ्गिकतामा आधारित हिंसा, बालश्रम र जातीय छुवाछुतका अवशेषहरू पूर्ण रूपमा उन्मूलन हुन नसक्नु; र महिलाहरूमा घरायसी बहुकार्यको बोझ कायमै रहनु।
- **अधिकार अभ्यास र पहुँचमा अवरोधः** भौगोलिक विकटता, भाषिक अवरोध र चेतनाको कमीका कारण सीमान्तीकृत समुदायको सेवा-सुविधामा पहुँच सीमित हुनु; र अपाङ्गता भएका कतिपय बालबालिकाहरू अझै विद्यालय बाहिर रहनु।
- **अनुभव हस्तान्तरणको कमीः** ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने तथा उनीहरूको संस्थागत रूपमा आदर-सम्मान र हेरचाह गर्ने दिवा सेवा केन्द्र जस्ता संरचनाहरूको अभाव हुनु।

*ख) चुनौती तथा जोखिमहरू (Threats)*

- **उत्तरदायी व्यवहार र सोचको रूपान्तरणः** कानुन र नीतिको अक्षरशः पालना गराई लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी बजेटिङ (GRB) को सोचलाई व्यवहारमा उतार्न कठिनाइ हुनु।
- **कुप्रथा र अन्धविश्वासको अन्त्यः** समाजमा जरा गाडेर बसेका सामाजिक विकृति, विसङ्गति, अन्धविश्वास र जातीय विभेदलाई पूर्ण रूपमा निर्मूल पार्नु।
- **आत्मनिर्भरता र स्वावलम्बनः** हिंसा पीडित, असहाय र सडक बालबालिकाहरूको दिगो पुनःस्थापना, सशक्तीकरण गरी उनीहरूलाई स्वावलम्बी र आत्मनिर्भर बनाउनु।
- **भौगोलिक विकटता र सेवा प्रवाहः** दुर्गम क्षेत्रका बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई गुणस्तरीय शिक्षा, पोषण र स्वास्थ्य सेवाको पहुँच नियमित गराउनु।

### ५.४.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **संवैधानिक र नीतिगत आधारः** सुस्पष्ट संवैधानिक व्यवस्था हुनु र राज्यका तीनै तहमा महिला तथा लक्षित वर्गको राजनीतिक प्रतिनिधित्व सुनिश्चित हुनु।
- **सक्रिय सामाजिक सञ्जालः** प्रत्येक वडा र टोलमा आमा समूह, बालक्लब, युवा क्लब र टोल विकास संस्थाहरूको बलियो सञ्जाल क्रियाशील रहनु।
- **सकारात्मक दृष्टिकोणमा वृद्धिः** छोरीहरूलाई शिक्षाको समान अवसर, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायप्रतिको परम्परागत सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन हुँदै जानु।

*ख) सम्भावना र अवसरहरू*

- **आर्थिक आत्मनिर्भरता र सीप व्यवसायीकरणः** महिला तथा लक्षित वर्गको सीप र दक्षता अभिवृद्धि गरी उद्यमशीलता (Entrepreneurship) मार्फत आयआर्जनका कार्यमा सहभागी गराउन सकिने; र दलित समुदायको परम्परागत सीप र कलालाई व्यवसायीकरण गर्न सकिने।
- **ज्ञान बैंक र दिवा सेवा केन्द्रः** ज्येष्ठ नागरिकहरूको ज्ञान र अनुभवको सदुपयोग गर्न 'ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र' स्थापना गरी नयाँ पुस्तामा सिकाई हस्तान्तरण गर्न सकिने।
- **बाल संरक्षण र बालकोष स्थापनाः** अभिभावकविहीन, हिंसापीडित र अति विपन्न बालबालिकाहरूको शिक्षा र संरक्षणका लागि 'स्थानीय बालकोष' स्थापना गरी बालमैत्री स्थानीय शासन (CFLG) को अवधारणा कार्यान्वयन गर्न सकिने।
- **मूलप्रवाहीकरण र आमा समूहको परिचालनः** प्रत्येक टोलका आमा समूहहरूलाई सक्रिय बनाई घरेलु हिंसा न्यूनीकरण, प्रजनन् स्वास्थ्य सचेतना र वडास्तरीय योजना तर्जुमा प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता (Mainstreaming) गराउन सकिने।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** सामाजिक न्याय, समावेशी विकास र लैङ्गिक समानताः समुन्नत ढोरपाटनको ग्यारेन्टी।

**लक्ष्य** : सबै प्रकारका भेदभाव, हिंसा र वञ्चितीकरणको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य, समतामूलक, न्यायोचित र समावेशी समाजको निर्माण गर्ने।

*उद्देश्यहरू*

१. महिला, बालबालिका, दलित र सीमान्तीकृत वर्ग उपर हुने सबै प्रकारका हिंसा र विभेदमा 'शून्य सहनशीलता' (Zero Tolerance) नीति कार्यान्वयन गर्ने। २. बालबालिकाको बचावट, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै नगरपालिकालाई बालमैत्री स्थानीय तहका रूपमा विकास गर्ने। ३. ज्येष्ठ नागरिकको हक-अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै उनीहरूको जीवनलाई सम्मानित, सुरक्षित र सुखमय बनाउन ज्ञान तथा सीपको सदुपयोग गर्ने। ४. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, अधिकार र प्रविधिमा सहज पहुँच वृद्धि गर्दै आर्थिक सशक्तीकरणमार्फत उनीहरूको आत्मसम्मान र स्वावलम्बन बढाउने। ५. लक्षित वर्गलाई नीति निर्माण र स्थानीय विकासको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण रूपमा मूलप्रवाहीकरण (Mainstreaming) गर्ने।

### ५.४.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | दर्ता भएका लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटनाहरू | संख्या | ५ | ३ | २ | १ | ० |
| २ | लैङ्गिक हिंसा र छुवाछुत विरुद्ध सञ्चालित सचेतना कार्यक्रम | संख्या | १ | १ | २ | २ | ३ |
| ३ | व्यवसायिक सीपमूलक तालिम प्राप्त गर्ने महिलाको संख्या | संख्या | ९८ | १०० | १५० | २०० | २५० |
| ४ | आफ्नै नाममा बैंक खाता भएका महिलाको हिस्सा | प्रतिशत | ५०.० | ५५.० | ६०.० | ६७.० | ७५.० |

### ५.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला उद्यमशीलता, सीपमूलक तालिम तथा उत्पादन सामग्री अनुदान कार्यक्रम | महिलाको आर्थिक सशक्तीकरण तथा स्वरोजगार प्रवर्द्धन गर्ने | २०८३—२०८६ | ४,००० | • ३०० भन्दा बढी महिलाले सीपमूलक तालिम प्राप्त गर्ने। • कम्तीमा १५० महिला उद्यम सञ्चालनमा आउने। |
| २ | बाल अधिकार, बाल क्लब तथा बाल संरक्षण कार्यक्रम | बालमैत्री वातावरण निर्माण तथा बाल सहभागिता अभिवृद्धि गर्ने | २०८३—२०८६ | १,००० | • सबै वडामा बाल क्लब सुदृढ हुने। • बाल अधिकारसम्बन्धी सचेतना वृद्धि हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपन्न, असहाय तथा लक्षित वर्ग आर्थिक सहायता कार्यक्रम | सामाजिक संरक्षण तथा राहत सेवा उपलब्ध गराउने | २०८३—२०८६ | ९,००० | • विपन्न तथा असहाय नागरिकलाई आवश्यक आर्थिक सहयोग उपलब्ध हुने। |
| ४ | लैङ्गिक समानता, महिला अधिकार तथा लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम | महिला अधिकार प्रवर्द्धन तथा हिंसा न्यूनीकरण गर्ने | २०८३—२०८६ | १,५०० | • लैङ्गिक हिंसासम्बन्धी सचेतना वृद्धि हुने। • पीडितमैत्री सेवा सुदृढ हुने। |
| ५ | अपाङ्गता, दलित, जनजाति तथा सामाजिक समावेशीकरण कार्यक्रम | लक्षित वर्गको सामाजिक तथा आर्थिक पहुँच अभिवृद्धि गर्ने | २०८३—२०८६ | ३,५०० | • अपाङ्गता भएका व्यक्ति, दलित तथा जनजातिको सहभागिता र सेवा पहुँच विस्तार हुने। |
| ६ | विद्यालयस्तरीय लागूऔषध दुर्व्यसन, मानव बेचबिखन तथा किशोरी सशक्तीकरण कार्यक्रम | किशोर—किशोरीमा सचेतना अभिवृद्धि गर्ने | २०८३—२०८६ | १,२०० | • विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन हुने। • लागूऔषध तथा मानव बेचबिखन जोखिम न्यूनीकरण हुने। |
| ७ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा सञ्चालन, अनुगमन तथा क्षमता विकास कार्यक्रम | कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय तथा अनुगमन गर्ने | २०८३—२०८६ | २,३०० | • कार्यक्रमको नियमित अनुगमन हुने। • शाखाको संस्थागत क्षमता सुदृढ हुने। |

### ५.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ६,००० | ५,५०० | ५०० | ९०० | ३,६०० | १,५०० |
| २०८४/८५ | ७,५०० | ६,८०० | ७०० | १,१२५ | ४,५०० | १,८७५ |
| २०८५/८६ | ९,००० | ८,१०० | ९०० | १,३५० | ५,४०० | २,२५० |
| **जम्मा** | २२,५०० | २०,४०० | २,१०० | ३,३७५ | १३,५०० | ५,६२५ |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) को उपधारा (७) र (८) ले युवाहरूको व्यक्तित्व विकास गर्ने, राज्यको सर्वाङ्गीण विकासमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने तथा खेलकुदमार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने नीति अंगीकार गरेको छ। राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा शक्ति मानेको छ। ढोरपाटन नगरपालिकाको कुल जनसंख्याको ४९.५७ प्रतिशत हिस्सा (१५—३९ वर्ष उमेर समूह) युवाहरूको रहेको छ,

जसले पालिकामा उच्च 'जनसाङ्ख्यिक लाभांश' (Demographic Dividend) को सम्भाव्यता देखाउँछ। यद्यपि, आर्थिक रूपले सक्रिय जनसंख्याको करिब ४२.७६ प्रतिशत युवाहरू स्वदेशमा पर्याप्त रोजगारीको अभाव, आधुनिक प्रविधिको कमी र कृषि क्षेत्रप्रतिको न्यून आकर्षणका कारण वैदेशिक रोजगारीमा पलायन भएका छन्। विदेश जाने युवाहरूमा पनि आवश्यक सीप र दक्षताको कमी (अदक्ष कामदार) हुँदा न्यून आय र जोखिमपूर्ण कार्यमा संलग्न हुनुपर्ने बाध्यता छ।

"सबैका लागि खेलकुद" भन्ने मूल मर्मका साथ समाजका खेलाडी, प्रशिक्षक, बालबालिका, युवा र फरक क्षमता भएका व्यक्तिहरूलाई खेलकुदको माध्यमबाट निरोगी, अनुशासित र गतिशील बनाई स्थानीय विकासमा परिचालन गर्नु अहिलेको प्रमुख आवश्यकता हो। ढोरपाटन नगरपालिकामा विशेषगरी भलिबल, परम्परागत तारा खेल (आर्चरी), मार्सल आर्ट र एथलेटिक्स खेलहरूको उच्च सम्भावना रहेको छ। विद्यालय स्तरमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा स्थानीय युवा क्लबहरूको सक्रियताले खेलाडी उत्पादनमा जग बसालेको छ। खेलकुदको संस्थागत विकास र आधुनिक पूर्वाधार निर्माण गर्न सकेमा यस क्षेत्रलाई खेल पर्यटन (Sports Tourism) को रूपमा विकास गरी पालिकाको आर्थिक वृद्धि र समृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना छ।

### ५.५.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **अदक्ष वैदेशिक रोजगारी र बेरोजगारी**ः युवाहरूमा उद्यमशीलता र प्रविधियुक्त व्यावसायिक सीपको अभाव हुनु; सीप र सूचना विना अदक्ष कामदारका रूपमा वैदेशिक रोजगारीमा जाँदा श्रमको उचित मूल्य पाउन नसक्नु।
- **गुणस्तरीय पूर्वाधारको अभाव**ः नगरपालिकाभित्र रहेका खुल्ला चौर, खेल मैदान र पार्कहरू कच्ची हुनु; आधुनिक र सुविधायुक्त रङ्गशाला, व्यायामशाला (Gymnasium), सार्वजनिक पुस्तकालय र नाट्यशालाको अभाव हुनु।
- **खेलकुदको अव्यवसायिकता र क्लबहरूको सुदृढीकरण**ः युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमा दर्ता भई संस्थागत रूपमा सञ्चालन हुन नसक्नु; र व्यावसायिक खेल प्रशिक्षण तथा नियमित प्रतियोगिताहरूको कमी हुनु।
- **प्रशिक्षक र खेल सामग्रीको कमी**ः स्थानीय स्तरमा प्रमाणित खेल प्रशिक्षक (Coaches) को अभाव हुनु र खेलाडीहरूका लागि आवश्यक आधुनिक खेल सामग्रीको उपलब्धता न्यून हुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **युवा पलायन र प्रतिभा पलायन (Brain Drain)**ः वर्षेनी श्रम बजारमा थपिने युवाहरूलाई स्थानीय स्तरमै स्वरोजगार र उद्यमशीलताका अवसरहरू प्रदान गरी विदेश र सहरतर्फको पलायन रोक्नु।
- **दुर्व्यसन र कुलतबाट संरक्षण**ः बेरोजगार युवाहरूलाई रचनात्मक र उत्पादनशील कार्यमा संलग्न गराई कुलत तथा लागूऔषधको जोखिममा फस्नबाट जोगाउनु।
- **खेलकुदलाई जीविकोपार्जनको माध्यम बनाउनु**ः खेलकुदलाई केवल मनोरञ्जनमा सीमित नराखी व्यावसायिक रूपमा विकास गरी खेलाडीहरूको जीवनयापनको भरपर्दो माध्यमका रूपमा स्थापित गर्नु।
- **भौगोलिक विकटता र निजी लगानी**ः भिरालो र असहज भू-बनोटका कारण ठूला खेल पूर्वाधार निर्माणमा लागत उच्च हुनु र खेलकुद क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु।

### ५.५.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **प्रचुर युवा जनशक्ति र सक्रिय क्लबहरू:** विकास आयोजना र स्थानीय अर्थतन्त्रलाई गति दिन सक्ने ऊर्जावान् युवा श्रम शक्तिको उपलब्धता हुनु र तल्लो तह (वस्ती/टोल) सम्मै युवा क्लबहरू क्रियाशील रहनु।
- **परम्परागत र आधुनिक खेलप्रतिको रुचि:** स्थानीय युवाहरूमा भलिबल, फुटबल, ब्याडमिन्टन र परम्परागत तारा खेलप्रति उच्च आकर्षण र रुचि रहनु।
- **राष्ट्रपति रनिङ शिल्डको निरन्तरता:** विद्यालय स्तरदेखि नै खेल प्रतिभा पहिचान गर्ने माध्यमका रूपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताहरू नियमित सञ्चालन हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **जनसाङ्ख्यिक लाभांश र 'युवा फिर्ता' कार्यक्रम:** युवा जनशक्तिलाई सीप र प्रविधियुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने; र 'युवा आकर्षण कार्यक्रम' मार्फत बाहिरिएका युवाहरूलाई स्थानीय उद्यममा फर्काउने अवसर।
- **बुर्तिवाङ नगर रङ्गशाला र 'एक वडा, एक खेल मैदान':** बुर्तिवाङमा नगरस्तरीय आधुनिक खेल मैदान/रङ्गशाला निर्माण गर्न सकिने र 'एक वडा, एक खेल मैदान' वा 'एक विद्यालय, एक खेल मैदान' नीति कार्यान्वयन गर्न सकिने।
- **खेल पर्यटन (Sports Tourism) को विकास:** उपयुक्त प्राकृतिक पर्यावरणको उपयोग गरी उच्च पहाडी क्षेत्रमा खेल पूर्वाधार र प्याराग्लाइडिङ वा तारा खेल जस्ता प्रतियोगितामार्फत खेल पर्यटन प्रवर्द्धन गर्न सकिने।
- **परम्परागत खेलको व्यवसायीकरण:** मौलिक 'तारा खेल' (Archery) को पूर्वाधार विकास गरी यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी खेलका रूपमा स्थापित गर्न सकिने।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

*उद्देश्यहरू*

१. युवाहरूको सीप, दक्षता र कार्यकुशलताको विकास गरी उनीहरूलाई स्थानीय उत्पादन, कृषि, उद्यमशीलता र सामाजिक कार्यमा परिचालन गर्ने। २. खेलकुद क्षेत्रको संस्थागत विकासका लागि आवश्यक आधुनिक भौतिक पूर्वाधार (रङ्गशाला, खेल मैदान) र दक्ष खेल जनशक्ति (प्रशिक्षक) को विकास गर्ने। ३. विद्यालय स्तरदेखि नै खेल प्रतिभाहरूको पहिचान र व्यावसायिक प्रशिक्षण प्रदान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने। ४. युवाहरूमा सूचना प्रविधिको पहुँच बढाउँदै कुलत र दुर्व्यसनमुक्त समाजको निर्माण गर्ने र परम्परागत तारा खेलको संरक्षण गर्ने।

### ५.५.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | वैदेशिक रोजगारीमा जाने युवाहरूको हिस्सा (साविकको आधारमा) | प्रतिशत | ४२.७६ | ४२.० | ४०.० | ३८.० | ३५.० |
| २ | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवाहरूको हिस्सा | प्रतिशत | ३७.५४ | ३८.० | ३९.० | ४०.० | ४५.० |
| ३ | युवा व्यवसायीहरूद्वारा सञ्चालित र दर्ता भएका व्यवसाय | संख्या | ७८ | ८० | ८५ | ९० | १०० |
| ४ | उद्यमशीलता तथा व्यावसायिक तालिम प्राप्त युवाहरूको वार्षिक संख्या | संख्या | ४० | ४४ | ५० | ५५ | ६५ |
| ५ | प्राविधिक सीपमूलक तालिम (कृषि, भेटेरिनरी, प्लम्बिङ, डकर्मी आदि) प्राप्त युवा | संख्या | ० | २० | २५ | ३० | ४० |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम र आन्तरिक रोजगारबाट लाभान्वित युवा | संख्या | १५० | १६० | १८० | २०० | २५० |
| ७ | स्थानीय तहमा कानुनी रूपमा दर्ता र सक्रिय युवा क्लब/सञ्जाल | संख्या | ९ | ९ | १० | १२ | १५ |
| ८ | सामाजिक कार्य तथा विपद् व्यवस्थापनमा परिचालित युवा स्वयंसेवक | संख्या | ० | १८ | २५ | ३० | ४० |
| ९ | युवाहरूको सचेतना, नेतृत्व विकास र उद्यमशीलता युवा सम्मेलन | संख्या | ० | १ | १ | १ | २ |
| १० | दुर्व्यसनमुक्त समाजका लागि सचेतना र सुधार केन्द्र समन्वय कार्यक्रम | संख्या | ० | १ | १ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | नगरपालिका स्तरमा सञ्चालित खेलकुद प्रतियोगिताहरू (वार्षिक) | संख्या | १ | १ | २ | २ | ३ |
| १२ | अन्तर-विद्यालय प्रतियोगितात्मक खेलकुद (राष्ट्रपति रनिङ शिल्ड आदि) | संख्या | १ | १ | १ | १ | २ |
| १३ | स्थानीय स्तरमा उपलब्ध प्रमाणित खेल प्रशिक्षकहरू | संख्या | ५ | ६ | ७ | ७ | ९ |
| १४ | प्रतिभावान्, सफल र क्षमतावान् खेलाडी प्रोत्साहन तथा सम्मान | संख्या | १ | १ | २ | २ | ३ |
| १५ | विधागत खेलाडीहरूका लागि सञ्चालित नियमित प्रशिक्षण कार्यक्रम | संख्या | १ | १ | २ | २ | ३ |
| १६ | स्तरोन्नति गरिएको सुविधायुक्त नगरस्तरीय खेल मैदान (बुर्तिवाङ) | संख्या | १ | १ | १ | १ | १ |
| १७ | कभर्डहल (Covered Hall) तथा इन्डोर खेलकुद संरचना | संख्या | २ | २ | २ | २ | ३ |
| १८ | वडास्तरीय र टोलस्तरीय आधारभूत खेल मैदानहरू | संख्या | ९ | ९ | १० | ११ | १२ |
| १९ | परम्परागत मौलिक 'तारा खेल' (Archery) पूर्वाधार तथा संरक्षण | संख्या | ० | १ | १ | १ | २ |

### ५.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख (मेयर) कप, राष्ट्रपति रनिङ शिल्ड तथा | विद्यालय तथा समुदायस्तरमा | २०८३—२०८६ | २,३०० | • प्रत्येक वर्ष मेयर कप र राष्ट्रपति रनिङ शिल्ड |

| | | | | | |
|---|---|---|---|---|---|
| | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | खेलकुद संस्कृतिको विकास गर्ने | | | प्रतियोगिता सञ्चालन हुने। • विद्यालय तथा युवाको खेल सहभागिता वृद्धि हुने। |
| २ | युवा क्लब तथा खेलकुद संस्थाको क्षमता विकास एवं सञ्चालन सहयोग कार्यक्रम | स्थानीय युवा क्लबहरूको संस्थागत विकास र खेल गतिविधि विस्तार गर्ने | २०८३—२०८६ | ८०० | • युवा क्लबहरू सक्रिय हुने। • समुदायस्तरीय खेलकुद गतिविधि नियमित सञ्चालन हुने। |
| ३ | खेलाडी प्रोत्साहन, खेल सामग्री वितरण तथा प्रतिभा विकास कार्यक्रम | उत्कृष्ट खेलाडी उत्पादन तथा खेल प्रतिभाको विकास गर्ने | २०८३—२०८६ | १,००० | • खेलाडीलाई आवश्यक खेल सामग्री उपलब्ध हुने। • पालिकाबाट प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागिता बढ्ने। |
| ४ | युवा नेतृत्व, स्वयंसेवा तथा उद्यमशीलता विकास कार्यक्रम | युवाको नेतृत्व क्षमता, स्वयंसेवा र स्वरोजगार प्रवर्द्धन गर्ने | २०८३—२०८६ | १,००० | • युवा नेतृत्व विकास कार्यक्रम सञ्चालन हुने। • युवाको सामाजिक तथा आर्थिक सहभागिता वृद्धि हुने। |

### ५.५.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| **आर्थिक वर्ष** | **कुल बजेट** | **चालु** | **पुँजीगत** | **आन्तरिक स्रोत (१५%)** | **संघीय सरकार (६०%)** | **प्रदेश सरकार (२५%)** |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | २,२०० | १,९०० | ३०० | ३३० | १,३२० | ५५० |
| २०८४/८५ | १,७०० | १,३०० | ४०० | २५५ | १,०२० | ४२५ |
| २०८५/८६ | १,२०० | ९०० | ३०० | १८० | ७२० | ३०० |
| **जम्मा** | ५,१०० | ४,१०० | १,००० | ७६५ | ३,०६० | १,२७५ |

# परिच्छेद ६ :
## पूर्वाधार क्षेत्र

### ६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

#### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त, सुरक्षित र वातावरणीय अनुकूल आवासको हकलाई मौलिक हकका रूपमा प्रत्याभूति गरेको छ। ढोरपाटन नगरपालिकाको भौगोलिक स्वरूप मुख्यतः ग्रामीण परिवेशको भए तापनि आर्थिक गतिविधि र सडक सञ्जालको विस्तारसँगै केही भूभागहरू तीव्र रूपमा बजारोन्मुख हुँदैछन्। विशेष गरी यस नगरपालिकाको प्रशासनिक एवं आर्थिक केन्द्र रहेको बुर्तिवाङ बजार क्षेत्र सङ्घीय सरकारको 'नयाँ सहर निर्माण अवधारणा' (New Town Project) अनुरूप योजनाबद्ध रूपमा विकास भइरहेको छ।

नगरपालिकाभित्र हाल रहेका भवनहरूमध्ये ७८.३४ प्रतिशत घरहरू परम्परागत वास्तुकला अनुसार माटोको जोडाई र ढुङ्गा (Mud Mortar Masonry) बाट निर्मित छन्। यी घरहरूमध्ये अधिकांश कच्ची र अर्धपक्की अवस्थामा रहेकाले भूकम्पीय, बाढी-पहिरो तथा अन्य प्राकृतिक प्रकोपका दृष्टिकोणले अत्यन्त संवेदनशील र जोखिमयुक्त छन्। भौगोलिक विकटता र एकीकृत योजनाको अभावका कारण भवन तथा सहरी विकासको क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन।

अपेक्षाकृत उच्च जनघनत्व, श्रमको विशिष्टीकरण, चुस्त यातायात, पर्याप्त खानेपानी, दिगो ऊर्जा (बिजुली) र सूचना प्रविधिको उपलब्धता सहितको आवास व्यवस्थापन सहरीकरणका आधारभूत सिद्धान्त हुन्। दिगो विकास लक्ष्य ११ (सभ्य र दिगो सहर एवं समुदाय) हासिल गर्न, गरिबी न्यूनीकरण गर्न र सुरक्षित समाज निर्माणका लागि वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नुपर्ने टड्कारो आवश्यकता छ। यसका लागि वैज्ञानिक भू-उपयोग योजना, भवन निर्माण आचारसंहिता (National Building Code) को पालना, मनोरञ्जन पार्क, बालउद्यान, आधुनिक बसपार्क, सार्वजनिक शौचालय र सुरक्षित ग्रामीण वस्ती विकास जस्ता पूर्वाधारहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्नु नगरपालिकाको दीर्घकालीन समृद्धिको मुख्य आधारशिला हो।

#### ६.१.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **मापदण्ड र कार्यान्वयनको अभावः** नगरपालिकाको आफ्नै भवन निर्माण मापदण्ड तथा कार्यविधि पूर्ण रूपमा तयार भइनसक्नु; सडकको 'राइट अफ वे' (Right of Way) र स्वीकृत नक्सा विपरीत भवन निर्माण हुने क्रम रोकिन नसक्नु तथा नियमन र अनुगमन कार्य फितलो हुनु।
- **प्राविधिक परामर्श र गुणस्तरको कमीः** ग्रामीण क्षेत्रमा व्यक्तिगत आवास निर्माण गर्दा प्राविधिक/इन्जिनियरिङ परामर्श लिने प्रचलन अत्यन्त न्यून हुनु; र गुणस्तरीय निर्माण सामग्रीको अभाव एवं बजार मूल्य बढी हुँदा निर्माण कार्य खर्चिलो हुनु।
- **असुरक्षित र परम्परागत संरचनाः** अधिकांश पुराना घरहरू माटो र ढुङ्गाका कच्ची संरचना भएकाले प्राकृतिक प्रकोपको उच्च जोखिममा रहनु र सार्वजनिक तथा सामुदायिक भवनहरूको उपलब्धता पर्याप्त नहुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक विकटता र पूर्वाधार विस्तारः** पहाडी तथा उच्च पहाडी भू-बनोटका कारण योजनाबद्ध पूर्वाधारहरू (बाटो, ढल, नाला, सडक बत्ती, खानेपानी) पुऱ्याउन लागत उच्च र प्राविधिक रूपमा चुनौतीपूर्ण हुनु।
- **भू-उपयोग योजना र जग्गा अधिग्रहणः** वैज्ञानिक भू-उपयोग नीति (Land Use Plan) तर्जुमा गरी कृषि, आवास र औद्योगिक क्षेत्र वर्गीकरण गर्नु; र विकास आयोजनाका लागि जग्गा प्राप्ति वा अधिग्रहण (Land Acquisition) कार्य जटिल हुनु।
- **बसाइँसराइ र वस्ती एकीकरणः** ग्रामीण क्षेत्रबाट बुर्तिवाङ बजार र अन्य सहरी क्षेत्रतर्फ भइरहेको तीव्र बसाइँसराइ रोक्न स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नु; र छरिएर रहेका दुर्गम वस्तीहरूलाई एकीकृत वस्ती (Integrated Settlement) मा रूपान्तरण गर्न ठूलो पुँजीगत बजेटको व्यवस्थापन गर्नु।
- **प्राकृतिक प्रकोप र मौलिकता लोपः** पहिरो, भूकम्प र डढेलो जस्ता विपद्‌बाट वस्तीहरूलाई सुरक्षित राख्नु; र आधुनिक कङ्क्रिट संरचनाको बढ्दो प्रयोगले रैथाने संस्कृति, स्थानीय वास्तुकला र पहिचान हराउँदै जानु।

### ६.१.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **नयाँ सहरको रणनीतिक आधारः** बुर्तिवाङ बजार नयाँ सहर आयोजनाका रूपमा छनोट भई सङ्घीय र प्रादेशिक स्रोतहरू आकर्षित भइरहेको अनुकूल अवस्था।
- **स्थानीय स्रोत र सामग्रीको प्रचुरताः** सार्वजनिक तथा निजी निर्माणका लागि आवश्यक पर्ने स्थानीय कच्चा पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, स्लेट आदि) पालिकाभित्रै पर्याप्त मात्रामा उपलब्ध हुनु।
- **चेतना र नागरिक अग्रसरताः** भूकम्प प्रतिरोधी र वातावरणमैत्री सुरक्षित भवन निर्माणप्रति जनतामा चासो र चेतना बढ्दै जानु तथा सार्वजनिक निर्माणमा स्थानीयवासीहरूको आर्थिक र श्रम सहभागिता (Public Participation) रहनु।

*ख) सम्भावना र अवसरहरू*

- **स्थानीय पहिचानयुक्त गाउँ र एकीकृत वस्तीः** भौगोलिक संवेदनशीलता र कार्यमूलक योजनाका माध्यमबाट छरिएर रहेका वस्तीहरूलाई एकीकृत गरी 'एक वडा, एक नमुना वस्ती' विकास गर्न सकिने; र स्थानीय वास्तुकला झल्किने पहिचानयुक्त सहर बसाल्न सकिने।
- **सुरक्षित आवास कार्यक्रम (जनता आवास)ः** गरिब, दलित, पिछडिएका र अति सीमान्तकृत वर्गका लागि सङ्घ र प्रदेश सरकारको साझेदारीमा 'न्यून लागत सुरक्षित आवास कार्यक्रम' सञ्चालन गर्न सकिने।
- **आर्थिक गतिविधि र खेल/मनोरञ्जन पूर्वाधारः** द्रुत गतिमा विस्तार भइरहेको सडक सञ्जालको उपयोग गरी व्यवस्थित मनोरञ्जन पार्क, बालउद्यान, विश्रामस्थल र आधुनिक बसपार्क निर्माणमार्फत पालिकाको आन्तरिक आय बढाउन र आर्थिक गतिविधिलाई चलायमान बनाउन सकिने।
- **आन्तरिक श्रम र सीपको उपयोगः** सार्वजनिक निर्माण कार्यहरूमा स्थानीय श्रम शक्ति र परम्परागत डकर्मी/सिकर्मी सीपको व्यवसायीकरण गरी स्वरोजगारीका अवसर सिर्जना गर्न सकिने।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : पूर्ण सुरक्षित, आधुनिक सुविधायुक्त र रैथाने वास्तुकला सहितको पहिचानयुक्त वस्ती र आवासः दिगो ढोरपाटनको विकास।

**लक्ष्य** : सुरक्षित, वातावरणमैत्री र न्यूनतम पूर्वाधार सुविधायुक्त व्यवस्थित आवास तथा एकीकृत वस्तीको विकास गर्ने।

*उद्देश्यहरू*

१. न्यूनतम पूर्वाधार (सडक, खानेपानी, विजुली, सञ्चार) सहितको सुरक्षित र एकीकृत वस्ती (Integrated Settlement) को विकास गर्नु। २. स्थानीय निर्माण सामग्रीको अधिकतम उपयोग गर्दै रैथाने वास्तुकला (Indigenous Architecture) र आधुनिक इन्जिनियरिङ प्रविधिको सम्मिश्रण गरी किफायती एवं भूकम्प प्रतिरोधी भवनहरू निर्माण गर्नु। ३. नगरपालिकाको भवन निर्माण आचारसंहिता र भू-उपयोग नीति कडाइका साथ लागू गरी व्यवस्थित सहरीकरण र भूमिको वैज्ञानिक वर्गीकरण सुनिश्चित गर्नु। ४. सार्वजनिक निर्माणका क्षेत्रहरू (पार्क, सार्वजनिक शौचालय, बसपार्क र बालउद्यान) को दिगो व्यवस्थापन गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु।

**६.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वस्ती विकास सम्भाव्यता अध्ययन गरिएका क्षेत्रहरू (सञ्चित) | संख्या | १० | ११ | १२ | १३ | १५ |
| २ | भू-उपयोग नीति तथा योजना तर्जुमा र कार्यान्वयन अवस्था | संख्या | १ | १ | १ | १ | १ |
| ३ | भवन निर्माण मापदण्ड/सहरी योजना आचारसंहिता परिमार्जन | संख्या | १ | १ | १ | १ | १ |
| ४ | आधुनिक प्रणालीमा भवनहरूको अभिलेख अद्यावधिक र व्यवस्थापन | संख्या | १ | १ | २ | ३ | ४ |
| ५ | भवन तथा आवास निर्माणका लागि | संख्या | ० | १ | २ | २ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वातावरणीय प्रभाव अध्ययन (IEE/EIA) | | | | | | |
| ६ | प्रवर्द्धित तथा योजनाबद्ध सुरक्षित आवास क्षेत्रको हिस्सा | प्रतिशत | ६४.७० | ६५.०० | ७०.०० | ७५.०० | ८०.०० |
| ७ | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी प्रमाणित दक्ष जनशक्ति | संख्या | ९ | १५ | २० | २५ | ३५ |
| ८ | मापदण्ड अनुसार निर्माण भएका सुरक्षित सार्वजनिक भवन/संरचना | संख्या | ७४ | ८० | ८४ | ८८ | ९५ |

### ६.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका तथा वडा कार्यालय भवन निर्माण/स्तरोन्नति | सेवा प्रवाहका लागि सुरक्षित तथा सुविधासम्पन्न भवन विकास | २०८३–२०८६ | २०,००० | प्रशासनिक भवनको स्तरोन्नति हुने |
| २ | स्वास्थ्य, शिक्षा तथा सामुदायिक भवन निर्माण/मर्मत | सार्वजनिक सेवा पूर्वाधार सुदृढ गर्ने | २०८३–२०८६ | १२,००० | सेवा केन्द्रहरूको भौतिक अवस्था सुधार हुने |
| ३ | सार्वजनिक पार्क, खुला स्थान तथा सामुदायिक संरचना विकास | सार्वजनिक उपयोगका पूर्वाधार विस्तार गर्ने | २०८३–२०८६ | ८,००० | सार्वजनिक खुला क्षेत्र तथा पार्क विकास हुने |
| ४ | सार्वजनिक शौचालय, प्रतिक्षालय तथा अन्य सार्वजनिक संरचना | नागरिकमैत्री पूर्वाधार निर्माण गर्ने | २०८३–२०८६ | ५,००० | सार्वजनिक सुविधा विस्तार हुने |
| ५ | सरकारी भवन मर्मत, संरक्षण तथा पहुँचमैत्रीकरण | विद्यमान संरचनाको संरक्षण र उपयोगिता वृद्धि गर्ने | २०८३–२०८६ | १२,५०० | सरकारी भवनहरूको गुणस्तर सुधार हुने |
| **जम्मा** | | | | **५७,५००** | |

### ६.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १७,००० | २,००० | १५,००० | २,५५० | १०,२०० | ४,२५० |
| २०८४/८५ | १९,००० | २,२०० | १६,८०० | २,८५० | ११,४०० | ४,७५० |
| २०८५/८६ | २१,५०० | २,५०० | १९,००० | ३,२२५ | १२,९०० | ५,३७५ |
| **जम्मा** | ५७,५०० | ६,७०० | ५०,८०० | ८,६२५ | ३४,५०० | १४,३७५ |

## ६.२ सडक पूर्वाधार तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक, पुल तथा यातायात पूर्वाधार नगरपालिकाको आर्थिक विकास, सामाजिक समृद्धि र आन्तरिक बजार सञ्जाललाई जोड्ने मेरुदण्ड हुन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सडक सञ्जालको निर्माण, मर्मत र व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। ढोरपाटन नगरपालिकाले "समावेशी, वातावरणमैत्री र गुणस्तरीय पूर्वाधार" भन्ने अभियानका साथ सडक सञ्जालको विकासलाई उच्च प्राथमिकतामा राखेको छ।

हाल नगरपालिकाका सबै वडाहरूमा ग्रामीण सडकको पहुँच पुगेको छ, तर अधिकांश सडकहरू कच्ची, साँघुरा र जोखिमयुक्त अवस्थामा रहेका छन्। नगरपालिकाभित्र कुल ३४०.९५ कि.मि. सडक सञ्जाल रहेको छ, जसमा मध्य—पहाडी लोकमार्ग र ढोरपाटन-सालझण्डी सडक जस्ता रणनीतिक सडकहरूले समेत ओगटेका छन्। यी सडकहरूमा बर्खामा हिलो र खाल्डाखुल्डी तथा हिउँदमा धुलोको समस्याले गर्दा यातायात सेवा अवरुद्ध हुने र दुर्घटनाको जोखिम बढ्ने गरेको छ। भिरालो भू—भागमा वातावरणीय परीक्षण नगरी खनिएका सडकहरूले भूक्षय र पहिरोको जोखिम बढाएका छन्। तसर्थ, नगरपालिकाको यातायात गुरुयोजना, २०८० बमोजिम सडकहरूको मापदण्ड निर्धारण, स्तरोन्नति, नाली निर्माण, पुल/कल्भर्ट व्यवस्थापन र बाह्रै महिना सञ्चालन हुन सक्ने 'सडक सञ्जाल' निर्माण गर्नु आजको प्रमुख कार्यभार हो।

### ६.२.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **गुणस्तर र मापदण्डको अभाव:** सडकहरू कच्ची हुनु र औसत चौडाइ न्यून हुनु; सडक किनारमा नाली (Drainage) र फोहोरमैला व्यवस्थापनको अभाव हुनु।
- **पूर्वाधार अभाव:** आवश्यकता अनुसार मोटरेबल पुल, झोलुङ्गे पुल र कल्भर्टको कमी; सडक सुरक्षाका संकेत (Road Signs) हरू नहुनु।
- **अव्यवस्थित मर्मतसम्भार:** अधिकांश सडकहरू मर्मत र संरक्षणको अभावमा जीर्ण हुनु र बजेटको सीमितताका कारण निर्माणाधीन सडकहरूले गति लिन नसक्नु।

*ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक र वातावरणीय जोखिमः** पहाडी कठिन भूगोलमा सडक निर्माण गर्दा बाढी, पहिरो र भूक्षयको उच्च जोखिम हुनु; वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम नकारात्मक प्रभाव न्यूनीकरण गर्नु।
- **आर्थिक तथा प्राविधिक स्रोतः** सडकको स्तरोन्नति र पक्की संरचना निर्माणका लागि ठूलो बजेटको आवश्यकता पर्नु; सडक चौडा गर्दा जग्गा अधिग्रहण र क्षतिपूर्ति व्यवस्थापनमा जटिलता हुनु।
- **यातायात सुरक्षाः** क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति र वर्षायाममा यातायात सेवा हिलाम्मे तथा कष्टप्रद हुनु, जसले गर्दा दुर्घटनाको जोखिम बढ्नु।

### ६.२.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **गुरुयोजना र रणनीतिः** नगरपालिकाको यातायात गुरुयोजना (२०८०) र मापदण्ड तयार हुनु; मध्य—पहाडी लोकमार्ग जस्ता रणनीतिक सडकहरूको उपस्थितिले आर्थिक विकासको बलियो आधार प्रदान गर्नु।
- **जनसहभागिता र सचेतनाः** सडक सञ्जालको आवश्यकताप्रति आम नागरिकमा उच्च चेतना रहनु र निर्माण कार्यमा जनश्रमदान गर्न जनताको अग्रसरता हुनु।

*ख) सम्भावना र अवसरहरू*

- **चक्रीय सडक विकास (Circular Road Network)ः** सबै वडा तथा बस्तीहरूलाई जोड्ने गरी 'पालिका स्तरीय चक्रीय सडक विकास' अवधारणा लागू गरी आर्थिक तथा सामाजिक संरचनाको विकास गर्न सकिने।
- **पर्यटन र कृषि सडकः** सडक सञ्जाल विस्तारमार्फत ढोरपाटन क्षेत्रको पर्यटकीय विकास र स्थानीय कृषि उत्पादनको बजार पहुँच सहज बनाउन सकिने।
- **विकास साझेदार र प्रविधिः** तीनै तहको सरकारको प्राथमिकतामा सडक उपक्षेत्र पर्नु र बाह्य विकास साझेदारहरूको सहयोग प्राप्त हुने अवसर हुनु।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : सुरक्षित, सुलभ र भरपर्दो सडक सञ्जालमार्फत यातायात सेवाको सर्वसुलभ पहुँच र दिगो विकास।

**लक्ष्य** : सडक सञ्जालको गुणस्तरीय स्तरोन्नति गरी यातायात प्रणालीलाई सुरक्षित, सहज र १२ महिना चल्ने (All-weather) बनाउने।

*उद्देश्यहरू*

१. दिगो, भरपर्दो, वातावरणमैत्री सडक सञ्जाल, पुल तथा सुरक्षित पदमार्गहरूको विस्तार र स्तरोन्नति गर्नु। २. सडक तथा यातायात सेवाको नियमित मर्मतसम्भार, अनुगमन र प्रभावकारी व्यवस्थापन गर्नु। ३. कृषि, पर्यटन र बजार केन्द्रहरूलाई जोड्ने रणनीतिक सडक सञ्जाल निर्माण गरी स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउनु।

### ६.२.५ नतिजा सूचकतथामध्यमकालीनलक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वातावरणीय परीक्षण (EIA/IEE) भएका सडकहरू (प्याकेज) | संख्या | ० | १ | २ | २ | ३ |
| २ | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका सडकहरू | संख्या | १२ | १५ | १८ | २२ | २५ |
| ३ | बायो-इन्जिनियरिङ (गेबियन/वृक्षारोपण) गरिएका सडक खण्ड | प्रतिशत | १५ | २० | २५ | ३० | ४० |
| ४ | यात्रु प्रतिक्षालयका रूपमा वर/पिपल/समी वृक्षारोपण | संख्या | १० | २० | २८ | ३५ | ५० |
| ५ | संरक्षण एवं पुनर्निर्माण गरिएका परम्परागत ढुङ्गे चौतारा | संख्या | २५ | ३० | ३६ | ४२ | ५० |
| ६ | नियमित मर्मतसम्भार (Regular Maintenance) भएको सडक | कि.मि. | १०० | १५० | २०० | २७५ | ३५० |
| ७ | पालिकामा दर्ता भई सञ्चालित ४ पाङ्ग्रे यातायातका साधन | संख्या | ६५ | ८० | ९० | ९५ | १०० |
| ८ | व्यवस्थित बस तथा यात्री प्रतिक्षालयहरूको संख्या | संख्या | ९ | १५ | २५ | ३२ | ४० |
| ९ | व्यवस्थित बस तथा जिप पार्क/बसपार्क | संख्या | १ | १ | २ | २ | २ |
| १० | हेलिप्याड निर्माण एवं स्तरोन्नति | संख्या | ५ | ७ | ८ | ९ | १० |

### ६.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रणनीतिक सडक स्तरोन्नति तथा कालोपत्रे कार्यक्रम | पालिका केन्द्र तथा मुख्य सडकको स्तरोन्नति गर्ने | २०८३–२०८६ | ४६,००० | मुख्य सडक स्तरोन्नति तथा आवागमन सहज हुने। |
| २ | मोटरेबल तथा बेलिब्रिज पुल निर्माण/साझेदारी | सुरक्षित आवागमन सुनिश्चित गर्ने | २०८३–२०८६ | २०,००० | रणनीतिक पुल निर्माण सम्पन्न हुने। |
| ३ | पक्की कल्भर्ट तथा सडक संरचना निर्माण | वर्षायाममा सडक अवरोध न्यूनीकरण गर्ने | २०८३–२०८६ | १०,५०० | कल्भर्ट तथा ड्रेनेज संरचना विस्तार हुने। |
| ४ | ग्रामीण सडक मर्मत तथा नियमित सम्भार | सडकलाई वर्षभरि सञ्चालनयोग्य बनाउने | २०८३–२०८६ | १२,००० | नियमित मर्मत प्रणाली सुदृढ हुने। |
| ५ | सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन | सुरक्षित यातायात सुनिश्चित गर्ने | २०८३–२०८६ | ५,००० | सडक सुरक्षा पूर्वाधार विस्तार हुने। |
| ६ | नयाँ सडक ट्र्याक तथा पहुँच मार्ग विस्तार | दुर्गम बस्तीलाई सडक सञ्जालसँग जोड्ने | २०८३–२०८६ | १५,५०० | नयाँ पहुँच सडक निर्माण हुने। |
| **जम्मा** | | | | १,०९,००० | |

### ६.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३०,००० | २,५०० | २७,५०० | ४,५०० | १८,००० | ७,५०० |
| २०८४/८५ | ३६,००० | २,८०० | ३३,२०० | ५,४०० | २१,६०० | ९,००० |
| २०८५/८६ | ४३,००० | ३,२०० | ३९,८०० | ६,४५० | २५,८०० | १०,७५० |
| **जम्मा** | १,०९,००० | ८,५०० | १,००,५०० | १६,३५० | ६५,४०० | २७,२५० |

## ६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

दिगो विकास लक्ष्य (SDG ७) ले नवीकरणीय ऊर्जाको विकासमार्फत सबैका लागि सुलभ र भरपर्दो ऊर्जाको पहुँच सुनिश्चित गर्ने नीति अङ्गीकार गरेको छ। ढोरपाटन नगरपालिकाको आर्थिक रूपान्तरण र औद्योगिक विकासका लागि ऊर्जा प्रमुख पूर्वाधार हो। नगरपालिकाको ९५.३८ प्रतिशत घरधुरीमा विद्युत् सेवाको पहुँच पुगेको छ भने हाल केन्द्रीय प्रसारण लाइन

विस्तारको कार्य जारी छ। जलविद्युत् उत्पादनका लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको प्रचुर सम्भावना यस पालिकाको सबल पक्ष हो। विशेष गरी नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा समावेश 'उत्तर गङ्गा जलाशययुक्त जलविद्युत् आयोजना' यस क्षेत्रको विकासका लागि कोसेढुङ्गा सावित हुनेछ।

यद्यपि, अझै पनि ७०.८६ प्रतिशत घरपरिवार खाना पकाउन परम्परागत दाउरामा निर्भर छन्, जसले स्वास्थ्यमा प्रतिकूल असर पार्नुका साथै वन विनाशलाई बढावा दिइरहेको छ। राष्ट्रिय प्रसारण लाइन नपुगेका विकट र छरिएका वस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन तथा बढ्दो विद्युत् मागलाई सम्बोधन गर्न लघु जलविद्युत्, सौर्य ऊर्जा, वायोग्यास र सुधारिएको चुलो जस्ता नवीकरणीय ऊर्जाको प्रवद्र्धन गर्नु नगरपालिकाको प्राथमिकता रहेको छ।

### ६.३.२ समस्या, चुनौती तथा जोखिमहरू

#### *क) समस्याहरू*

- **ऊर्जा उपभोगको अवस्थाः** स्वस्थ ऊर्जा (स्वच्छ भान्छा) को प्रयोग अत्यन्त न्यून हुनु; दाउराको अत्यधिक खपतले स्वास्थ्य र वातावरणीय जोखिम निम्त्याउनु।
- **प्राविधिक कमजोरीः** विद्युतीकरणका लागि प्रयोग गरिएका अधिकांश काठ/बाँसका पोलहरू जीर्ण र असुरक्षित हुनु; चट्याङका कारण ट्रान्सफर्मरमा क्षति पुग्ने र पहिरोले विद्युत् नहर (कुला) भत्काउने समस्या रहनु।
- **पूर्वाधारको अभावः** ग्रामीण क्षेत्रमा उद्योग र सिँचाइका लागि आवश्यक पर्ने 'थ्री-फेज' (Three-phase) विद्युत् लाइनको कमी हुनु।

#### *ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक विकटताः** छरिएर रहेका वस्तीहरूमा विद्युत् पहुँच पुऱ्याउनु र प्राकृतिक प्रकोप (बाढी/पहिरो) ले ऊर्जा संरचनामा पार्ने क्षति व्यवस्थापन गर्नु।
- लगानी र आकर्षणः वैकल्पिक ऊर्जाको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न वित्तीय उत्प्रेरणा र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सकिएको छैन।
- **माग र आपूर्तिः** बढ्दो सहरीकरण र आर्थिक गतिविधिले विद्युत्को माग ह्वात्तै बढेको छ, तर त्यस अनुसारको गुणस्तरीय आपूर्तिको व्यवस्थापन चुनौतीपूर्ण छ।

### ६.३.३ सम्भावना तथा अवसरहरू

#### *क) सबल पक्षहरू*

- **रणनीतिक आयोजनाहरूः** बुर्तिवाङ–पौंदीअमराई–तम्घास–सन्धिखर्क–गोरसिंहे सव–स्टेसन निर्माण प्रक्रिया अघि बढ्नु र उत्तर गङ्गा आयोजनाको सम्भावना।
- **चेतना अभिवृद्धिः** जनसमुदायमा ऊर्जाको महत्व र स्वच्छ ऊर्जाको उपभोगबारे बढ्दो चासो।

#### *ख) सम्भावना र अवसरहरू*

- **एकीकृत विकासः** जलस्रोत तथा नदी व्यवस्थापन गुरुयोजना निर्माण गरी ऊर्जा उत्पादन र सिँचाइलाई एकीकृत रूपमा अगाडि बढाउन सकिने।

- **आर्थिक विकासः** ऊर्जा उपलब्धताले साना तथा घरेलु उद्योगहरूको स्थापना भई रोजगारी सिर्जना हुने।
- **वातावरणीय सुधारः** परम्परागत ऊर्जालाई नवीकरणीय ऊर्जा (वायोग्यास, सौर्य ऊर्जा, सुधारिएको चुलो) ले प्रतिस्थापन गरी वनजङ्गल संरक्षण र धुवाँरहित भान्छाको अवधारणा लागू गर्न सकिने।
- **लिफ्ट सिँचाइः** खानेपानी र सिँचाइ पुऱ्याउन नसकिने उच्च भूभागमा सौर्य ऊर्जा (Solar Lift) को प्रयोग गर्न सकिने।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : उज्यालो र स्वच्छ ऊर्जा सम्पन्न ढोरपाटन।

**लक्ष्य** : दिगो, स्वच्छ र वातावरणमैत्री ऊर्जाको पूर्ण पहुँच स्थापित गरी परम्परागत ऊर्जाको विस्थापन गर्ने।

*उद्देश्यहरू*

१. ऊर्जाको दक्षता अभिवृद्धि गर्दै वातावरण—मैत्री, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको समान पहुँच वृद्धि गर्नु।
२. परम्परागत दाउराको खपत घटाई वैकल्पिक एवं आधुनिक ऊर्जाको प्रयोगलाई व्यापक बनाउनु।

### ६.३.५ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको मध्यमकालीन सूचक

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | विद्युत् पहुँच पुगेका कुल घरधुरी | प्रतिशत | ९५.३८ | ९६.०० | ९७.०० | ९८.५० | १००.०० |
| २ | राष्ट्रिय प्रसारण लाइन पुगेका परिवार | प्रतिशत | २५.०० | ३२.०० | ३८.०० | ४५.०० | ५५.०० |
| ३ | केन्द्रीय विद्युत् लाइन विस्तार | प्रतिशत | २७.०० | ३५.०० | ४०.०० | ५०.०० | ६०.०० |
| ४ | काठेपोल विस्थापन गरी पक्की पोल जडान | प्रतिशत | २०.०० | १५.०० | १०.०० | ५.०० | ०.०० |
| ५ | सुधारिएको/धुवाँरहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ५६.०० | ६०.०० | ६५.०० | ७०.०० | ७५.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | खाना पकाउन ठोस इन्धन (दाउरा) प्रयोग गर्ने परिवार | प्रतिशत | ७०.८६ | ६५.०० | ६०.०० | ५५.०० | ५०.०० |
| ७ | सोलार ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | २.५९ | ३.०० | ५.०० | ७.०० | १०.०० |
| ८ | सौर्य ऊर्जा तथा वायोग्यासको प्रयोग | प्रतिशत | ०.१९ | १.०० | २.०० | ३.५० | ५.०० |
| ९ | ट्रान्सफर्मर जडान संख्या | संख्या | २४ | २६ | २८ | ३० | ३५ |
| १० | लघु जलविद्युत् उत्पादन क्षमता | कि.वाट | ३८० | ३८० | ३८० | ४५० | ५०० |

६.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा)

| **क्र.सं.** | **कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि** | **कुल लागत (रु. हजारमा)** | **सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | ग्रामीण विद्युतीकरण तथा लाइन विस्तार कार्यक्रम | विद्युत पहुँच नभएका बस्तीमा राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने | २०८३–२०८६ | ८०० | • थप घरधुरीमा विद्युत पहुँच विस्तार हुने। • विद्युत पहुँच दरमा वृद्धि हुने। |
| २ | ट्रान्सफर्मर क्षमता विस्तार तथा विद्युत वितरण सुधार | कम भोल्टेज र विद्युत आपूर्ति समस्याको समाधान गर्ने | २०८३–२०८६ | ६०० | • आवश्यक स्थानमा ट्रान्सफर्मर जडान तथा स्तरोन्नति हुने। • विद्युत आपूर्ति थप भरपर्दो हुने। |
| ३ | सामुदायिक सौर्य सडकबत्ती तथा सार्वजनिक स्थान उज्यालो कार्यक्रम | सार्वजनिक स्थानको सुरक्षा र सेवा प्रवाह सुधार गर्ने | २०८३–२०८६ | ४०० | • प्रमुख बजार तथा सार्वजनिक क्षेत्रमा सौर्य सडकबत्ती जडान हुने। |
| ४ | संस्थागत सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम | विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक कार्यालयमा वैकल्पिक ऊर्जा प्रयोग बढाउने | २०८३–२०८६ | ४०० | • सार्वजनिक संस्थामा सौर्य प्रणाली जडान हुने। • ऊर्जा खर्चमा कमी आउने। |
| ५ | सुधारिएको चुल्हो तथा स्वच्छ ऊर्जा प्रवर्द्धन कार्यक्रम | दाउराको प्रयोग घटाई स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने | २०८३–२०८६ | ३०० | • सुधारिएको चुल्हो तथा स्वच्छ ऊर्जा प्रयोग गर्ने घरधुरी संख्या वृद्धि हुने। |
| ६ | ऊर्जा दक्षता तथा वैकल्पिक ऊर्जा प्रविधि सचेतना कार्यक्रम | ऊर्जा बचत र नवीकरणीय ऊर्जाको प्रयोग बढाउने | २०८३–२०८६ | २०० | • समुदायमा ऊर्जा दक्षता सम्बन्धी जनचेतना अभिवृद्धि हुने। |

### ६.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ८०० | ३०० | ५०० | १२० | ४८० | २०० |
| २०८४/८५ | ९०० | ३०० | ६०० | १३५ | ५४० | २२५ |
| २०८५/८६ | १,००० | ३०० | ७०० | १५० | ६०० | २५० |
| **जम्मा** | **२,७००** | **९००** | **१,८००** | **४०५** | **१,६२०** | **६७५** |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) ले सूचनाको हक (धारा २७) र सञ्चारको हक (धारा १९) लाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। आधुनिक युगमा सुशासन, पारदर्शी प्रशासन र छिटो-छरितो सार्वजनिक सेवा प्रवाहका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) को भूमिका अपरिहार्य छ। ढोरपाटन नगरपालिकाले आफ्नो सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन वेबसाइटमार्फत जानकारी प्रवाह गर्ने प्रयास गरे तापनि भौगोलिक विकटताका कारण सञ्चार सञ्जालको विस्तार र गुणस्तरमा अझै पनि चुनौतीहरू कायम छन्।

हाल नगरपालिकाका अधिकांश वडा कार्यालयहरूमा इन्टरनेटको पहुँच पुगे तापनि सेवाको गति (Bandwidth) र निरन्तरता (Power backup) मा समस्या छ। ७१.५७ प्रतिशत घरधुरीमा मोबाइल फोनको पहुँच भए तापनि इन्टरनेटको नियमित पहुँच ४१.९५ प्रतिशत परिवारमा मात्र छ। तसर्थ, नगरपालिकाले सरकारी सेवा प्रवाह, स्वास्थ्य संस्था, विद्यालय र सार्वजनिक स्थानहरूमा उच्च गतिको इन्टरनेट विस्तार गर्ने, सूचना तथा तथ्याङ्कहरूलाई डिजिटलाइज गर्ने र नागरिकहरूलाई प्रविधिमैत्री बनाउने लक्ष्य राखेको छ।

### ६.४.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **सञ्चार सञ्जालको न्यूनता:** पर्याप्त मोबाइल टावरहरूको अभाव र भएका टावरहरूमा पनि 'नेटवर्क' (Network) कमजोर हुनु।
- **पूर्वाधारको अभाव:** सामुदायिक विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालयहरूमा गुणस्तरीय इन्टरनेट र 'पावर ब्याकअप' को अभाव।
- **डिजिटल पहुँचमा खाडल:** अझै पनि झण्डै २८ प्रतिशत घरधुरीमा मोबाइलको पहुँच छैन भने ८० प्रतिशत घरधुरीमा कम्प्युटर र इन्टरनेटको सुविधाबाट बञ्चित छन्।

*ख) चुनौती तथा जोखिमहरू*

- **साइबर सुरक्षाः** सामाजिक सञ्जालको बढ्दो प्रयोग र इन्टरनेट पहुँचसँगै साइबर सुरक्षा (Cyber Security) को चुनौती बढ्नु।
- **सेवाको गुणस्तरः** भौगोलिक विकटताका कारण अप्टिकल फाइबर (Optical Fiber) विस्तारमा कठिनाइ र विद्युत् प्रसारण लाइनको अस्थिरताले गर्दा सञ्चार सेवा अवरुद्ध हुने।
- **डिजिटल साक्षरताः** प्रविधिको पहुँच पुगे पनि त्यसको सही र सुरक्षित प्रयोगबारे नागरिकमा जनचेतनाको कमी।

### ६.४.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **प्रविधिको प्रयोगः** नगरपालिकाको आधिकारिक वेबसाइट र सामाजिक सञ्जालमार्फत नागरिकलाई सुसूचित गर्ने परिपाटीको विकास।
- **युवा जनशक्तिको चासोः** स्थानीय बुद्धिजीवी र युवा वर्गमा आधुनिक प्रविधि र इन्टरनेटको प्रयोगमा उच्च उत्सुकता।

*ख) सम्भावना र अवसरहरू*

- **ई-गभर्नेन्सः** आधुनिक सूचना प्रविधिको प्रयोगबाट प्रशासनिक कामकाजलाई चुस्त, भ्रष्टाचारमुक्त र पारदर्शी बनाउन सकिने।
- **डिजिटल अर्काइभः** नगरपालिकाका ऐतिहासिक स्थल, कला, भाषा र संस्कृतिको डिजिटल अभिलेखीकरण (Digital Archive) गरी संरक्षण गर्न सकिने।
- **डिजिटल नागरिक वडापत्रः** सूचना प्रविधिमार्फत 'डिजिटल नागरिक वडापत्र' र सूचना पाटीहरूको स्थापना गरी सार्वजनिक सेवालाई सहज बनाउन सकिने।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच (Vision)**ः सूचना र प्रविधिको उच्च उपयोगमार्फत सुशासनयुक्त र डिजिटल ढोरपाटन।

**लक्ष्य (Goal)**ः सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच र उच्चतम उपयोग सुनिश्चित गरी जीवनस्तर सहज बनाउने।

*उद्देश्यहरू*

१. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो बनाउनु। २. सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा विद्युतीय प्रणाली (E-Governance) मा आधारित बनाउनु। ३. आमनागरिकमा डिजिटल साक्षरता अभिवृद्धि गरी सञ्चार माध्यमलाई स्वच्छ, सक्षम र विश्वसनीय बनाउनु।

६.४.५ सूचना, सञ्चार तथा प्रविधि उपक्षेत्रको मध्यमकालीन खर्च रूपरेखा (MTEF) सूचक तालिका

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९२.०० | ९५.०० | ९८.०० | १००.०० | १००.०० |
| २ | इन्टरनेट पहुँच प्राप्त परिवार (मोबाइल डाटा सहित) | प्रतिशत | ४३.०० | ५०.०० | ६५.०० | ७४.०० | ८५.०० |
| ३ | अप्टिकल फाइबर विस्तार भएको क्षेत्र | प्रतिशत | ३५.०० | ४२.०० | ४५.०० | ५७.०० | ७०.०० |
| ४ | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | प्रतिशत | १०.०० | १५.०० | १८.०० | २०.०० | ३०.०० |
| ५ | इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालय | प्रतिशत | ६०.०० | ६५.०० | ७०.०० | ७५.०० | १००.०० |
| ६ | फ्रि-वाईफाई जडान गरिएका सार्वजनिक स्थल | संख्या | २ | ५ | ८ | १२ | १५ |
| ७ | डिजिटल नागरिक वडापत्र/सूचना पाटी स्थापना | संख्या | ३ | ५ | १० | १५ | २२ |
| ८ | मोबाइल प्रयोगकर्ता घरधुरी | प्रतिशत | ७१.५७ | ८०.०० | ८५.०० | ९०.०० | ९५.०० |
| ९ | रेडियो र टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३९.२३ | ४०.०० | ४३.०० | ४५.०० | ४८.०० |
| १० | नीतिगत सुधार (सूचना प्रविधि ऐन/कागजरहित पालिका) | संख्या | ० | | | | |

### ६.४.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | डिजिटल नगरपालिका तथा ई–गभर्नेन्स सुदृढीकरण कार्यक्रम | सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटो र पारदर्शी बनाउने | २०८३–२०८६ | ९०० | • सबै शाखामा डिजिटल अभिलेख प्रणाली लागू हुने। • अनलाइन सेवा विस्तार हुने। |
| २ | वडा कार्यालय सूचना प्रविधि पूर्वाधार सुदृढीकरण | वडा कार्यालयमा कम्प्युटर, नेटवर्क तथा इन्टरनेट पहुँच विस्तार गर्ने | २०८३–२०८६ | ७०० | • सबै वडामा आवश्यक ICT उपकरण उपलब्ध हुने। • सेवा प्रवाह प्रभावकारी हुने। |
| ३ | डिजिटल अभिलेख तथा GIS आधारित सूचना प्रणाली विकास | योजना तथा सम्पत्ति व्यवस्थापनलाई तथ्यमा आधारित बनाउने | २०८३–२०८६ | ६०० | • GIS आधारित अभिलेख प्रणाली सञ्चालनमा आउने। |
| ४ | कर्मचारी तथा जनप्रतिनिधिको सूचना प्रविधि क्षमता विकास | डिजिटल प्रणाली सञ्चालनका लागि दक्ष जनशक्ति विकास गर्ने | २०८३–२०८६ | ४०० | • १०० भन्दा बढी कर्मचारी/जनप्रतिनिधि ICT तालिमबाट लाभान्वित हुने। |
| ५ | साइबर सुरक्षा, वेबसाइट तथा सूचना व्यवस्थापन | सरकारी सूचना प्रणाली सुरक्षित र अद्यावधिक राख्ने | २०८३–२०८६ | ४०० | • नगरपालिका वेबसाइट नियमित अद्यावधिक हुने। • साइबर सुरक्षा प्रणाली सुदृढ हुने। |
| ६ | नागरिक डिजिटल साक्षरता तथा सार्वजनिक सूचना प्रवर्द्धन | नागरिकलाई डिजिटल सेवा प्रयोगमा सक्षम बनाउने | २०८३–२०८६ | ४०० | • नागरिकमा डिजिटल सेवा प्रयोगको दर वृद्धि हुने। |
| **जम्मा** | | | | **३,४००** | |

### ६.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १,००० | ७०० | ३०० | १५० | ६०० | २५० |
| २०८४/८५ | १,१०० | ७०० | ४०० | १६५ | ६६० | २७५ |
| २०८५/८६ | १,३०० | ८०० | ५०० | १९५ | ७८० | ३२५ |
| **जम्मा** | ३,४०० | २,२०० | १,२०० | ५१० | २,०४० | ८५० |

## परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान (धारा ३०) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ। वन, वन्यजन्तु, पशुपन्छी र जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्दै वातावरणीय सन्तुलन कायम गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो। संघीय र प्रदेश कानुनको मर्म अनुरूप ढोरपाटन नगरपालिकाले 'स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९' तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

ढोरपाटन नगरपालिकाको कुल क्षेत्रफलको ५५.४९ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ, जुन नगरपालिकाको आर्थिक विकास, ऊर्जा (८५% इन्धन आपूर्ति) र पशु आहारा (६४% आपूर्ति) को प्रमुख आधार हो। नगरपालिकाको उत्तरी भेगमा अवस्थित 'ढोरपाटन शिकार आरक्ष' यस क्षेत्रको जैविक विविधताको मुटु हो। यहाँका बहुमूल्य जडीबुटी, काष्ठ र गैरकाष्ठ वन पैदावारले आर्थिक समृद्धिको प्रचुर सम्भावना बोकेका छन्। यद्यपि, वन अतिक्रमण, चोरी निकासी र वन डढेलोका कारण यसको दिगो व्यवस्थापन चुनौती बनेको छ। वन व्यवस्थापन र संरक्षणमा स्थानीय समुदायको संलग्नता बढाउँदै वनजन्य उद्यमको विकास, पर्यापर्यटन र जीविकोपार्जनमा सुधार गर्नु नगरपालिकाको दीर्घकालीन प्राथमिकता हो।

#### ७.१.२ समस्या तथा चुनौती

*क) समस्याहरू*

- **आर्थिक लाभको कमीः** वन क्षेत्रले ५५.४९% ओगटे पनि व्यावसायिक आर्थिक लाभ लिन नसकिएको र सामुदायिक वन उपभोक्ता समूहहरूले वनबाट अपेक्षित आम्दानी गर्न नसकेको।
- **व्यवस्थापनमा कमीः** वन डढेलो नियन्त्रणका लागि आधुनिक उपकरण र सीपको अभाव; अव्यवस्थित ग्रामीण सडकले गर्दा वन क्षेत्र खण्डित हुनु।
- **प्राविधिक तथा जनशक्ति अभावः** दक्ष वन प्राविधिकको कमी, जडीबुटीको वैज्ञानिक अनुसन्धान र प्रशोधन केन्द्रको अभाव।
- **निर्भरता र क्षयः** परम्परागत इन्धन (दाउरा) को अत्यधिक प्रयोगले वनको क्षय र घरायसी प्रदूषण बढाएको।

*ख) चुनौती तथा जोखिमहरू*

- **मानव-वन्यजन्तु द्वन्द्वः** बाँदर र दुम्सीजस्ता वन्यजन्तुबाट बालीनालीमा क्षति।
- **प्राकृतिक प्रकोपः** भूक्षय, पहिरो र डढेलोबाट जैविक विविधतामा निरन्तर क्षति।
- **कानुनी र प्रक्रियागत जटिलताः** वन पैदावार र जडीबुटी निकासी/बजारीकरणमा रहेका कानुनी अड्चनहरू।
- **सामञ्जस्यताको अभावः** पूर्वाधार विकास र वातावरणीय संरक्षणबीच सन्तुलन कायम गर्न नसक्नु।

#### ७.१.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **सामुदायिक सहभागिताः** उपभोक्ता समिति र स्थानीय समुदायमा वन संरक्षणप्रतिको उच्च चेतना।
- **प्राकृतिक सम्पदाः** दुर्लभ जडीबुटीको उपलब्धता, स्वच्छ वातावरण र पर्यापर्यटनका लागि उपयुक्त भौगोलिक अवस्था।
- **कनेक्टिभिटीः** सडक सञ्जाल विस्तारले वन पैदावार सङ्कलन र ढुवानीमा सहजता।

*ख) सम्भावना र अवसरहरू*

- **वनजन्य उद्यमः** जडीबुटी खेती, प्रशोधन र बजारीकरणमार्फत गरिबी न्यूनीकरण तथा रोजगारी सिर्जना।
- **एकीकृत विकासः** कृषि, पशुपालन, सिँचाइ र वन निकायबीच समन्वय गरी 'एकीकृत जलाधार व्यवस्थापन' अवधारणा लागू गर्ने।

- **हरित पूर्वाधारः** पार्क, बगैंचा निर्माण र नर्सरी विस्तारमार्फत हरियाली प्रवर्द्धन गर्ने।
- **पर्यापर्यटनः** वन क्षेत्रलाई होमस्टे र साहसिक पर्यटनसँग जोडेर आयआर्जन बढाउने।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच (Vision):** जल, जमिन, जङ्गल, जडीबुटी र जैविक विविधताको दिगो व्यवस्थापन।

**लक्ष्य (Goal):** वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षणमार्फत स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने।

*उद्देश्यहरू*

१. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनमार्फत वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण र उपयोग सुनिश्चित गर्नु। २. वातावरणीय सन्तुलन कायम राख्दै वनजन्य उद्यमशीलता र जडीबुटी उत्पादनबाट आर्थिक समृद्धि हासिल गर्नु।

### ७.१.५ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | संरक्षित भू—क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १३ | १० | ८ | ६ | ४ |
| २ | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | ९ | १० | १२ | १३ | १५ |
| ३ | वृक्षारोपण क्षेत्र | हेक्टर | ५ | १० | १६ | २० | २५ |
| ४ | सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि | प्रतिशत | ० | ०.१ | ०.२ | ०.३ | ०.५ |
| ५ | उत्कृष्ट वन उपभोक्ता समूहलाई पुरस्कार | संख्या | ० | १ | १ | १ | १ |
| ६ | भु—उपयोग नीति / स्थानीय वन ऐन निर्माण | संख्या | १ | ० | ० | १ | ० |
| ७ | वन उपभोक्ता समितिको क्षमता विकास | संख्या | ० | ० | १ | ० | १ |
| ८ | सामुहिक जडीबुटी खेती | संख्या | ० | ० | १ | ० | २ |
| ९ | वन नर्सरी व्यवस्थापन | संख्या | ० | ० | १ | ० | १ |
| १० | नर्सरी/फॉरेस्ट्री कार्यक्रम (Forestry Program) | संख्या | ० | ० | ० | १ | १ |

### ७.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वन व्यवस्थापन तथा दिगो वन संरक्षण कार्यक्रम | सामुदायिक वनको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगलाई सुदृढ गर्ने | २०८३—२०८६ | ६०० | • सामुदायिक वनको व्यवस्थापन योजना प्रभावकारी कार्यान्वयन हुने। • वन अतिक्रमण तथा अवैध कटानी न्यूनीकरण हुने। |
| २ | वृक्षारोपण तथा हरित नगर अभियान | सार्वजनिक स्थान, सडक किनार तथा खाली जग्गामा हरियाली विस्तार गर्ने | २०८३—२०८६ | ५०० | • वार्षिक वृक्षारोपण अभियान सञ्चालन हुने। • नगर क्षेत्रको हरित आवरण वृद्धि हुने। |
| ३ | जैविक विविधता संरक्षण तथा वन्यजन्तु व्यवस्थापन कार्यक्रम | स्थानीय वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने | २०८३—२०८६ | ४५० | • जैविक विविधता संरक्षण योजना कार्यान्वयन हुने। • मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरण हुने। |
| ४ | जडीबुटी तथा गैरकाष्ठ वन पैदावार (NTFP) प्रवर्द्धन कार्यक्रम | जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्द्धन गर्ने | २०८३—२०८६ | ४५० | • स्थानीय जडीबुटी उत्पादन र आयआर्जन वृद्धि हुने। • वनमा आधारित उद्यम विकास हुने। |
| ५ | वन डढेलो नियन्त्रण तथा संरक्षण क्षमता विकास | वन डढेलो, अवैध दोहन तथा वन अपराध नियन्त्रण गर्ने | २०८३—२०८६ | ४०० | • वन डढेलो न्यूनीकरण हुने। • उपभोक्ता समूहको क्षमता अभिवृद्धि हुने। |
| ६ | हरित सार्वजनिक क्षेत्र तथा क्रमागत वन संरक्षण कार्यक्रम | हरित सार्वजनिक पूर्वाधार विकास तथा क्रमागत वन संरक्षण कार्यक्रम सञ्चालन गर्ने | २०८३—२०८६ | ६०० | • हरित सार्वजनिक क्षेत्र विस्तार हुने। • क्रमागत संरक्षण आयोजना सम्पन्न हुने। |
| **जम्मा** | | | | **३,०००** | |

### ७.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ९०० | ४०० | ५०० | १३५ | ५४० | २२५ |
| २०८४/८५ | १,००० | ४०० | ६०० | १५० | ६०० | २५० |
| २०८५/८६ | १,१०० | ४०० | ७०० | १६५ | ६६० | २७५ |
| **जम्मा** | ३,००० | १,२०० | १,८०० | ४५० | १,८०० | ७५० |

### ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

#### ७.२.१ पृष्ठभूमि

भू-उपयोग, जलस्रोत संरक्षण र वातावरणीय सन्तुलन दिगो विकासका आधारस्तम्भ हुन्। ढोरपाटन नगरपालिकाको अधिकांश भू-भाग भिरालो र उच्च पहाडी क्षेत्रमा अवस्थित भएकाले भू-क्षय, पहिरो र बाढीको उच्च जोखिममा रहेको छ। नगरपालिकाको कूल क्षेत्रफलको ०.७६ प्रतिशत भाग ओगट्ने बडिगाड, तमानखोला लगायतका नदी, खोल्सा र पोखरीहरू यहाँको महत्वपूर्ण जलाधार क्षेत्र हुन्। अव्यवस्थित सडक निर्माण र वातावरणीय मापदण्डविपरीतको भौतिक पूर्वाधार विकासले गर्दा भू-क्षयको समस्यालाई थप जटिल बनाएको छ।

स्थानीय सरकार सञ्चालन ऐनले जलाधार संरक्षण, पानीका मुहानहरूको संरक्षण, तटबन्धन र बायो-इन्जिनियरिङ (Bio-engineering) मार्फत भू-स्थिरीकरण गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। यसर्थ, नगरपालिकाले विकास निर्माणलाई वातावरणीय परीक्षण (IEE/EIA) सँग आबद्ध गर्दै, भू-क्षय नियन्त्रण र पानीका मुहानहरूको संरक्षण गरी उर्वर जमिनको रक्षा गर्न विशेष योजना तर्जुमा गर्नु अपरिहार्य छ।

#### ७.२.२ समस्या तथा चुनौतीहरू

*क) समस्या*

- **वैज्ञानिक व्यवस्थापनको अभावः** जलाधार क्षेत्रको स्पष्ट पहिचान, नक्शाङ्कन र व्यवस्थापन योजनाको कमी।
- **विकास निर्माणमा हेलचेक्र्याइँः** प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रभावकारी कार्यान्वयन नहुनु।
- **प्राकृतिक दोहनः** सडक निर्माणमा बायो-इन्जिनियरिङ प्रविधि प्रयोग नहुनु र जथाभावी प्राकृतिक स्रोतको उत्खनन।
- **सूचनाको अभावः** जलाधार संरक्षणको महत्त्व र यसको एकीकृत प्रभावबारे जनचेतनाको कमी।

*ख) चुनौती तथा जोखिमहरू*

- **भौगोलिक जोखिमः** उच्च भिरालो भू-बनोटका कारण पहाडी क्षेत्रमा पहिरो र खेतीयोग्य जमिनको कटान।
- **जलवायु परिवर्तनः** पानीका मुहानहरू सुक्दै जानु (खडेरी), असन्तुलित वर्षा र बाढीले भौतिक र मानवीय जोखिम बढाउनु।

- **समन्वयको कमीः** सरोकारवाला निकायहरू बीच समन्वयको अभाव र भूसंरक्षण सम्बन्धी कार्यक्रमहरूको लागि बजेटको न्यूनता।
- **बसाईसराईः** अनुत्पादक पशुपालन र अव्यवस्थित बस्ती विकासले जलाधार क्षेत्रमा थपेको चाप।

### ७.२.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **प्राकृतिक आधारः** घना जङ्गलले ढाकेका जलाधार क्षेत्र र पर्याप्त जलस्रोत।
- **सचेतनाः** स्थानीय जनप्रतिनिधि र समुदायमा प्राकृतिक स्रोतको संरक्षण र हरियाली प्रवद्र्धनप्रति बढ्दो चासो।

*ख) सम्भावना र अवसरहरू*

- **भू-उपयोग योजनाः** माटोको बनावट र खेतीयोग्य जमिनको विस्तृत अध्ययन गरी वस्ती विकास र पूर्वाधार निर्माण गर्न सकिने।
- **रिचार्ज पोखरीः** पानी पुनर्भरण (Groundwater Recharge) पोखरी निर्माण गरी मुहानहरूलाई पुनर्जीवित गर्न सकिने।
- **पर्यटन र जीविकोपार्जनः** ताल-तलैया र सिमसार क्षेत्रको संरक्षण गरी पर्यापर्यटन र माछापालन व्यवसाय सञ्चालन गर्न सकिने।
- **संरक्षण प्रविधिः** तटबन्धनमा ग्याबियन पर्खाल र बायो-इन्जिनियरिङ प्रविधिको व्यापक प्रयोगबाट विकास लागत घटाउन सकिने।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : जल, जमिन र जलाधारः समुन्नत ढोरपाटनको आधार।

**लक्ष्यः** जलाधार व्यवस्थापन तथा भू-संरक्षणमार्फत वातावरणीय सन्तुलन र दिगो विकास सुनिश्चित गर्ने।

*उद्देश्यहरू*

जल, जमिन र जलाधारका स्रोतहरूको पहिचान, संरक्षण तथा दिगो उपयोग गर्नु। २. भूसंरक्षण प्रविधि अपनाई वातावरणीय सन्तुलन कायम गर्दै प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्नु।

७.२.५ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको मध्यमकालीन खर्च रूपरेखा (MTEF) सूचक तालिका

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षित/संरक्षित पानी मुहान क्षेत्र | संख्या | ४८ | ५० | ५५ | ६० | ६५ |
| २ | नदी नियन्त्रण कार्य (तटबन्धन लम्बाइ) | कि.मी. | ०.८ | १.४ | २.० | २.८ | ३.५ |
| ३ | संरक्षित भू—क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | २३ | २० | १७ | १४ | १० |
| ४ | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार | संख्या | ८ | ८ | ८ | ९ | १० |
| ५ | बाढी तथा पहिरो जोखिम क्षेत्र | संख्या | २० | १५ | १० | ५ | २ |
| ६ | रिचार्ज पोखरी निर्माण | संख्या | ० | १० | २० | ३० | ४० |
| ७ | परम्परागत पोखरीको पुनरुत्थान | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| ८ | संरक्षित जलाधार क्षेत्र | संख्या | २ | ३ | ४ | ५ | ६ |
| ९ | योजना तथा नीति (विपद्, संरक्षण नियमावली) | संख्या | ० | ० | २ | ० | १ |
| १० | जोखिम क्षेत्र नक्साङ्कन / वातावरणीय अध्ययन (EIA/IEE) | संख्या | ० | ० | २ | ० | १ |

### ७.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु—समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पहिरो नियन्त्रण तथा भू—संरक्षण कार्यक्रम | पहिरो, भू—क्षय तथा माटो कटान न्यूनीकरण गरी बस्ती तथा कृषि भूमि संरक्षण गर्ने | २०८३—२०८६ | ५०० | • जोखिमयुक्त क्षेत्रमा जैविक तथा संरचनागत संरक्षण कार्य सम्पन्न हुने। • माटो कटानमा कमी आउने। |
| २ | जलाधार तथा मुहान संरक्षण कार्यक्रम | जलाधार क्षेत्र, पानीका मुहान तथा नदी प्रणालीको संरक्षण र पुनर्जीवन गर्ने | २०८३—२०८६ | ४५० | • प्राथमिक जलाधार तथा मुहान संरक्षण हुने। • पानीका स्रोतहरूको दिगोपन सुनिश्चित हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नदी किनार संरक्षण तथा जैविक इन्जिनियरिङ कार्यक्रम | नदी कटान नियन्त्रण तथा जैविक इन्जिनियरिङमार्फत तटीय क्षेत्र संरक्षण गर्ने | २०८३—२०८६ | ४५० | • नदी किनार संरक्षण संरचना निर्माण हुने। • कटान प्रभावित क्षेत्र घट्ने। |
| ४ | भू—संरक्षणमा समुदाय परिचालन तथा क्षमता विकास | उपभोक्ता समिति तथा समुदायलाई भू—संरक्षण प्रविधिमा सक्षम बनाउने | २०८३—२०८६ | ३०० | • समुदायमा संरक्षणसम्बन्धी सचेतना तथा सहभागिता वृद्धि हुने। |
| ५ | जलाधार व्यवस्थापन अध्ययन तथा अनुगमन | जलाधार क्षेत्रको नक्साङ्कन, अध्ययन तथा नियमित अनुगमन गर्ने | २०८३—२०८६ | ३०० | • जलाधार व्यवस्थापनसम्बन्धी आधारभूत तथ्याङ्क अद्यावधिक हुने। |
| ६ | क्रमागत भू—संरक्षण तथा जलाधार व्यवस्थापन आयोजना | बहुवर्षीय संरक्षण आयोजनाहरूको कार्यान्वयन तथा सम्पन्न गर्ने | २०८३—२०८६ | ४०० | • क्रमागत आयोजनाहरू सम्पन्न भई संरक्षण क्षेत्र विस्तार हुने। |
| **जम्मा** | | | | २,४०० | |

### ७.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ७०० | २०० | ५०० | १०५ | ४२० | १७५ |
| २०८४/८५ | ८०० | २०० | ६०० | १२० | ४८० | २०० |
| २०८५/८६ | ९०० | २०० | ७०० | १३५ | ५४० | २२५ |
| **जम्मा** | २,४०० | ६०० | १,८०० | ३६० | १,४४० | ६०० |

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकलाई कार्यान्वयन गर्न ढोरपाटन नगरपालिकाले वातावरणीय स्वच्छता र हरियाली प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेको छ। नगरपालिकाको अधिकांश भू-भाग वन क्षेत्रले ढाकेको हुनाले हालसम्म यहाँको वातावरण स्वच्छ र प्रदूषणमुक्त रहेको छ। यद्यपि, बढ्दो सहरीकरण, सडक विस्तार र सेवा प्रवाहको वृद्धिसँगै ठोस तथा तरल फोहोरमैलाको उत्सर्जनमा वृद्धि हुनुका साथै प्लाष्टिकजन्य वस्तुको प्रयोगले चुनौती थपेको छ।

स्थानीय सरकार सञ्चालन ऐनले सरसफाइ, फोहोरमैला व्यवस्थापन र वातावरणीय जोखिम न्यूनीकरणको जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। नगरपालिकाले फोहोरलाई 'स्रोतमै वर्गीकरण' गरी 'फोहोरबाट मोहर' (Waste to Wealth) बनाउने अभियान सुरु गर्ने लक्ष्य लिएको छ। स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन, डम्पिङ साइटको निर्माण, वातावरणमैत्री पूर्वाधार विकास र नागरिकमा वातावरणीय सचेतना जगाउँदै 'सफा, स्वच्छ र हराभरा ढोरपाटन' निर्माण गर्नु यस उपक्षेत्रको दीर्घकालीन सोच हो।

### ७.३.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **फोहोर व्यवस्थापन प्रणालीको कमीः** फोहोरको स्रोतमै वर्गीकरण, सङ्कलन र प्रशोधन गर्ने प्रभावकारी प्रणाली र प्रविधि नहुनु।
- **पूर्वाधारको अभावः** फोहोरमैला व्यवस्थापनका लागि दीर्घकालीन डम्पिङ साइटको व्यवस्था नहुनु र सामुदायिक स्तरमा फोहोर व्यवस्थापनको प्राविधिक विश्लेषण नहुनु।
- **प्लाष्टिकजन्य प्रदूषणः** ग्रामीण वस्तीहरूमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग बढ्नु र तिनीहरूलाई जथाभावी जलाउने अभ्यासले वायु प्रदूषण हुनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **वातावरणीय प्रदूषणः** खोला-खोल्सामा जथाभावी फोहोर फाल्ने प्रचलनले जलप्रदूषण बढ्नु र स्वास्थ्यमा प्रतिकूल असर पार्नु।
- **धुलो र वायु प्रदूषणः** कच्ची सडक सञ्जालको विस्तारसँगै बढ्दो धूलोको कण र सवारी साधनबाट निस्कने कार्बन उत्सर्जन।
- **पूर्वाधार असन्तुलनः** विकास निर्माणका परियोजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) लाई पूर्ण रूपमा कार्यान्वयन गर्न कठिनाइ हुनु।

### ७.३.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **जनचेतनाः** खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्था र सरसफाइप्रति जनसमुदायमा बढ्दो चासो तथा दायित्वबोध।
- **संस्थागत प्रतिबद्धताः** सरसफाइ र हरियाली प्रवद्र्धनका लागि स्थानीय समुदायसँग सहकार्य गर्ने वातावरण।

*ख) सम्भावना र अवसरहरू*

- **चक्रीय अर्थतन्त्रः** फोहोरलाई मोहरमा परिणत गरी आयआर्जनको स्रोत बनाउन सकिने।
- **वातावरणमैत्री विकासः** जलवायु परिवर्तनका असरहरूसँग अनुकूलन अभ्यासहरू अवलम्बन गर्दै प्रदूषण नियन्त्रण र स्वच्छ भान्छा (स्वच्छ ऊर्जा) अवधारणा लागू गर्न सकिने।

- **हरित पूर्वाधारः** सार्वजनिक स्थानहरूमा वृक्षारोपण गरी नगरपालिकालाई 'हरियाली नगर'का रूपमा विकास गर्न सकिने।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : सफा, स्वच्छ र हराभरा ढोरपाटन।

**लक्ष्यः** प्रदूषणमुक्त वातावरण कायम गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने।

*उद्देश्यहरू*

१. फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन प्रणालीको विकास गरी प्रदूषण नियन्त्रण गर्नु। २. वातावरणीय स्वच्छता, सौन्दर्य र सरसफाइको पहुँचमा अभिवृद्धि गर्नु। ३. पूर्वाधार विकासका सम्पूर्ण कार्यहरूलाई दिगो र वातावरणमैत्री बनाउनु।

### ७.३.५ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक तालिका

| **क्र.सं.** | **सूचक** | **एकाइ** | **२०८१/८२ सम्मको उपलब्धि** | **२०८२/८३ (आधार वर्ष)** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
| **१** | स्रोतमा फोहर वर्गीकरण गर्ने परिवार | प्रतिशत | ७८.०० | ८५.०० | ९५.०० | १००.०० | १००.०० |
| २ | कम्पोष्ट–विन/गार्वेज–पिट प्रयोग गर्ने परिवार | प्रतिशत | ८५.०० | ९०.०० | ९२.०० | ९५.०० | ९८.०० |
| **३** | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ९५.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ४ | निष्काशित फोहोरमैलाको औषत परिमाण (दैनिक) | मे.टन | १.९ | १.६ | १.५ | १.३ | १.० |
| **५** | फोहोर सङ्कलन डस्टबिन वितरण | संख्या | ५० | १०० | १५० | २०० | २५० |
| **६** | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ७ | ९ | १२ | १४ | १७ |
| **७** | शवदाहस्थल तथा किरियापुत्री घर | संख्या | १ | ३ | ५ | ७ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | वातावरण तथा जलवायु सचेतना कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ |
| ९ | फोहोरमैला व्यवस्थापन/पुनःप्रयोग केन्द्र | संख्या | ० | ० | ० | १ | २ |
| १० | नीतिगत/योजना (गुरुयोजना, विपद् तथा जलवायु) | संख्या | ० | १ | २ | ० | १ |

### ७.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु–समाप्ति) | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकीकृत फोहोरमैला व्यवस्थापन तथा स्रोतमै वर्गीकरण कार्यक्रम | फोहोरको वैज्ञानिक व्यवस्थापन तथा पुनःप्रयोगलाई प्रवर्द्धन गर्ने | २०८३–२०८६ | ८०० | • घरधुरीस्तरमा फोहोर वर्गीकरण ७०% पुग्ने। • नगरपालिका क्षेत्रमा नियमित संकलन प्रणाली विकास हुने। |
| २ | प्लास्टिक न्यूनीकरण तथा सरसफाइ अभियान | प्लास्टिक प्रदूषण न्यूनीकरण गरी स्वच्छ वातावरण कायम गर्ने | २०८३–२०८६ | ५०० | • एकल प्रयोग प्लास्टिकको प्रयोग उल्लेख्य रूपमा घट्ने। • वार्षिक सरसफाइ अभियान सञ्चालन हुने। |
| ३ | ढल तथा फोहोरपानी व्यवस्थापन सुधार कार्यक्रम | ढल निकास तथा फोहोरपानीको सुरक्षित व्यवस्थापन गर्ने | २०८३–२०८६ | ६०० | • बजार क्षेत्रमा ढल निकास सुधार हुने। • प्रदूषण न्यूनीकरण हुने। |
| ४ | हरित सार्वजनिक स्थल तथा खुला क्षेत्र संरक्षण कार्यक्रम | सार्वजनिक स्थललाई हरियाली र स्वच्छ बनाउने | २०८३–२०८६ | ४०० | • पार्क तथा सार्वजनिक स्थलको संरक्षण र सौन्दर्यीकरण हुने। |
| ५ | वातावरणीय शिक्षा तथा जनचेतना कार्यक्रम | वातावरण संरक्षणप्रति नागरिकको सहभागिता बढाउने | २०८३–२०८६ | ३०० | • विद्यालय तथा समुदायमा वातावरणीय सचेतना कार्यक्रम सञ्चालन हुने। |
| ६ | प्रदूषण नियन्त्रण तथा वातावरणीय अनुगमन कार्यक्रम | वातावरणीय गुणस्तरको नियमित अनुगमन गर्ने | २०८३–२०८६ | ४०० | • बजार तथा सार्वजनिक क्षेत्रको वातावरणीय अनुगमन नियमित हुने। |

| जम्मा | | | | ३,००० | |
|---|---|---|---|---|---|

### ७.३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ९०० | ५०० | ४०० | १३५ | ५४० | २२५ |
| २०८४/८५ | १,००० | ५०० | ५०० | १५० | ६०० | २५० |
| २०८५/८६ | १,१०० | ५०० | ६०० | १६५ | ६६० | २७५ |
| **जम्मा** | **३,०००** | **१,५००** | **१,५००** | **४५०** | **१,८००** | **७५०** |

## ७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान (धारा ५१) ले प्राकृतिक विपद्बाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व-सूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापनाको व्यवस्थालाई राज्यको नीतिमा समावेश गरेको छ। भौगोलिक जटिलता, भिरालो भू-बनोट र कमजोर भौगर्भिक अवस्थाका कारण ढोरपाटन नगरपालिका पहिरो, बाढी, चट्याङ, आगलागी र हावाहुरी जस्ता प्राकृतिक प्रकोपको उच्च जोखिममा छ। साथै, जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, बेमौसमी वर्षा र पानीका मुहान सुक्ने जस्ता समस्याले जनजीवन कष्टकर बन्दै गएको छ।

नगरपालिकाले 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन' बमोजिम विपद् व्यवस्थापन समिति गठन गरी आपत्कालीन कोषको स्थापना गरेको छ। विपद् पूर्व-तयारी, जोखिमयुक्त वस्तीको पहिचान, नक्साङ्कन र वस्ती स्थानान्तरणलाई प्राथमिकतामा राख्दै नगरपालिकाले जलवायु अनुकूलित विकास कार्यक्रमलाई अगाडि बढाउने योजना राखेको छ। विपद् र जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गरी सुरक्षित र उत्थानशील ढोरपाटन निर्माण गर्नु नै यस उपक्षेत्रको मुख्य लक्ष्य हो।

### ७.४.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **सूचना र प्रविधिको अभावः** विपद् पूर्व-सूचना प्रणालीको अभाव र जोखिमयुक्त क्षेत्रको एकीकृत तथ्याङ्क नहुनु।
- **पूर्वाधारमा कमीः** अव्यवस्थित र अवैज्ञानिक सडक निर्माणले गर्दा भिरालो जमिनमा भू-क्षय र पहिरोको समस्या बढ्नु।
- **संस्थागत कमजोरीः** विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरूको कार्यान्वयनमा समन्वयको कमी तथा दक्ष जनशक्तिको अभाव।

*ख) चुनौती तथा जोखिमहरू*

- **जलवायुजन्य प्रभावः** खेतीपातीको क्यालेन्डर परिवर्तन, रोग-किराको प्रकोप र मुहान सुक्दै जानु (खडेरी)।
- **मानव-सिर्जित जोखिमः** प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को अनियन्त्रित दोहन र वन डढेलो।
- **सुरक्षा चुनौतीः** विपद्को समयमा राहत र उद्धारका लागि आवश्यक स्रोत, साधन र सीपयुक्त जनशक्तिको उपलब्धता सुनिश्चित गर्नु।

### ७.४.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू (Strengths)*

- **संस्थागत संरचनाः** नगरपालिकास्तरीय विपद् व्यवस्थापन समिति र आपत्कालीन कोषको स्थापना।
- **चेतनाः** स्थानीय समुदायमा विपद् जोखिम न्यूनीकरण र पूर्व-तयारीबारे बढ्दो सचेतना।

*ख) सम्भावना र अवसरहरू*

- **एकीकृत विकासः** जलाधार क्षेत्रको संरक्षण र 'विपद् उत्थानशील एकीकृत वस्ती विकास' अवधारणालाई कार्यान्वयन गर्न सकिने।
- **सहकार्यः** राहत, पुनर्निर्माण र जोखिम न्यूनीकरणमा सरकारी तथा गैरसरकारी निकायहरूको साझेदारी।
- **मौसमी क्यालेन्डरः** जलवायु परिवर्तन अनुकूलनका लागि मौसमी क्यालेन्डर तयार गरी कृषिमा आधारित जोखिम कम गर्न सकिने।
- **अध्ययन र अनुसन्धानः** भौगोलिक अध्ययनमार्फत वस्ती र पूर्वाधार विकासको योजनाबद्ध विकास।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोचः** विपद् जोखिम न्यूनीकरण र उत्थानशील ढोरपाटन।

**लक्ष्यः** विपद् र जलवायुजन्य प्रकोपबाट हुने मानवीय, आर्थिक र पर्यावरणीय क्षतिलाई न्यूनीकरण गर्ने।

*उद्देश्यहरू*

१. विपद्पूर्व तयारी, खोज तथा उद्धार, राहत र पुनर्स्थापना कार्यलाई सवल र प्रभावकारी बनाउनु। २. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्नु। ३. विपद् जोखिमयुक्त क्षेत्रहरूको नक्साङ्कन गरी सुरक्षित वस्ती विकास तथा पूर्वाधार निर्माण सुनिश्चित

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | खुल्ला क्षेत्र र स्थान पहिचान | संख्या | १४ | १७ | २० | २२ | २५ |
| २ | विपदजन्य घटनाबाट औसत मानवीय क्षति | संख्या | १० | ८ | ५ | ३ | १ |
| ३ | विपदबाट क्षति भएको घरधुरी संख्या | संख्या | १४ | ० | ० | ० | ० |
| ४ | विपद व्यवस्थापनमा क्रियाशील संस्था | संख्या | ४ | ५ | ५ | ७ | ८ |
| ५ | तालिम प्राप्त स्वयंसेवक | संख्या | ० | ३ | ५ | ५ | १० |
| ६ | आपतकालीन कार्य सञ्चालन केन्द्र (EOC) | संख्या | ० | १ | ० | ० | ० |
| ७ | विपद् जोखिम न्यूनीकरण/जलवायु अनुकूलन योजना | संख्या | १ | ० | ० | १ | ० |
| ८ | विपद् व्यवस्थापन कोष (कुल रकम) | लाख रु. | ५४.९५ | ५५ | ६० | ६२ | ६५ |

### ७.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी, खोज तथा उद्धार सामग्री व्यवस्थापन | विपद् हुनुअघि आवश्यक पूर्वतयारी तथा उद्धार क्षमता सुदृढ गर्ने | २०८३—२०८६ | ८०० | विपद् प्रतिकार्य सामग्री उपलब्ध हुने, उद्धार क्षमता वृद्धि हुने |
| २ | विपद् जोखिम न्यूनीकरण तथा समुदायमा सचेतना कार्यक्रम | समुदायमा विपद् जोखिमबारे सचेतना र तयारी बढाउने | २०८३—२०८६ | ५०० | प्रत्येक वडामा विपद् सचेतना तथा मोक ड्रिल सञ्चालन हुने |
| ३ | स्थानीय विपद् तथा जलवायु अनुकूलन योजना कार्यान्वयन | जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गरी स्थानीय अनुकूलन प्रवर्द्धन गर्ने | २०८३—२०८६ | ४५० | स्थानीय विपद् तथा जलवायु योजना कार्यान्वयन हुने |
| ४ | विपद् व्यवस्थापन कोष तथा संस्थागत क्षमता विकास | विपद् व्यवस्थापन प्रणालीलाई संस्थागत रूपमा सुदृढ गर्ने | २०८३—२०८६ | ३५० | विपद् व्यवस्थापन समिति, स्वयंसेवक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तथा कर्मचारीको क्षमता अभिवृद्धि हुने |
| ५ | आकस्मिक राहत, पुनःस्थापना तथा पुनर्निर्माण कार्यक्रम | विपद् प्रभावित परिवारलाई तत्काल राहत तथा पुनःस्थापना सहयोग उपलब्ध गराउने | २०८३–२०८६ | ९०० | प्रभावित परिवारलाई शीघ्र राहत तथा पुनःस्थापना सहयोग उपलब्ध हुने |
| **जम्मा** | | | | **३,०००** | |

### ७.४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | २,५०० | १,३०० | १,२०० | ३७५ | १,५०० | ६२५ |
| २०८४/८५ | २,७०० | १,४०० | १,३०० | ४०५ | १,६२० | ६७५ |
| २०८५/८६ | ३,००० | १,५०० | १,५०० | ४५० | १,८०० | ७५० |
| **जम्मा** | **८,२००** | **४,२००** | **४,०००** | **१,२३०** | **४,९२०** | **२,०५०** |

## परिच्छेद ८ :

## संस्थागत विकास तथा सुशासन क्षेत्र

### ८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

### ८.१.१ पृष्ठभूमि

संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम स्थानीय सरकारको शासन प्रणालीलाई जनमुखी, सक्षम, पारदर्शी र जवाफदेही बनाउनु सुशासनको मूल मर्म हो। संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकाससँगै नगरपालिकाले सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त र नतिजामूलक बनाई नागरिकको सेवामा पहुँच अभिवृद्धि गर्ने प्रयास गरिरहेको छ। नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, र जनलेखा परीक्षण जस्ता विधिहरू मार्फत नगरपालिकाले आफूलाई जवाफदेही बनाउँदै लगेको छ।

बदलिँदो परिवेशमा विकास व्यवस्थापन र सेवा प्रवाहमा सिर्जनशीलता तथा प्रविधिमैत्री उपायहरूको खोजी गर्नु आवश्यक छ। आगामी दिनमा नगरपालिकाले संगठनात्मक सुदृढीकरण, कर्मचारी व्यवस्थापन तथा अन्तर-सरकार, निजी क्षेत्र र नागरिक समाजसँगको साझेदारी (PPP Model) मार्फत सेवा वितरणलाई चुस्त बनाउने नीति लिएको छ। सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण, न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) को कार्यान्वयन र प्रविधिको उच्चतम् उपयोग गर्दै सुशासनको प्रत्याभूति दिलाउनु नगरपालिकाको प्राथमिकता रहेको छ।

### ८.१.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्याहरू*

- **प्रविधिको अपर्याप्त प्रयोगः** सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि र आधुनिक व्यवस्थापन औजारहरूको पूर्ण उपयोग हुन नसक्नु।
- **समन्वयको अभावः** अन्तर-सरकारी निकायहरू, निजी क्षेत्र र गैर-सरकारी संस्थाहरूसँगको प्रभावकारी समन्वय र साझेदारीको कमी।
- **क्षमता विकासः** जनप्रतिनिधि र कर्मचारीको कार्यसम्पादन क्षमतामा समयसापेक्ष सुधारको खाँचो।

*ख) चुनौती तथा जोखिमहरू*

- **जवाफदेहिता र पारदर्शिताः** सेवा प्रवाहमा निष्पक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नागरिकको विश्वास आर्जन गर्नु।
- **समयबद्ध कार्यसम्पादनः** विकास निर्माणका कार्यहरूलाई गुणस्तरीय तवरले समयमै सम्पन्न गरी नतिजा हासिल गर्नु।
- **भौगोलिक कठिनाइः** विकट भौगोलिक अवस्थाका कारण सेवा र सूचना प्रवाहमा समान पहुँच सुनिश्चित गर्नु।
- **गुनासो सम्बोधनः** नागरिकका जनचासो र गुनासोहरूलाई समयमै सम्बोधन गरी सुशासनको अनुभूति दिलाउनु।

### ८.१.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू (Strengths)*

- **पूर्वाधार विकासः** नगरपालिकाको आफ्नै कार्यालय भवन र वडा कार्यालयहरूबाट सेवा प्रवाह हुनु।
- **कानुनी आधारः** प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आउनु र सुशासन नगरपालिकाको उच्च प्राथमिकतामा रहनु।
- **सचेत नागरिकः** स्थानीय समुदायमा राजनीतिक चेतनाको स्तर वृद्धि हुनु र नगरपालिकाको काम कारबाहीमा नागरिक निगरानी बढ्नु।

*ख) सम्भावना र अवसरहरू*

- **सहभागितामूलक शासनः** योजना तर्जुमा, अनुगमन र कार्यान्वयनमा नागरिक सहभागिताको पद्धतिलाई थप संस्थागत गर्न सकिने।
- **डिजिटल सेवाः** सूचना प्रविधिको प्रयोगबाट 'घरदैलोमै सेवा' को अवधारणालाई साकार पार्न सकिने।
- **साझेदारीः** निजी क्षेत्र र विकास साझेदारहरूसँगको समन्वयमा थप गुणस्तरीय सेवा प्रदान गर्न सकिने।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोचः** जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था तथा सार्वजनिक सेवामा नागरिकको समान पहुँच।

**लक्ष्य** नगरपालिकाको शासन प्रणालीलाई समावेशी, जनमुखी, परिणाममुखी र पारदर्शी बनाउने।

*उद्देश्यहरू*

१. सुशासन प्रवर्द्धनका लागि आवश्यक कानुनी र नीतिगत पूर्वाधारहरूको निर्माण एवं कार्यान्वयन गर्नु। २. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी, छिटो-छरितो र प्रभावकारी बनाउनु।

### ८.१.५ सेवा प्रवाह तथा सुशासन उपक्षेत्रको मध्यमकालीन सूचक

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ (उपलब्धि) | २०८२/८३ (आधार वर्ष) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| २ | नागरिक वडापत्र कार्यान्वयन (सेवा केन्द्र) | संख्या | १० | १० | १० | १० | १० |
| ३ | सार्वजनिक सुनुवाइ (पालिका तथा वडा) | संख्या | ९ | ९ | ९ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | उजुरी पेटिका व्यवस्थापन भएका वडा | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| ५ | प्रगति विवरण प्रकाशन (त्रैमासिक/वार्षिक) | संख्या | १ | २ | ३ | ४ | ४ |
| ६ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ |
| ७ | घुम्ती स्थानीय सरकार कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ |

८.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय ऐन, नीति तथा कार्यविधि निर्माण एवं परिमार्जन कार्यक्रम | संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप आवश्यक कानुन निर्माण र अद्यावधिक गर्ने | २०८३—२०८६ | ६,५०० | • आवश्यक स्थानीय ऐन, नियमावली तथा कार्यविधि समयमै तर्जुमा तथा संशोधन हुने। • कानुनी आधारमा सेवा प्रवाह प्रभावकारी हुने। |
| २ | न्यायिक समिति सुदृढीकरण तथा मेलमिलाप प्रवर्द्धन कार्यक्रम | स्थानीय विवादको छिटो, सरल र न्यायपूर्ण समाधान सुनिश्चित गर्ने | २०८३—२०८६ | ५,००० | • न्यायिक समितिको क्षमता अभिवृद्धि हुने। • मेलमिलापबाट समाधान हुने विवादको संख्या वृद्धि हुने। |
| ३ | सुशासन, पारदर्शिता तथा सामाजिक उत्तरदायित्व कार्यक्रम | सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता बढाउने | २०८३—२०८६ | ८,५०० | • सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण नियमित सञ्चालन हुने। • नागरिक सन्तुष्टि वृद्धि हुने। |
| ४ | भ्रष्टाचार न्यूनीकरण तथा गुनासो व्यवस्थापन प्रणाली सुदृढीकरण | गुनासो सुनुवाइ प्रणालीलाई प्रविधिमैत्री र प्रभावकारी बनाउने | २०८३—२०८६ | ४,५०० | • डिजिटल गुनासो व्यवस्थापन प्रणाली सञ्चालन हुने। • गुनासो फछ्र्यौट दर ९०% भन्दा माथि पुग्ने। |
| ५ | मानव अधिकार, नागरिक सचेतना तथा | नागरिकलाई कानुनी अधिकार तथा | २०८३—२०८६ | ६,००० | • महिला, दलित, ज्येष्ठ नागरिक तथा विपन्न समुदायमा कानुनी पहुँच |

| | | | | | |
|---|---|---|---|---|---|
| | कानुनी सहायता कार्यक्रम | कर्तव्यबारे सचेतना अभिवृद्धि गर्ने | | | विस्तार हुने। • निःशुल्क कानुनी परामर्श सेवा सञ्चालन हुने। |
| ६ | ई—गभर्नेन्स तथा डिजिटल सेवा प्रवाह कार्यक्रम | सूचना प्रविधिमार्फत छिटो, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्ने | २०८३—२०८६ | १०,००० | • अनलाइन सेवा विस्तार हुने। • डिजिटल अभिलेख तथा सेवा प्रणाली कार्यान्वयन हुने। |
| ७ | कर्मचारी आचारसंहिता, संस्थागत सुशासन तथा अनुगमन कार्यक्रम | संस्थागत अनुशासन, कार्यसम्पादन र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने | २०८३—२०८६ | ७,५०० | • कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी हुने। • आन्तरिक नियन्त्रण तथा अनुगमन प्रणाली सुदृढ हुने। |
| ८ | नागरिक सहभागिता, सार्वजनिक संवाद तथा क्रमागत सुशासन कार्यक्रम | सहभागितामूलक योजना, बजेट तथा सार्वजनिक निर्णय प्रक्रियालाई संस्थागत गर्ने | २०८३—२०८६ | १२,४५० | • वडा तथा नगरस्तरीय नागरिक संवाद नियमित हुने। • सहभागितामूलक शासन प्रणाली संस्थागत हुने। |
| **जम्मा** | | | | **६०,४५०** | |

### ८.१.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | १८,९५० | १५,५०० | ३,४५० | २,८४३ | ११,३७० | ४,७३७ |
| २०८४/८५ | २०,००० | १६,००० | ४,००० | ३,००० | १२,००० | ५,००० |
| २०८५/८६ | २१,५०० | १६,५०० | ५,००० | ३,२२५ | १२,९०० | ५,३७५ |
| **जम्मा** | **६०,४५०** | **४८,०००** | **१२,४५०** | **९,०६८** | **३६,२७०** | **१५,११२** |

## ८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास

### ८.२.१ पृष्ठभूमि

ढोरपाटन नगरपालिकाको आवधिक योजना, विकास निर्माण र प्रभावकारी सेवा प्रवाहका लागि संस्थागत सुदृढीकरण र सक्षम मानव संसाधन अपरिहार्य छ। नेपालको संविधान (धारा २१४, २१८, २१९) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई आफ्नो अधिकार क्षेत्रभित्र रहेका कार्यहरू सम्पादन गर्न आवश्यक प्रशासनिक, संगठनात्मक र कानुनी संरचना निर्माण गर्ने अधिकार प्रदान गरेको छ।

नगरपालिकाले हालसम्म ५१ वटा ऐन, नियमावली र कार्यविधिहरू तर्जुमा गरी कानुनी आधार तयार गरिसकेको छ। यद्यपि, संघीय संरचना अनुरूपको अधिकार प्रयोग गर्न र जनतालाई घरदैलोमै गुणस्तरीय सेवा उपलब्ध गराउन

नगरपालिकाको संगठनात्मक संरचनामा सुधार, दक्ष जनशक्तिको पदपूर्ति, कर्मचारीको क्षमता विकास र सूचना प्रविधिमा आधारित कार्यप्रणालीको अवलम्बन गर्नु अहिलेको मुख्य आवश्यकता हो। 'गुणस्तरीय मानव संसाधन र चुस्त सेवा प्रवाह' को सोचका साथ संस्थागत क्षमता विकासमा नगरपालिका केन्द्रित रहेको छ।

### ८.२.२ समस्या, चुनौती तथा जोखिमहरू

#### *क) समस्याहरू*

- **विज्ञताको कमीः** संघीयताको मर्म अनुरूप कार्यसम्पादन गर्न आवश्यक प्राविधिक र विज्ञ जनशक्तिको अभाव।
- **प्रणालीगत कमजोरीः** सूचना प्रविधिको प्रयोग र आधुनिक व्यवस्थापन औजारहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु।
- **क्षमता विकासः** कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न आवश्यक प्रोत्साहन र प्रशिक्षण प्रणालीको अभाव।
- **प्रशासनिक अनुशासनः** प्रशासनिक कार्यप्रणालीमा अनुशासन र सेवाभावमा सुधारको खाँचो।

#### *ख) चुनौती तथा जोखिमहरू*

- **पदपूर्ति र दरबन्दीः** नगरपालिकाका विभिन्न शाखाहरूमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाह प्रभावित हुनु।
- **समन्वय र समायोजनः** संघ, प्रदेश र स्थानीय तहबीच कर्मचारी व्यवस्थापनमा देखिएका जटिलता।
- **नतिजामुखी प्रणालीः** अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक र नतिजामुखी बनाउनु।

### ८.२.३ सम्भावना तथा अवसरहरू

#### *क) सबल पक्षहरू (Strengths)*

- **संस्थागत आधारः** मानव संसाधन र संस्थागत विकासका लागि आवश्यक गठन आदेश तथा नीतिगत व्यवस्था हुनु।
- **मनोबलः** निर्वाचित पदाधिकारी र कर्मचारीहरूमा सेवाप्रतिको निष्ठा, दृढता र जवाफदेहिताको विकास।

#### *ख) सम्भावना र अवसरहरू*

- **क्षमता विकासः** कर्मचारी र जनप्रतिनिधिको निरन्तर क्षमता विकास तालिम र प्रोत्साहन प्रणाली।
- **डिजिटल रूपान्तरणः** सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम् प्रयोग गरी कार्यदक्षता बढाउने।
- **संस्थागत सुधारः** संगठन तथा व्यवस्थापन (O&M) सर्भेमार्फत चुस्त संगठनात्मक संरचनाको निर्माण।

### ८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोचः** गुणस्तरीय मानव संसाधन र चुस्त सेवा प्रवाह।

**लक्ष्यः** संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकासमार्फत सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्ने।

*उद्देश्यहरू*

१. स्थानीय शासन, विकास नीति र कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु। २. स्थानीय सेवाको संगठन, व्यवस्थापन र जनशक्तिको कार्यदक्षतामा अभिवृद्धि गर्नु।

८.२.५ मानव संसाधन तथा संस्थागत क्षमता विकास उपक्षेत्रको मध्यमकालीन सूचक

| **क्र.सं.** | **सूचक** | **एकाइ** | **२०८१/८२ (उपलब्धि)** | **२०८२/८३ (आधार वर्ष)** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | नगरपालिका/वडा कार्यालय भवन | संख्या | ५ | १० | १० | १० | १० |
| २ | स्वीकृत सङ्गठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन | संख्या | ० | १ | ० | ० | १ |
| ३ | कार्यरत प्राविधिक मानव संसाधन | संख्या | १२ | १३ | १५ | १८ | २० |
| ४ | करार कर्मचारीको अनुपात (कुल दरबन्दीको) | प्रतिशत | ७० | ६६ | ६३ | ५७ | ५० |
| ५ | रिपोर्ट/प्रपोजल लेख्न सक्ने जनशक्ति | संख्या | ० | १ | ० | २ | ३ |
| ६ | क्षमता विकास तालिम (जनप्रतिनिधि/कर्मचारी) | संख्या | १ | १ | १ | १ | २ |
| ७ | उत्कृष्ट कर्मचारी पुरस्कार | संख्या | ० | १ | १ | १ | १ |
| ८ | निजी क्षेत्रसँगको औपचारिक अन्तरक्रिया | संख्या | ० | १ | १ | १ | २ |
| ९ | प्रविधिमैत्री सेवा (राजस्व, सामाजिक सुरक्षा आदि) | संख्या | १ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

८.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| **क्र.सं.** | **कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि** | **कुल लागत (रु. हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कर्मचारी क्षमता विकास तथा विषयगत तालिम | कर्मचारीको दक्षता अभिवृद्धि गर्ने | २०८३–२०८६ | २०,००० | दक्ष जनशक्ति विकास हुने |
| २ | कर्मचारी तलब, भत्ता तथा सेवा सुविधा | गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने | २०८३–२०८६ | ३७५,००० | सेवा प्रवाह प्रभावकारी हुने |
| ३ | सूचना प्रविधिमा आधारित कार्यालय व्यवस्थापन | प्रशासनलाई डिजिटल बनाउने | २०८३–२०८६ | १२,००० | ई-गभर्नेन्स सुदृढ हुने |
| ४ | कार्यालय सञ्चालन तथा प्रशासनिक व्यवस्थापन | नियमित प्रशासन सञ्चालन गर्ने | २०८३–२०८६ | ५३,२०० | कार्यालय सञ्चालन व्यवस्थित हुने |
| **जम्मा** | | | | **४६०,२००** | |

### ८.२.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | **१,३८,४००** | १,२८,००० | १०,४०० | २०,७६० | ८३,०४० | ३४,६०० |
| २०८४/८५ | **१,५२,०००** | १,३७,५०० | १४,५०० | २२,८०० | ९१,२०० | ३८,००० |
| २०८५/८६ | **१,६९,८००** | १,५०,८०० | १९,००० | २५,४७० | १,०१,८८० | ४२,४५० |
| **जम्मा** | **४६०,२००** | **४,१६,३००** | **४३,९००** | **६९,०३०** | **२,७६,१२०** | **१,१५,०५०** |

## ८.३ वित्तिय श्रोत परिचालन

### ८.८.१ पृष्ठभूमि

नागरिकले तिरेको करबाट राज्य सञ्चालन हुनु लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत सिद्धान्त हो। ढोरपाटन नगरपालिकाको वित्तीय सुदृढीकरणका लागि आन्तरिक आयको दायरा फराकिलो बनाउनु, करको आधार पहिचान गर्नु र प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणालीको विकास गर्नु अपरिहार्य छ। नगरपालिकाले 'उत्पादनमुखी अर्थतन्त्र र स्वरोजगार वृद्धि' लाई कर वृद्धिको आधारस्तम्भका रूपमा लिएको छ। राजस्व चुहावट नियन्त्रण, करदाता शिक्षा र करमैत्री प्रशासनको माध्यमबाट नगरलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने लक्ष्य नगरपालिकाले राखेको छ। राजस्व अधिकार र यसको महत्त्वबारे समुदायलाई सुसूचित गर्दै पारदर्शी र उत्तरदायी राजस्व प्रशासन कायम गर्नु यस उपक्षेत्रको मुख्य कार्यभार हो।

### ८.८.२ समस्या, चुनौती तथा जोखिमहरू

*क) समस्या*

- **नीतिगत अस्पष्टताः** राजस्व सम्बन्धी ऐन, कार्यविधि र दररेटको पूर्ण अद्यावधिक नहुनु तथा सम्भाव्यता विश्लेषणको अभाव।
- **करदाता शिक्षाको कमीः** कर प्रशासन र करदाताबीचको समन्वयमा कमी हुनु र करको सदुपयोगबारे जानकारीको अभावमा करदातामा निराशा देखिनु।
- **करको दायराः** अधिकांश व्यावसायिक तथा आर्थिक क्रियाकलापहरू करको दायराभन्दा बाहिर रहनु।

*ख) चुनौती तथा जोखिमहरू*

- **स्रोत व्यवस्थापन**ः आन्तरिक राजस्वबाट प्रशासनिक खर्च धान्न सक्ने गरी राजस्व वृद्धि गर्नु।
- **कर प्रशासनको सुदृढीकरण**ः कर प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री र करदातामैत्री बनाउनु।
- **दायरा विस्तार**ः अनौपचारिक क्षेत्रमा रहेका सबै करदाताहरूलाई कानुनी दायराभित्र ल्याउनु।

### ८.८.३ सम्भावना तथा अवसरहरू

*क) सबल पक्षहरू*

- **कानुनी अधिकार**ः संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेका वित्तीय अधिकारहरू।
- **चेतना**ः 'हाम्रो कर, हाम्रो विकास' भन्ने भावनाको विकास हुँदै जानु र कर प्रशासनमा प्रविधिको प्रयोग बढ्दै जानु।

*ख) सम्भावना र अवसरहरू*

- **आर्थिक विकास**ः कृषि, उद्योग र प्राकृतिक स्रोतमा आधारित व्यवसायहरूको प्रवद्र्धन गरी करको दायरा फराकिलो बनाउन सकिने।
- **प्रविधिमैत्री प्रशासन**ः अनलाइन राजस्व सङ्कलन प्रणाली र डिजिटल डेटाबेसको प्रयोगबाट राजस्व चुहावट नियन्त्रण गर्न सकिने।

### ८.८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति

**सोच** : सवल, पारदर्शी र व्यवस्थित आन्तरिक आय।

**लक्ष्य** : सार्वजनिक आयलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई दिगो विकासलाई प्रभावकारी बनाउने।

*उद्देश्यहरू*

१. आन्तरिक र बाह्य स्रोत परिचालनमा वृद्धि गरी राजस्व प्रणालीलाई सुदृढ बनाउनु।
२. राजस्व प्रशासनलाई थप सक्षम, आधुनिक र करदातामैत्री बनाउनु।

### ८.८.५ राजस्व परिचालन उपक्षेत्रको मध्यमकालीन सुचक

| **क.सं.** | **सूचक** | **एकाइ** | **२०८१/८२ (उपलब्धि)** | **२०८२/८३ (आधार वर्ष)** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
| **१** | आन्तरिक राजस्वमा वृद्धि | प्रतिशत | १० | १२ | १३ | १५ | १७ |
| **२** | आन्तरिक आयको कुल बजेटमा हिस्सा | प्रतिशत | ६.६७ | ६.७ | ६.७५ | ६.८० | ६.९० |
| **३** | संघीय अनुदान | प्रतिशत | ६७.७७ | ६८.६० | ६८.७० | ६८.४० | ६८.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | राजस्व बाँडफाँट | प्रतिशत | २१.८० | २०.१० | २०.२० | २०.२५ | २०.३० |
| ५ | प्रदेश अनुदान | प्रतिशत | ३.७० | ४.०० | ४.२० | ४.३५ | ४.५० |
| ६ | राजस्व सुधार कार्ययोजना/कर परामर्श केन्द्र | संख्या | ० | १ | ० | ० | १ |
| ७ | शिक्षित करदाता (तालिम/अभिमुखीकरण) | संख्या | ० | ५ | ५ | ५ | १० |
| ८ | ठूला करदाता सम्मान कार्यक्रम | संख्या | ० | १ | ० | १ | १ |
| ९ | सार्वजनिक आय-व्यय प्रतिवेदन | अवस्था | भएको | भएको | भएको | भएको | भएको |

### ८.८.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व सुधार तथा कर प्रशासन सुदृढीकरण कार्यक्रम | आन्तरिक आय वृद्धि गरी पालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्ने | २०८३–२०८६ | ६०० | • आन्तरिक राजस्व वार्षिक न्यूनतम १५% वृद्धि हुने। • करदाताको दायरा विस्तार हुने। |
| २ | राजस्व सूचना प्रणाली तथा डिजिटल कर प्रशासन कार्यक्रम | राजस्व सङ्कलनलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउने | २०८३–२०८६ | ५०० | • अनलाइन राजस्व प्रणाली सञ्चालन हुने। • कर भुक्तानी प्रक्रिया सरल र सहज हुने। |
| ३ | करदाता शिक्षा, जनचेतना तथा कर सहभागिता कार्यक्रम | स्वेच्छिक कर सहभागिता र कर संस्कृतिको विकास गर्ने | २०८३–२०८६ | ४०० | • प्रत्येक वर्ष करदाता अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने। • करदाता अनुपालनमा वृद्धि हुने। |
| ४ | सार्वजनिक–निजी साझेदारी (PPP), लगानी तथा वैकल्पिक स्रोत परिचालन कार्यक्रम | निजी क्षेत्र, विकास साझेदार तथा अन्य स्रोतबाट लगानी आकर्षित गर्ने | २०८३–२०८६ | ६०० | • PPP अवधारणामा परियोजना विकास हुने। • बाह्य लगानी तथा अनुदान परिचालन वृद्धि हुने। |
| ५ | सम्पत्ति अभिलेखीकरण, कर आधार विस्तार तथा स्रोत सम्भाव्यता अध्ययन | करयोग्य सम्पत्ति तथा राजस्वका नयाँ आधार पहिचान गर्ने | २०८३–२०८५ | ४०० | • सम्पत्ति अभिलेख अद्यावधिक हुने। • नयाँ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | राजस्व स्रोत पहिचान हुने। |
| ६ | वित्तीय स्रोत परिचालन तथा क्रमागत राजस्व सुधार कार्यक्रम | मध्यमकालीन वित्तीय योजना कार्यान्वयन गर्दै स्रोत परिचालनलाई संस्थागत गर्ने | २०८३—२०८६ | ५०० | • स्रोत परिचालन रणनीति कार्यान्वयन हुने। • वित्तीय दिगोपनमा सुधार आउने। |
| **जम्मा** | | | | **३,०००** | |

### ८.८.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ९०० | ८०० | १०० | १३५ | ५४० | २२५ |
| २०८४/८५ | १,००० | ८५० | १५० | १५० | ६०० | २५० |
| २०८५/८६ | १,१०० | ९०० | २०० | १६५ | ६६० | २७५ |
| **जम्मा** | **३,०००** | **२,५५०** | **४५०** | **४५०** | **१,८००** | **७५०** |

## ४.१३ योजना व्यवस्थापन तथा अनुगमन

### ४.१३.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक योजना तर्जुमा | योजनाबद्ध विकास प्रणालीलाई संस्थागत गर्दै स्रोत र योजनाबीच समन्वय कायम गर्ने | २०८३—२०८६ | १,४०० | • आवधिक योजना, MTEF तथा वार्षिक योजना समयमै तयार हुने। • योजना र बजेटबीच तादात्म्यता कायम हुने। |
| २ | आयोजना अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा कार्यक्रम | विकास आयोजनाको गुणस्तर, समय र लागत नियन्त्रण सुनिश्चित गर्ने | २०८३—२०८६ | १,८०० | • त्रैमासिक तथा वार्षिक अनुगमन नियमित हुने। • आयोजना सम्पन्न हुने दर र गुणस्तरमा सुधार आउने। |
| ३ | GIS, MIS तथा डिजिटल योजना सूचना प्रणाली विकास | योजना व्यवस्थापनलाई सूचना | २०८३—२०८६ | ९०० | • डिजिटल आयोजना बैंक र GIS आधारित सूचना प्रणाली सञ्चालन हुने। • योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रविधिमैत्री र तथ्यमा आधारित बनाउने | | | सम्बन्धी तथ्याङ्क अद्यावधिक हुने। |
| ४ | उपभोक्ता समिति, योजना व्यवस्थापन तथा अनुगमन क्षमता विकास | उपभोक्ता समिति, जनप्रतिनिधि तथा कर्मचारीको योजना व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने | २०८३–२०८६ | १,००० | • उपभोक्ता समितिका पदाधिकारीहरूलाई नियमित तालिम प्रदान हुने। • योजना कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता वृद्धि हुने। |
| ५ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा क्रमागत योजना व्यवस्थापन कार्यक्रम | योजनाको पारदर्शिता, जवाफदेहिता तथा नागरिक सहभागिता सुनिश्चित गर्ने | २०८३–२०८६ | ३,१०० | • सबै प्रमुख योजनामा सार्वजनिक परीक्षण र सामाजिक परीक्षण सम्पन्न हुने। • योजनाको प्रभावकारिता तथा जवाफदेहितामा सुधार आउने। |
| **जम्मा** | | | | **८,२००** | |

### ४.१३.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | आन्तरिक स्रोत (१५%) | संघीय सरकार (६०%) | प्रदेश सरकार (२५%) |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | २,५०० | १,७०० | ८०० | ३७५ | १,५०० | ६२५ |
| २०८४/८५ | २,७०० | १,८०० | ९०० | ४०५ | १,६२० | ६७५ |
| २०८५/८६ | ३,००० | १,९०० | १,१०० | ४५० | १,८०० | ७५० |
| **जम्मा** | **८,२००** | **५,४००** | **२,८००** | **१,२३०** | **४,९२०** | **२,०५०** |

## ४.१४ संघीय तथा प्रदेश सशर्त, समपूरक तथा विशेष कार्यक्रम

### ४.१४.६ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | सूचकसँगको सामञ्जस्यता तथा अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त कार्यक्रम (शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक सुरक्षा लगायत) | संघीय सरकारबाट प्राप्त सशर्त कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | २०८३–२०८६ | ३८५,००० | शिक्षा, स्वास्थ्य, कृषि तथा सामाजिक सुरक्षा सेवाको पहुँच र गुणस्तरमा सुधार हुने। |
| २ | प्रदेश सशर्त कार्यक्रम | प्रदेश सरकारबाट प्राप्त कार्यक्रमहरूको | २०८३–२०८६ | ७५,००० | प्रदेशस्तरीय प्राथमिकताका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रभावकारी कार्यान्वयन गर्ने | | | पूर्वाधार तथा सेवा विस्तार हुने। |
| ३ | समपूरक अनुदान अन्तर्गत पूर्वाधार विकास कार्यक्रम | ठूला पूर्वाधार आयोजना निर्माणमा साझेदारी बढाउने | २०८३—२०८६ | २००,००० | सडक, पुल, भवन तथा अन्य पूर्वाधार निर्माण सम्पन्न हुने। |
| ४ | विशेष अनुदान कार्यक्रम | विशेष आवश्यकता भएका क्षेत्रको समावेशी विकास गर्ने | २०८३—२०८६ | ९०,००० | पिछडिएका तथा जोखिमयुक्त क्षेत्रको विकासमा सहयोग पुग्ने। |
| ५ | शिक्षा तथा स्वास्थ्य पूर्वाधार सुदृढीकरण कार्यक्रम | विद्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरूको स्तरोन्नति गर्ने | २०८३—२०८६ | ११०,००० | विद्यालय तथा स्वास्थ्य संस्थाको सेवा क्षमता वृद्धि हुने। |
| ६ | कृषि, सिँचाइ तथा ग्रामीण पूर्वाधार कार्यक्रम | उत्पादनमुखी कृषि तथा ग्रामीण पूर्वाधार विकास गर्ने | २०८३—२०८६ | ७५,००० | कृषि उत्पादन तथा ग्रामीण पहुँचमा सुधार हुने। |
| ७ | विपद् पुनर्निर्माण तथा जलवायु अनुकूलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र पुनर्निर्माणलाई प्रभावकारी बनाउने | २०८३—२०८६ | ६९,८२१ | विपद् प्रतिरोधी संरचना तथा जलवायु अनुकूलन क्षमता अभिवृद्धि हुने। |
| **जम्मा** | | | | **१,००४,८२१** | |

### ४.१४.७ विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | कुल बजेट | चालु | पुँजीगत | संघीय सरकार | प्रदेश सरकार | स्थानीय साझेदारी/आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३१९,९७१ | २२०,१४९ | ९९,८२२ | २५५,९७७ | ५६,००० | ७,९९४ |
| २०८४/८५ | ३३४,८५० | २२२,८५० | ११२,००० | २६७,८८० | ५८,५०० | ८,४७० |
| २०८५/८६ | ३५०,००० | २१९,७०० | १३०,३०० | २८०,००० | ६१,००० | ९,००० |
| **जम्मा** | **१,००४,८२१** | **६६२,६९९** | **३४२,१२२** | **८०३,८५७** | **१७५,५००** | **२५,४६४** |